# नेपाली कांग्रेसको नियमावली, २०७६

नेपाली कांग्रेस
केन्द्रीय कार्यालय

प्रकाशक
नेपाली कांग्रेस केन्द्रीय कार्यालय,
बी.पी. नगर, सानेपा, ललितपुर, नेपाल
टेलिफोन : ५१८३२६३/५१८३२६४/५१८३२६६/५१८३१८९
फ्याक्स : ५१८३१८८
E-mail : info@nepalicongress.org
Internet Access: www.nepalicongress.org

नेपाली कांग्रेसको नियमावली, २०७६

(नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको २०७६ असार २९ गते बसेको बैठकद्वारा नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन सहित) को धारा ४८ अनुसार नेपाली कांग्रेसको नियमावली २०७६ पारित गरी लागु गरिएको छ ।)

प्रथम संस्करण : २०७६ मंसिर,

सर्वाधिकार : नेपाली कांग्रेस केन्द्रीय कार्यालयमा सुरक्षित

**सहयोग : रु. १००।-**

© नेपाली कांग्रेस केन्द्रीय कार्यालय

मुद्रक :
.....................................
.....................................

# विषयसूची


| शीर्षक | | पृष्ठ |
|---|---|---|
| प्रस्तावना | | १ |
| परिच्छेद -१ | संक्षिप्त नाम, प्रारम्भ र परिभाषा | १ |
| परिच्छेद -२ | सदस्यता सम्बन्धी व्यवस्था (सदस्यता प्राप्ति र नवीकरण, सदस्यता दर्ता किताब, उजुरी र पुनरावेदन, सदस्यता व्यवस्थापन केन्द्रीय समिति) | २ |
| परिच्छेद -३ | स्थानीय तह संगठन र काम, कर्तव्य र अधिकार | ९ |
| परिच्छेद -४ | प्रदेश सम्बन्धी व्यवस्था (प्रदेश सम्मेलन कार्यविधि, प्रदेश विभाग, प्रदेश सभापतिको राजीनामा, प्रदेश पार्टी कोष) | १२ |
| परिच्छेद -५ | विदेशस्थित नेपाली जनसम्पर्क समिति | २५ |
| परिच्छेद -६ | पदाधिकारी र कार्यविभाजन | २७ |
| परिच्छेद -७ | पार्टीको कोष र कोषको बाँडफाँड | २८ |
| परिच्छेद -८ | उम्मेदवार र मतदाताको योग्यता, अभिलेख अद्यावधि सम्बन्धी व्यवस्था | ३० |
| परिच्छेद -९ | आचारसंहिता | ३२ |
| परिच्छेद -१० | अनुशासन सम्बन्धी व्यवस्था | ३५ |
| परिच्छेद -११ | केन्द्रीय निर्वाचन समिति | ३९ |
| परिच्छेद -१२ | केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान | ४० |
| परिच्छेद -१३ | लेखासमिति, कोष निर्माण तथा संचालन समिति | ४२ |
| परिच्छेद -१४ | भ्रातृ संघ तथा शुभेच्छुक संस्था | ४४ |
| परिच्छेद -१५ | काम, कर्तव्य र अधिकार (क्रियाशील सदस्य, जिल्ला कार्यसमितिका कोषाध्यक्ष, सचिव, प्रदेश कार्यसमितिका सदस्य, कोषाध्यक्ष, महामन्त्री, केन्द्रीय कार्यसमितिका सदस्यको काम, कर्तव्य र अधिकार) | ४८ |
| परिच्छेद -१६ | पार्टी केन्द्रीय कार्यालय र प्रदेश कार्यालय | ५२ |
| परिच्छेद -१७ | केन्द्रीय विभाग, अन्य निकायमा शाखा, अनुगमन सम्बन्धी व्यवस्था | ५५ |
| परिच्छेद -१८ | विविध | ६० |
| अनुसूची<br>(अनुसूची खण्ड क) (अनुसूची खण्ड ख) | | ६५ |

# नेपाली कांग्रेसको नियमावली, २०७६

प्रस्तावना : नेपाली कांग्रेसको विधान २०१७ (संशोधन सहित) लाई कार्यान्वयन गरी नेपाली कांग्रेसका सदस्यको स्वाभिमान र आत्मसम्मानको कदर गर्दै, अनुशासित, मर्यादित र सक्रिय बनाउँदै, पार्टीको आदर्श र उद्देश्य प्राप्तिका लागि, संगठनलाई सशक्त र सुदृढ रूपले संचालन गर्न, पार्टीको विधानमा गरिएका संशोधनका विषयलाई समेटेर पार्टीको नियमावली बनाउन वाञ्छनीय भएकोले, नेपाली कांग्रेसको विधान २०१७ (संशोधन सहित) को धारा ४८ बमोजिम नेपाली कांग्रेसको नियमावली २०७६ बनाई लागु गरिएको छ ।

## परिच्छेद – १

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो नियमावलीको नाम "नेपाली कांग्रेसको नियमावली, २०७६" रहनेछ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा :–**

(१) "विधान" भन्नाले नेपाली कांग्रेसको विधान, २०१७ (संशोधन सहित) लाई बुझाउनेछ ।

(२) "प्रमाणपत्र" भन्नाले नेपाली कांग्रेसको सदस्यताको प्रमाणपत्र, नेपाली कांग्रेसको क्रियाशील सदस्यताको प्रमाणपत्र, पार्टीद्वारा मान्यताप्राप्त भ्रातृ संघ, शुभेच्छुक संस्था, जिल्ला सम्पर्क समिति, विदेशस्थित नेपाली जनसम्पर्क समितिलाई दिइने मान्यतापत्रलाई बुझाउनेछ । सो शब्दले पार्टीको विधान बमोजिम प्रदान गरिने अभिनन्दन, सम्मान वा कदरपत्र समेतलाई बुझाउनेछ ।

(३) "अधिकारी" भन्नाले पार्टीको पदाधिकारी वा पार्टीद्वारा निश्चित कार्यको जिम्मा दिइएको पदाधिकारी वा निकाय वा सदस्यलाई बुझाउनेछ ।

(४) "परिपत्र" भन्नाले केन्द्रले जारी गरेको लिखित निर्देशनलाई बुझाउनेछ । सो शव्दले प्रदेश कार्यसमितिले मातहतका निकायलाई गरेको लिखित निर्देशन समेत बुझिनेछ ।

(५) "समावेशी" भन्नाले सबै जातजाति, समुदाय, लिङ्ग, क्षेत्रको प्रतिनिधित्वलाई जनाउनेछ । यसले नेपालको संविधानले प्रतिनिधित्व सुनिश्चित गर्न उल्लेख गरेको विविध समुदायको प्रतिनिधित्व गर्ने व्यवस्थालाई समेत बुझाउनेछ ।

(६) "महिला", "दलित", "आदिवासी जनजाति", "खसआर्य", "मधेशी", "थारु", "मुस्लिम", "अल्पसंख्यक", "अपाङ्गता", "पिछडिएको क्षेत्र" भन्नाले (पार्टीको विधान र यस नियमावली बमोजिम पार्टीमा प्रतिनिधित्व गर्ने प्रयोजनका लागि) तत् तत् समुदाय बारे प्रचलित नेपाल कानुनले परिभाषित गरे बमोजिम

बुझिनेछ ।

(७) "लाभको पद" भन्नाले प्रचलित नेपाल कानुनले लाभको पद भनी तोकेको पदलाई बुझाउनेछ ।

(८) "निकाय" भन्नाले विधानको धारा ३ (५) का अतिरिक्त पार्टीबाट मान्यताप्राप्त विदेशस्थित नेपाली जनसम्पर्क समितिलाई समेत जनाउनेछ ।

(९) "प्रतिष्ठान" भन्नाले विधानको धारा ३६ बमोजिमको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानलाई बुझाउनेछ ।

## परिच्छेद–२

## सदस्यता सम्बन्धी व्यवस्था

**३. नेपाली कांग्रेसको सदस्यता प्राप्त गर्ने र नवीकरण गर्ने प्रक्रिया :**

(१) विधानको धारा ४ (१) बमोजिमको योग्यता पुगेको नेपाली नागरिकले अनुसूची -१ बमोजिमको सदस्यताको आवेदन फारम भरी रु. २०/- (बीस) शुल्क सहित बुझाएमा सदस्यताको आवेदन फारम बुझ्ने निकायले यथाशिघ्र सदस्यता प्रदान गरी माथिल्लो निकायमा विवरण पठाउनेछ ।

(२) नेपाली कांग्रेसको सदस्यता नवीकरण गर्न चाहने सदस्यले विधानको धारा ४ (६) बमोजिम प्रत्येक वर्ष आफू सदस्य रहेको वडा कार्यसमितिमा रु. २०/- (बीस) शुल्क सहित अनुसूची-१ बमोजिमको आवेदन गर्नु पर्नेछ । वडा कार्यसमितिले सदस्यता नवीकरण गर्नेछ ।

(३) नेपाली कांग्रेसको सदस्यता प्रदान गरेको वा नवीकरण गरेको सदस्यताको प्रमाणपत्रमा जिम्मेवारी प्राप्त अधिकारीको हस्ताक्षर हुनेछ । नेपाली कांग्रेसको सदस्यता प्राप्त गर्ने र नवीकरण गर्ने व्यक्तिलाई अनुसूची -१ बमोजिमको सदस्यता प्रमाणपत्र दिइनेछ ।

(४) नेपाली कांग्रेसको सदस्यताको प्रमाणपत्र हराएमा वा नष्ट भएमा रू. २०/- (बीस) शुल्क लिई "प्रतिलिपि" भन्ने शब्द लेखी गाउँ/नगर वडा वा गाउँ /नगर कार्यसमितिले पुनः प्रतिलिपि प्रमाणपत्र दिनेछ । यसरी प्रतिलिपि दिइएको व्यहोरा सम्बन्धित दर्ता किताबमा जनाई राख्नुपर्नेछ ।

**४. नेपाली कांग्रेसको सदस्यको दर्ता किताब :**

(१) नेपाली कांग्रेसको सदस्यको दर्ता किताब टोल, गाउँ/नगर वडा, गाउँ/नगर, प्रदेश सभा क्षेत्र, प्रतिनिधि सभा क्षेत्र, जिल्ला, प्रदेश र केन्द्रीय कार्यसमितिमा राखिनेछ ।

(२) नेपाली कांग्रेसको सदस्यताको दर्ता किताबमा सदस्यता प्रमाणपत्रमा उल्लेख भएको सम्पूर्ण व्यक्तिगत विवरण अनुसूची -२ बमोजिम राखिनेछ ।

(३) नेपाली कांग्रेसको सदस्यता प्रदान गर्ने प्रत्येक निकायले आफ्नो क्षेत्रभित्रका

नेपाली कांग्रेसका सदस्यको अद्यावधिक नामावलीको विवरण विधान बमोजिम प्रत्येक तीन महिनामा आफू भन्दा माथिल्लो निकायमा पठाउनु पर्नेछ । मातहतबाट विवरण प्राप्त गर्ने नियकाले सात दिनभित्र माथिल्लो निकायमा पठाउनु पर्नेछ ।

(४) नेपाली कांग्रेसको सदस्यताको प्रमाण-पत्र (सदस्यता प्याड) केन्द्रले गाउँपालिका/नगरपालिका वडा टोल कार्य समिति, वडा कार्यसमिति, गाउँपालिका/नगरपालिका कार्यसमिति, प्रदेश सभा क्षेत्रीय कार्यसमिति, प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति, जिल्ला कार्यसमिति र प्रदेश कार्यसमितिको जिम्मामा दिनेछ । केन्द्रबाट नेपाली कांग्रेसको सदस्यता प्रमाण-पत्र (सदस्यता प्याड) माग गर्दा आफूले मागेको जम्मा संख्याको हुन आउने कूल रकमको दश प्रतिशत रकम अग्रिम रूपमा बुझाई प्राप्त गर्नेछन् ।

(५) भ्रातृ संघ एवं शुभेच्छुक संस्थाको केन्द्रले नेपाली कांग्रेसको सदस्यताको प्रमाण-पत्र (सदस्यता प्याड) पार्टीको केन्द्रबाट सदस्यता शुल्क अग्रिम बुझाई प्राप्त गर्न सक्नेछ । यसरी प्राप्त गरेको सदस्यताको प्रमाण-पत्र (सदस्यता प्याड) मातहत निकायलाई दिनेछ । मातहत निकायले सम्बन्धित भ्रातृ संघ एवं शुभेच्छुक संस्थाका सदस्यलाई वितरण गर्नेछ ।

(६) भ्रातृ संघ एवं शुभेच्छुक संस्थाले सबै तहमा अनुसूचि-२ बमोजिमको नेपाली कांग्रेसको सदस्यता दर्ता किताब राख्नु पर्नेछ । उक्त दर्ता किताबमा नेपाली कांग्रेसको सदस्यताको अभिलेख अद्यावधि गरी प्रत्येक महिनाको विवरण आफ्नो तहको पार्टी निकायलाई पठाउनु पर्नेछ । यसरी प्राप्त हुन आएको विवरणलाई पार्टीको सबै निकायले आफूभन्दा माथिल्लो र आवश्यक भएमा मातहत निकायमा पठाउनु पर्नेछ ।

(७) पार्टीको प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिले आफ्नो क्षेत्रभित्रका भ्रातृ संघ एवं शुभेच्छुक संस्थाबाट वितरण गरिएका नेपाली कांग्रेसका सदस्यको प्राप्त विवरणलाई अलग अलग भ्रातृ संघ र शुभेच्छुक संस्थाको अलग अलग अभिलेख तयार गरी नेपाली कांग्रेसको सदस्यता दर्ता किताबमा उल्लेख गर्नु पर्नेछ र प्रत्येक महिना जिल्ला कार्यसमितिमा पठाउनु पर्नेछ ।

(८) उपनियम (७) बमोजिम प्राप्त विवरणलाई जिल्ला कार्यसमितिले सोही अनुसार दर्ता किताब तयार गरी अभिलेख अद्यावधि गरी प्रत्येक तीन महिनामा प्रदेश र केन्द्रीय कार्यसमितिलाई पठाउनेछ ।

## ५. क्रियाशील सदस्यता प्रदान, नवीकरण र दर्ता किताब :

(१) विधानको धारा ४ (२) र धारा ४ (३) बमोजिमको योग्यता पुगेका नेपाली कांग्रेसको सदस्यले आफू सदस्य रहेको वडा कार्यसमितिको कार्यालयमा रु. ३००/- (तीन सय) शुल्क सहित अनुसूची -३ बमोजिमको क्रियाशील सदस्यताको प्रतिवद्धता सहितको आवेदन फारम भरि पेश गर्नु पर्नेछ ।

(२) क्रियाशील सदस्यता प्रदान गर्ने कार्यविधि विधानको धारा ४ (५) र नवीकरण गर्ने कार्यविधि विधानको धारा ४ (७) का अतिरिक्त देहाय बमोजिम हुनेछ :

(क) क्रियाशील सदस्यता प्राप्त गर्ने सदस्यले अनुसूची -७ बमोजिम क्रियाशील सदस्यताको प्रमाणपत्र, अनुसूची -९ बमोजिमको क्रियाशील सदस्यताको लोगो र अनुसूची -१० बमोजिमको क्रियाशील सदस्यले कार्यसम्पादन गरेको विवरण राख्ने डायरी प्राप्त गर्नेछन् ।

(ख) क्रियाशील सदस्यताको प्रमाणपत्र हराएको वा नष्ट भएको कारण देखाई निवेदन गर्न आएमा रू. १५०/- (एक सय पचास) शुल्क लिई प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिले प्रमाणपत्रमा “प्रतिलिपि” भन्ने शब्द लेखी उपलब्ध गराउनेछ ।

(ग) लोगो वा डायरी हराएमा प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिले रु. १५०/- (एक सय पचास) शुल्क लिई उपलव्ध गराउने सक्नेछ ।

(घ) क्रियाशील सदस्यता नवीकरण गर्न चाहने क्रियाशील सदस्यले आफू सदस्य रहेको वडामा वार्षिक रु. २००/- (दुई सय) नवीकरण शुल्क सहित अनुसूची -११ बमोजिम नवीकरण फारम भरी बुझाउनु पर्नेछ ।

(ङ) क्रियाशील सदस्यता दर्ता किताब अनुसूची -४ बमोजिम र क्रियाशील सदस्यता नवीकरण दर्ता किताब अनुसूची -१२ बमोजिम हुनेछ ।

(च) विधानको धारा ४ (१०) (च) बमोजिम नेपाली कांग्रेसको क्रियाशील सदस्यता स्थानान्तरण गर्न चाहने सदस्यले आफू सदस्य रहेको गाउँपालिका/नगरपालिका वडा कार्यसमितिमा रु. ५०/- (पचास) शुल्कसहित अनुसूची -१४ को ढाँचामा निवेदन दिनु पर्नेछ ।
गाउँपालिका/नगरपालिका वडा कार्यसमितिले गाउँपालिका/नगरपालिका कार्यसमितिमा र गाउँपालिका/ नगरपालिका कार्यसमितिले प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिमा स्थानान्तरणका लागि सिफारिस गरी पठाउनेछ ।

(छ) प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिले खण्ड (ङ) बमोजिम प्राप्त हुन आएको निवेदन र सिफारिस अनुसार स्थानान्तरण हुन चाहेको स्थानमा नाम थप गर्न र स्थानान्तरण भई गएको स्थानको दर्ता किताबबाट नाम कट्टा गरी अभिलेख अद्यावधी गर्न लेखी पठाउनेछ ।

(ज) कुनै सदस्यको मृत्यु भएमा वा पार्टी सदस्यबाट निष्कासित भएमा वा पार्टी परित्याग गरेमा त्यस्ता व्यक्तिको नाम सम्बन्धित गाउँपालिका/नगरपालिका वडा कार्यसमितिले दर्ता किताबमा कैफियत जनाई कट्टा गर्नु गराउनु पर्नेछ । सोको विवरण सबै माथिल्लो निकायमा क्रमशः पठाउनु पर्नेछ ।

(झ) क्रियाशील सदस्यता प्राप्ति र नवीकरण सम्बन्धमा उजुरी वा पुनरावेदन अनुसूची -१३ (क) वा १३ (ख) वा १३ (ग) वा १३ (घ) बमोजिम दिनु

पर्नेछ ।

(३) (क) विदेशस्थित नेपाली जनसम्पर्क समितिबाट विधानको धारा ४ (१२) (क) बमोजिम नेपाली कांग्रेसको सदस्यता प्राप्त गर्ने व्यक्तिले देहाय बमोजिम सदस्यता शुल्क बुझाउनु पर्नेछ :

(१) सार्क मुलुकबाट, रु. एक सय ।

(२) सो वाहेकका सबै देशबाट रु. एक सय पचास ।

(ख) विधानको धारा ४(१२) (ख) (ग) र (घ) बमोजिम जनसम्पर्क समितिबाट नेपाली कांग्रेसको क्रियाशील सदस्यता स्वीकृतिका लागि केन्द्रमा सिफारिस गरी पठाउँदा प्रत्येक सदस्यको अनुसूची -५ बमोजिमको प्रतिवद्धता सहितको क्रियाशील सदस्यता आवेदन फारम र आवश्यक कागजात सहित देहाय बमोजिमको सदस्यता शुल्क दाखिला गर्नु पर्नेछ ।

(१) सार्क मुलुकबाट, रु. चार सय असी ।

(२) चिन, मलेशिया, इजरायल, ओमन, जोर्डन लगायत मध्यपूर्व/खाडीमुलुक र अफ्रिकी देशहरूबाट अमेरिकी डलर- आठ ।

(३) यूरोपका सबै देश, अमेरिका, क्यानडा, अष्ट्रेलिया, सिंगापुर, हङ्गकङ्ग, मकाउ, दक्षिण कोरिया र जापान लगायतका अन्य सबै देशबाट अमेरिकी डलर- तीस ।

(ग) विधानको धारा ४ (१२) (च) बमोजिम विदेशस्थित जनसम्पर्क समितिको क्रियाशील सदस्यले क्रियाशील सदस्यता स्थानान्तरण गर्न चाहेमा रु. ५००/- (पाँच सय) शुल्क सहित केन्द्रमा अनुसूची -१६ (क) वा १६ (ख) बमोजिमको निवेदन दिनु पर्नेछ ।

(घ) विदेशस्थित जनसम्पर्क समितिका नेपाली कांग्रेसका सदस्यले प्रत्येक वर्ष सदस्यता नवीकरण गर्दा नियम ५ (३) (क) बमोजिमको रकम लाग्नेछ ।

(ङ) विदेशस्थित जनसम्पर्क समितिका क्रियाशील सदस्यले नेपाली कांग्रेसको क्रियाशील सदस्यता नवीकरणका लागि अनुसूची -६ बमोजिमको फारम भरि विधानको धारा ४ (१२) (ख) बमोजिम प्रत्येक वर्ष नवीकरण गर्नु पर्नेछ । क्रियाशील सदस्यता नवीकरण गर्दा नियम ५ (३) (ख) बमोजिमको रकमको आधा रकम लाग्नेछ ।

(च) नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्राप्त गरेका वा क्रियाशील सदस्यता नवीकरण भएका विदेशस्थित नेपाली जनसम्पर्क समितिसंग आवद्ध व्यक्तिलाई अनुसूची -८ बमोजिमको क्रियाशील सदस्यताको प्रमाणपत्र, अनुसूची -९ बमोजिमको लोगो र अनुसूची -१० बमोजिमको डायरी दिइनेछ ।

नेपाली जनसम्पर्क समितिका सभापति वा निजले अख्तियारी दिएको व्यक्तिलाई केन्द्रले उक्त सामाग्री प्रदान गर्नेछ ।

(छ) विदेशस्थित जनसम्पर्क समितिका सदस्यको क्रियाशील सदस्यताको प्रमाणपत्र हराएमा वा नष्ट भएमा क्रियाशील सदस्यता प्राप्त गर्दा लाग्ने शुल्कको आधा रकम बुझाई केन्द्रले प्रमाणपत्रमा प्रतिलिपि जनाई र लोगो वा डायरी हराएमा कैफियत जनाई उपलब्ध गराउनेछ ।

(४) (१) नियम ३ (१) बमोजिम **नेपाली कांग्रेसको सदस्यता शुल्कको बाँडफाँड** देहाय बमोजिम हुनेछ ।

**(क) टोल कार्यसमिति र वडा कार्यसमिति प्रत्येकमा रु. ३/३ (तीन/तीन) ।**

**(ख) गाउा/नगर, प्रदेश सभा क्षेत्र, प्रतिनिधि सभा क्षेत्र, जिल्ला र प्रदेश कार्यसमिति प्रत्येकमा रु. २/२ (दुई/दुई) ।**

**(ग) केन्द्रीय कार्यसमितिमा रु. ४ (चार) ।**

(२) उपनियम १ बमोजिम नेपाली कांग्रेसको **क्रियाशील सदस्यता शुल्कको बाँडफाँड** देहाय बमोजिम हुनेछ ।

**(क) गाउा/नगर वडा, गाउा/नगर, प्रदेश सभा क्षेत्र, प्रतिनिधि सभा क्षेत्र, जिल्ला र प्रदेश कार्यसमिति प्रत्येकमा रु. ४०/४० (चालीस/चालीस) ।**

**(ख) केन्द्रीय कार्यसमितिमा रु. ६० (साठी)**

(३) उपनियम २ (ग) बमोजिमको नेपाली कांग्रेसको क्रियाशील सदस्यता नवीकरण शुल्कको बाँडफाँड देहाय बमोजिम हुनेछ ।

**(क) गाउा/नगर वडा, गाउा/नगर, प्रदेश सभा क्षेत्र, प्रतिनिधि सभा क्षेत्र, जिल्ला र प्रदेश कार्यसमिति प्रत्येकमा रु. १०/१० (दश/दश) ।**

**(ख) केन्द्रीय कार्यसमितिमा रु. १४० (एक सय चालीस) ।**

(४) उपनियम ४ (१) बमोजिम नेपाली कांग्रेसको सदस्यता शुल्कको बाँडफाँड गरी मातहत निकाय र माथिल्लो निकायमा रकम सहितको विवरण पठाउने जिम्मेवारी सदस्यता प्रदान गर्ने निकायको हुनेछ ।

(५) उपनियम ४ (२) बमोजिम क्रियाशील सदस्यता शुल्कको बाँडफाँड गरी मातहत निकाय र माथिल्लो निकायमा रकम सहितको विवरण पठाउने जिम्मेवारी प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिको हुनेछ ।

(६) उपनियम ४ (३) बमोजिम क्रियाशील सदस्यता नवीकरण शुल्कको बाँडफाँड गरी मातहत निकाय र माथिल्लो निकायमा रकम सहितको विवरण पठाउने जिम्मेवारी जिल्ला कार्यसमितिको हुनेछ ।

(७) विधान तथा यस नियमावलीमा व्यवस्था गरिए बमोजिम प्राप्त हुने सदस्यता शुल्क, सदस्यता नवीकरण शुल्क, सहयोग रकम (लेवी), पार्टी निकायले निर्णय गरी तोकेको थप सहयोग रकमबाट प्राप्त हुने सबै रकम पार्टीको सम्बन्धित निकायको नाममा बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(८) क्रियाशील सदस्यले विधान, नियमावली बमोजिम नवीकरणका लागि निवेदन पत्र बुझाउन आफ्नो काबु बाहिरको परिस्थितिले नसकेको भनी म्याद समाप्त भएको मितिले तीस दिनभित्र निवेदन गर्न आएमा, विधानको धारा ४(७) बमोजिम क्रियाशील सदस्यता नवीकरण गरिदिनु पर्नेछ ।

**६. क्रियाशील सदस्यता प्रदान गर्ने तथा नवीकरण सम्बन्धी अन्य व्यवस्था :**

(१) पार्टी विधानको व्यवस्था बमोजिम नेपाली कांग्रेसको सदस्यता र नेपाली कांग्रेसको क्रियाशील सदस्यताको वितरण र नवीकरण निरन्तर हुनेछ ।

(२) विगतमा नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्राप्त गरेको, पार्टी परित्याग पनि नगरेको र पार्टीद्वारा अनुशासनको कारवाहीमा पनि नपरेको तर क्रियाशील सदस्यता नवीकरण नगरी बसेको व्यक्तिले क्रियाशील सदस्यता नवीकरण गर्न चाहेमा क्रियाशील सदस्य भएको प्रमाण सहित जिल्ला कार्यसमितिमा आवेदन गरेमा, त्यस्ता व्यक्तिको क्रियाशील सदस्यताको निरन्तरता हुने गरी नवीकरण गरिदिनु पर्नेछ । तर, त्यस्ता व्यक्तिले क्रियाशील सदस्यताको नवीकरण हुन छुट भएको अवधिमा तत्काल प्रचलित विधान तथा नियमावली बमोजिम लाग्ने प्रत्येक वर्षको नवीकरण शुल्क थप बुझाउनु पर्नेछ ।

(३) विधानको धारा ४ (५) बमोजिम नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्रदान गर्न केन्द्रबाट आवेदन फारम प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिले बुझिलिनेछ र मातहतका नगरपालिका, गाउंपालिका कार्यसमितिलाई उपलव्ध गराउनेछ । नगरपालिका/गाउँपालिका कायसमितिले वडा कार्यसमितिबाट क्रियाशील सदस्यता दिनका लागि योग्य ठहराई सिफारिस भई आएका व्यक्तिहरु विधानको धारा ४ (३) बमोजिम क्रियाशील सदस्यता पाउन योग्य भएमा सोही संख्यामा वडा कार्यसमितिलाई क्रियाशील सदस्यताको आवेदन फारम उपलव्ध गराउनेछ ।

(४) विधानको धारा ४ (७) बमोजिम क्रियाशील सदस्यता नवीकरणका लागि केन्द्रबाट क्रियाशील सदस्यता नवीकरण फारम जिल्ला कार्यसमितिले बुझी लिनेछ र मातहतका प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति, प्रदेश सभा क्षेत्रीय कार्यसमिति, नगर/गाउँ कार्यसमिति र नगर/गाउँ वडा कार्यसमितिलाई उपलव्ध गराउनेछ ।

(५) क्रियाशील सदस्यलाई प्रदान गरिने सदस्यताको प्रमाण-पत्र, लोगो र डायरी केन्द्रबाट नयाँ सदस्यका हकमा प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिले र नवीकरणका हकमा जिल्ला कार्यसमितिले बुझिलिनेछ ।

(६) केन्द्रीय सभापतिबाट प्रमाणित भएको नेपाली कांग्रेसको क्रियाशील सदस्यताको नामावलीको अन्तिम सूची केन्द्रीय कार्यालयले केन्द्रीय निर्वाचन समितिलाई उपलव्ध गराउनेछ ।

**७. क्रियाशील सदस्यता दिने र नवीकरण सम्बन्धी उजुरी तथा पुनरावेदन सम्बन्धी व्यवस्था :**

(१) विधानको धारा ४ (८) बमोजिम क्रियाशील सदस्यता र क्रियाशील सदस्यता नवीकरण सम्बन्धी उजुरी वा पुनरावेदन नियम ५ (२) (ज) बमोजिम निवेदन दिनु पर्नेछ ।

(२) विधानको धारा ४ (८) बमोजिम क्रियाशील सदस्यता प्राप्ति र नवीकरण सम्बन्धी उजुरी वा पुनरावेदन रु. ५०/- (पचास) शुल्क सहित अनुसूची -१३ (क) वा १३ (ख) वा १३ (ग) वा १३ (घ) बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

**८. विधानको धारा ४ (९) का अतिरिक्त सदस्यता व्यवस्थापन केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(१) समितिले विधानको धारा ४(९) (ख) वमोजिम विद्युतीय माध्यमबाट सदस्यता वितरण गर्न देहाय बमोजिमको व्यवस्था गर्नेछ ।

(क) नेपाली काग्रेसको सदस्यता आवेदन फारम विद्युतीय अनलाईन प्रणालीवाट प्रदान गर्ने व्यवस्था गर्ने ।

(ख) सदस्यताको आवेदन दिँदा हालसालैको फोटो, मोवाइल नम्बर तथा इमेल ठेगाना अनिवार्य राख्नु पर्नेछ । आवेदन फाराम स्वीकार भए नभएको विवरण SMS/ E-Mail मार्फत उपलब्ध गराउने ।

(ग) प्राप्त आवेदन उपर आवश्यक छानविन पश्चात् अनलाईन प्रणाली मार्फत उक्त आवेदकले आफ्नो सदस्यता प्रमाणपत्र प्रिन्ट गरी लिन सक्ने व्यवस्था गर्ने ।

(घ) सदस्यता सम्बन्धी विवरण आवेदकको ठेगाना भएको गाउँ/नगरपालिका र वडा कार्यालयहरुलाई पठाउने ।

(ङ) सबै सम्बन्धित निकायमा रेकर्ड राख्न लगाउने र विवरण अद्यावधिक गर्ने ।

(च) विद्युतीय अनलाईन प्रणालीवाट सदस्यता प्रदान गर्दा सम्पूर्ण व्यक्तिगत विवरण, सम्पर्क ठेगाना, नम्बर साथै आवेदकको फोटो समेत रेकर्डमा राख्ने ब्यवस्था गर्ने ।

(छ) समितिले प्रत्येक जिल्ला कार्यालयमा र प्रतिनिधि सभा क्षेत्रीय कार्यालयलाई कम्प्यूटर प्रणाली उपलब्ध गराउने व्यवस्था मिलाउने ।

(ज) यस कार्यका लागि केन्द्रमा स्थापित ब्यवस्थापन सूचना प्रणालीमा सवै जिल्ला, प्रतिनिधिसभा क्षेत्रीय कार्यालयलाई विद्युतीय नेटवर्किङ (सञ्जाल) मा आवद्ध गराउने र त्यसको अधिकतम उपयोग हुन सक्ने व्यवस्था गर्ने ।

(झ) सूचना प्रणालीको प्रयोग तह अनुसारको डाटा उपलब्ध गराउने ब्यवस्था

मिलाउने ।

(ञ) सरोकारवालालाई आवश्यक विवरण सो सूचना प्रणालीबाट एकिकृत रूपमा प्राप्त हुन सक्ने व्यवस्था गर्ने ।

(२) विदेशस्थित जनसम्पर्क समितिबाट प्राप्त क्रियाशील सदस्यता स्वीकृत गरी अभिलेख राख्ने ।

(३) सदस्यता व्यवस्थापन केन्द्रीय समितिबाट उपनियम (२) बमोजिम स्वीकृत विदेशस्थित जनसम्पर्क समितिको क्रियाशील सदस्यताको नामावलीको सूची सभापतिबाट प्रमाणित गराई केन्द्रीय निर्वाचन समितिलाई उपलव्ध गराउने ।

(४) विदेशस्थित जनसम्पर्क समितिबाट प्राप्त क्रियाशील सदस्यता सम्बन्धी विवादको अन्तिम निरुपण गर्ने ।

(५) विधान र यस नियमावलीमा भएको व्यवस्थाका अतिरिक्त सदस्यता सम्बन्धी अन्य व्यवस्था विधानको धारा ४ (१०) तथा विधान बमोजिम केन्द्रीय कार्यसमितिको निर्णय अनुसार हुनेछ ।

(६) नेपाली कांग्रेसको सदस्यता आवेदन र नेपाली कांग्रेसको सदस्यता, नेपाली कांग्रेसको क्रियाशील सदस्यताको आवेदन फारम, नेपाली कांग्रेसको क्रियाशील सदस्यताको नवीकरण फारम, विदेशस्थित जनसम्पर्क समितिका लागि नेपाली कांग्रेसको क्रियाशील सदस्यताको आवेदन फारम, विदेशस्थित जनसम्पर्क समितिका लागि नेपाली कांग्रेसको क्रियाशील सदस्यता नवीकरण फारम, नेपाली कांग्रेसको क्रियाशील सदस्यताको प्रमाणपत्र, नेपाली कांग्रेसको क्रियाशील सदस्यताको लोगो, कार्यसम्पादन गरेको विवरण राख्ने डायरी, विदेशस्थित जनसम्पर्क समितिका लागि नेपाली कांग्रेसको क्रियाशील सदस्यताको प्रमाणपत्र लगायतको छपाई, उत्पादन वा तयार र वितरण गर्ने काम केन्द्रीय कार्यसमितिको निर्देशनमा सदस्यता व्यवस्थापन केन्द्रीय समितिले गर्नेछ ।

## परिच्छेद - ३

## स्थानीय तह संगठन र काम, कर्तव्य र अधिकार

**९. विधानको धारा ५ (२) का अतिरिक्त टोल कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(१) टोल कार्यसमितिले प्रत्येक महिनाको बैठकको निर्णय सहितको जानकारी वडा कार्यसमितिलाई दिनेछ ।

(२) टोल कार्यसमितिले आफ्नो टोलभित्रको घरधुरी संख्या, घरमूली, परिवारका सदस्यको संख्या विवरण, पेशा समेत उल्लेख गरी टोल प्रोफाइल तयार गर्नेछ । वार्षिक रूपले अद्यावधि गर्ने ।

(३) टोल प्रोफाइलको एक प्रति आफू राखी अर्को वडा समितिलाई पठाउनेछ ।

(४) टोलभित्रका सबै राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक गतिविधि बारे जानकारी राख्ने र माथिल्लो निकायलाई पठाउने ।

(५) टोलभित्र नेपाली कांग्रेसको गतिविधि, प्रभाव र अन्य पार्टीका गतिविधि र प्रभावको अध्ययन मूल्याङ्कन गरी माथिल्लो निकायलाई जानकारी गराउने ।

(६) टोलभित्रका नागरिकको घरमा सुख, दुःखमा सरिक हुने आफ्नो तर्फबाट सहयोग गर्ने कार्य सबै सदस्यको हुनेछ ।

(७) टोल कार्यसमितिले नियमित र निरन्तर रुपमा नेपाली कांग्रेसको सदस्यता वितरण अभियान संचालन गर्नेछ र सदस्यताको रेकर्ड अद्यावधि गरी माथिल्लो निकायमा पठाउनेछ ।

**१०. विधानको धारा ६ (५) का अतिरिक्त गाउापालिका वडा कार्यसमितिका सभापतिको अन्य काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ ।**

(१) प्रत्येक बैठकको निर्णय गाउँ कार्यसमितिलाई र टोलसंग सम्बन्धित निर्णय टोल कार्यसमितिलाई जानकारी गराउने ।

(२) आफू मातहतका टोल समितिलाई टोल प्रोफाइल तयार गर्न लगाई वडा प्रोफाइल बनाई एक प्रति आफूसंग राखी एकप्रति गाउँ कार्यसमितिमा उपलव्ध गराउने । वडा प्रोफाईल वाषिक रूपले अद्यावधि गर्ने ।

(३) वडाभित्रका राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक गतिविधि बारे जानकारी राख्ने, टोलमा नागरिकका सुख दुःखका घटनामा सरिक हुने, सहयोग गर्ने ।

(४) वडावासी नागरिकसंग निरन्तर सम्पर्क, सम्वाद र सहयोग गर्ने ।

**११. विधानको धारा ७ (५) का अतिरिक्त नगरपालिका वडा कार्यसमितिका सभापतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(१) वडाका टोल समितिलाई टोल प्रोफाइल तयार गर्न लगाई वडा प्रोफाइल तयार गरी एक प्रति आफू राख्ने र एक प्रति नगर कार्यसमितिलाई पठाउने । वार्षिक रूपले वडा प्रोफाइल अद्यावधिक गर्ने/गराउने ।

(२) प्रत्येक बैठकको निर्णय सहित नगर कार्यसमितिलाई जानकारी गराउने ।

(३) वडाभित्रका पार्टीका गतिविधि र अन्य राजनीतिक दलका गतिविधिको अध्ययन गरी/गराई माथिल्लो निकायमा जानकारी गराउने ।

(४) वडाभित्रका राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक गतिविधि बारे जानकारी राख्ने र उपल्लो निकायमा जानकारी गराउने ।

(५) वडाका नागरिकसंग निरन्तर सम्पर्क, सम्वाद र सहयोग गर्ने/गराउने । नागरिकका सुख, दुःखमा सहभागी भई सहयोग गर्ने/गराउने ।

**१२. विधानको धारा ८ (३) का अतिरिक्त गाउपालिका कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(१) गाउँपालिकाभित्रका सबै वडामा वडा प्रोफाइल तयार गर्न लगाई गाउँपालिकाको प्रोफाइल तयार गरी एकप्रति आफूसंग राखी एकप्रति प्रदेश सभा निर्वाचन क्षेत्रीय कार्यसमितिमा पठाउने । प्रोफाईल वार्षिक रूपले अद्यावधि गर्ने ।

(२) प्रत्येक बैठकको निर्णयसहित माथिल्लो निकायमा जानकारी गराउने ।

(३) गाउँपालिकाभित्र निरन्तर नागरिकसंग संवाद र सहयोग गर्न मातहतका निकायलाई प्रेरणा दिई रहने ।

**१३. (१) विधानको धारा ९ (३) का अतिरिक्त नगर कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) प्रत्येक बैठकको निर्णय सहित माथिल्लो निकायलाई जानकारी गराउने ।

(ख) नगरपालिकाभित्र पार्टी र अन्य पार्टीको गतिविधि, प्रभाव बारे जानकारी लिई माथिल्लो निकायमा जानकारी दिने ।

**(२) विधानको धारा ९ (४) का अतिरिक्त नगर कार्यसमितिका सभापतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) प्रत्येक वडामा वडा प्रोफाइल तयार गर्न लगाइ नगर प्रोफाइल तयार गर्ने र वार्षिक रूपले अद्यावधिक गर्ने ।

**१४. विधानको धारा १० (५) का अतिरिक्त प्रदेश सभा क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(१) प्रत्येक बैठकको निर्णय सहितको जानकारी माथिल्लो निकायलाई गराउने ।

(२) आफू मातहतका गाउँ वा नगर कार्यसमितिलाई प्रोफाइल तयार गर्न लगाई प्रदेश सभा निर्वाचन क्षेत्र प्रोफाइल तयार गर्ने र वार्षिक रूपले अद्यावधिक गर्ने गराउने ।

(३) आफ्नो क्षेत्रभित्र पार्टी र अन्य राजनीतिक दलको गतिविधि र प्रभाव बारे जानकारी लिने र माथिल्लो निकायमा जानकारी गराउने ।

(४) मातहत निकायलाई निरन्तर नागरिकको सम्पर्क सम्वादनमा रहन र सहयोग गर्न प्रेरणा दिने ।

**१५. विधानको धारा ११ (५) का अतिरिक्त प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(१) प्रत्येक बैठकको निर्णयसहित जानकारी जिल्ला कार्यसमितिलाई गराउने ।

(२) आफ्नो क्षेत्रभित्रका गाउँ/नगरपालिकालाई प्रोफाइल बनाउन लगाउने र प्रतिनिधि सभा निर्वाचन क्षेत्रको प्रोफाइल बनाउने ।

१६. (१) **विधानको धारा १२ (२) का अतिरिक्त जिल्ला अधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) विधानको धारा ८ (२) (च) तथा धारा ९ (२) (ङ) बमोजिम सबै किसिमका अपाङ्गता भएका क्रियाशील सदस्यमध्ये निर्वाचित प्रदेश सभा क्षेत्रीय अधिवेशनका प्रतिनिधिमध्येबाट विधानको धारा ७० बमोजिम, जिल्ला अधिवेशनले प्रदेश अधिवेशनका लागि एक जना प्रदेश अधिवेशन प्रतिनिधि र केन्द्रीय महाधिवेशनका लागि एक जना केन्द्रीय महाधिवेशन प्रतिनिधिको निर्वाचन गर्नेछ ।

(२) **विधानको धारा १२ (६) का अतिरिक्त जिल्ला कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) मातहतका समितिलाई आफ्नो प्रोफाइल वनाउन लगाउने र जिल्ला प्रोफाइल तयारी गरी अद्यावधिक गर्ने ।

१७. **विधानको धारा १२ (७) का अतिरिक्त जिल्ला कार्यसमितिका सभापतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(१) प्रत्येक बैठकका निर्णय समेतको जानकारी प्रदेश कार्यसमितिलाई दिने ।

(२) जिल्ला कार्यसमितिले तयार गरेको जिल्ला प्रोफाईलको एकप्रति प्रदेश कार्यसमितिमा राख्ने र केन्द्रीय कार्यसमितिलाई पठाउने ।

## परिच्छेद -४

## प्रदेश सम्बन्धी व्यवस्था

(प्रदेश सम्मेलन कार्यविधि, प्रदेश विभाग, प्रदेश सभापतिको राजीनामा, प्रदेश पार्टी कोष)

१८. **प्रदेश सम्मेलन कार्यविधि र प्रदेश विभाग सम्बन्धी व्यवस्था :**

(१) विधानको धारा १३ (५) का अतिरिक्त प्रदेश सम्मेलनको कार्यविधि देहाय बमोजिम हुनेछ ।

(क) प्रदेश सम्मेलनको मिति र स्थान प्रदेश कार्यसमितिको बैठकले तोक्नेछ । प्रदेश सम्मेलनका प्रतिनिधिलाई सम्मेलनको मिति भन्दा एक महिना पहिले सूचना दिनु पर्नेछ ।

(ख) प्रदेश सम्मेलनमा पेश गरिने राजनीतिक, सांगठनिक र आर्थिक लगायतका प्रस्तावको मस्यौदा तयार गर्नका लागि प्रदेश कार्यसमितिले विभिन्न उपसमिति गठन गर्न सक्नेछ ।

(ग) उपसमितिले तयार गरेको मस्यौदा प्रदेश कार्यसमितिबाट पारित गरेपछि प्रदेश सम्मेलनमा पेश हुनेछ ।

(घ) प्रदेश सम्मेलनमा पेश गरिएका प्रस्ताव सर्वसम्मत रूपमा पास गरिनेछ। सर्वसम्मत हुन नसकेमा सामान्य वहुमतबाट पारित हुनेछ ।

(ङ) प्रदेश सम्मेलन प्रत्येक वर्षमा कम्तिमा एक पटक हुनेछ, तर प्रदेश कार्यसमितिले आवश्यक ठानेमा वा प्रदेश सम्मेलनका चालीस प्रतिशत प्रतिनिधिले कारण खोलि प्रदेश सम्मेलन बोलाउन प्रदेश कार्यसमिति समक्ष लिखित अनुरोध सहित निवेदन दर्ता गरेमा उक्त मितिले दुई महिनाभित्र प्रदेश सम्मेलन बोलाउनु पर्नेछ ।

(च) प्रदेश सम्मेलनका प्रतिनिधिको सम्पूर्ण संख्याको कम्तिमा दश प्रतिशतले, प्रदेश कार्यसमितिको कुनै पनि निर्णय पुनरावलोकन गर्न प्रदेश सम्मेलन हुनु भन्दा एक महिना पहिले नै प्रदेश कार्यसमितिको कार्यालय मार्फत प्रदेश सम्मेलनमा प्रस्ताव प्रस्तुत गर्न सक्नेछन् । त्यसरी प्रस्तुत प्रस्ताव दुई तिहाईबाट पारित हुनु पर्नेछ ।

(छ) प्रदेश सम्मेलनमा प्रदेश सम्मेलनका कुनै प्रतिनिधिले कुनै प्रस्ताव पेश गर्न वा सुझाव, राय दिन चाहेमा प्रदेश सम्मेलनको मिति भन्दा पन्ध्र दिन पहिले नै प्रदेश कार्यसमितिको कार्यालयमा त्यस्तो प्रस्ताव, सुझाव, राय दर्ता गराउनु पर्नेछ ।

(२) विधानको धारा १३ (३) का अतिरिक्त प्रदेश सम्मेलनमा सम्बन्धित प्रदेशभित्रका पार्टीको केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्य तथा जिल्ला कार्यसमितिका सभापतिले भाग लिने छन् ।

(३) **प्रदेश विभाग सम्बन्धी व्यवस्था :**

(क) विधानको धारा १३ (११) बमोजिम गठन भएका प्रदेश विभागको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) **संगठन विभाग**

(क) प्रदेश मातहतका पार्टीका निकायको क्रियाशीलताको निरन्तर अनुगमन गरी आवश्यक निर्देशन दिने तथा प्रदेश कार्यसमितिमा आवधिक प्रतिवेदन पेश गर्ने ।

(ख) मातहतका निकायका बीचमा समन्वय भए नभएको हेरी आवश्यक निर्देशन दिने ।

(ग) मातहतका निकायमा आइपर्ने समस्याको समाधानका लागि पहल गर्ने ।

(घ) निर्वाचनमा आफ्नो पार्टीको स्थितिको समीक्षा गर्ने तथा पार्टीलाई विजयी गराउन आवश्यक रणनीति तयार गरी प्रदेश कार्यसमितिमा प्रस्तुत गर्ने ।

(ङ) विधानमा व्यवस्था भए बमोजिमको टोल कार्यसमिति गठन भए नभएको जानकारी लिने, गठन नभएको भए गठन गर्न

निर्देशन दिने ।

(च) अन्य विभागसंग समन्वय गरी पार्टीको संगठन विस्तारमा आवश्यक कार्य गर्ने ।

(छ) पार्टीको संगठन विस्तार र सुदृढीकरणका लागि आवश्यक अन्य कार्य गर्ने, गराउने ।

(२) **प्रदेश कानुन तथा संसदीय मामिला विभाग**

(क) संविधान र कानुनी विषयमा सम्बन्धित विषयका विज्ञसंग परामर्श गरी प्रदेश कार्यसमितिलाई सुझाव सल्लाह दिने ।

(ख) पार्टीसंग सम्बन्धित मुद्दा मामिला तथा कानुनी विषयमा सहयोग पुऱ्याउने ।

(ग) नेपाली कांग्रेसको प्रदेश संसदीय दललाई व्यवस्थित र क्रियाशील बनाउने तथा प्रदेश कार्यसमितिसंग समन्वय गराउने कार्यमा सक्रिय रहने । प्रदेशसभा भित्र प्रदेश सभा संसदीय दलको भूमिका प्रभावकारी बनाउन सहयोग गर्ने ।

(घ) प्रदेश सभा संसदीय दल र सदस्यलाई आवश्यक कानुनी सहयोग पुऱ्याउने ।

(ङ) समसामयिक राजनैतिक तथा कानुनी विषयमा प्रदेश कार्यसमितिलाई राय सुझाव र कानुनी सहायता प्रदान गर्ने ।

(च) मानव अधिकारको अवस्थाको अध्ययन, मूल्याङ्कन गरी आवश्यक सुझाव सहित प्रदेश कार्यसमितिलाई जानकारी गराउने ।

(३) **प्रदेश तथा स्थानीय निकाय विभाग**

(क) संघीयतालाई सुदृढ गर्दै जनताको हितमा प्रभावकारी बनाउन प्रदेश कार्यसमितिलाई नीति निर्माणमा सहयोग गर्ने ।

(ख) प्रदेश सभा र प्रदेश सरकारका काम कारवाईको मूल्याङ्कन गर्ने तथा प्रदेशमा पार्टीलाई प्रभावकारी बनाउन प्रदेश कार्यसमितिलाई सुझाव दिने ।

(ग) स्थानीय तहका काम, कारवाईको अध्ययन गर्ने, स्थानीय तहमा पार्टीबाट निर्वाचित पार्टी सदस्यको प्रभावकारिता वृद्धि गर्न र निर्वाचित निकाय र पार्टीबीच समन्वय गर्न प्रदेश कार्यसमितिलाई सुझाव दिने ।

(घ) स्थानीय तहका निर्वाचित पदाधिकारी र कर्मचारीका महासंघहरूसंग समन्वय गर्ने ।

(ङ) स्थानीय तहमा जनप्रतिनिधिका लागि समय समयमा तालिम, अन्तरक्रिया, गोष्ठी संचालन गर्ने गराउने ।

(च) स्थानीय तहमा निर्वाचित तथा पार्टीबाट उम्मेदवार बनेका पदाधिकारी र पार्टीबीच समन्वय, सहकार्यको वातावरण तयार गर्ने ।

(छ) राष्ट्रिय तथा प्रदेश स्तरका विकास कार्यक्रम, जिल्ला समन्वय समिति, नगरपालिका तथा गाउँपालिकाको विकास सम्बन्धी कार्यको अनुगमन गर्ने, त्यसको समीक्षा गर्ने र प्रदेश कार्यसमितिलाई जानकारी गराउने ।

(४) **सूचना, सञ्चार तथा प्रचार प्रसार विभाग**

(क) सूचना सङ्कलन गर्ने, अध्ययन विश्लेषण गर्ने, निरन्तर पार्टीको हितमा प्रचारप्रसार गर्ने, पार्टी विरुद्धका आरोपको खण्डन गरी स्पष्ट गर्ने ।

(ख) पार्टीको मुखपत्र, साहित्य आदि प्रकाशन गर्ने, पुस्तकालय सञ्चालन गर्ने ।

(ग) पार्टीले भाग लिएको निर्वाचनमा पार्टीका तर्फबाट निर्वाचन प्रचार प्रसार रणनीति तय गर्ने, निर्वाचन सामाग्रीको तयारी तथा वितरण गर्ने, गराउने ।

(घ) पार्टीबाट सञ्चालित कार्यक्रम र अभियानको निरन्तर प्रचारप्रसार गर्ने ।

(ङ) नेपाल प्रेस यूनियनलाई क्रियाशील बनाई परिचालन गर्ने ।

(च) पार्टीका प्रचार सामाग्रीलाई प्रदेशभित्रका सबै जिल्ला, प्रतिनिधिसभा निर्वाचन क्षेत्र, प्रदेश सभा निर्वाचन क्षेत्र, नगरपालिका, गाउँपालिका, नगर/गाउँपालिका वडा, टोल कार्यसमितिसम्म पुऱ्याउने ।

(५) **भ्रातृ संघ समन्वय विभाग**

(क) भ्रातृ संघसंग समन्वय, परिचालन तथा क्रियाशीलता अभिवृद्धि गर्ने, नीति तथा कार्यक्रम बनाई पार्टीहितमा परिचालन गर्ने ।

(ख) भ्रातृ संघको प्रभावकारी सञ्चालन विधान सम्मत गर्ने गराउने तथा अनुगमन, मूल्याङ्कनगरी प्रदेश कार्यसमितिलाई जानकारी गराउने ।

(ग) भ्रातृ संघको विधान र उद्देश्य अनुसार कार्य भए नभएको र क्रियाशीलता बारे अनुगमन, मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने ।

(घ) भ्रातृ संघको उद्देश्य अनुरुप पार्टीले पुऱ्याउनु पर्ने सहयोग र मार्गदर्शन वारेमा पार्टीलाई सुझाव सिफारिस गर्ने ।

(ङ) भ्रातृ संघका सम्बन्धित तहका अधिवेशन यथासमयमै गर्नका

लागि वातावरण तयार गर्ने ।

(च) भ्रातृ संघको उद्देश्यसंग मेल खाने विषयमा आवश्यक अध्ययन, अनुगमन गरी रणनीति तयार गर्ने ।

(६) **शुभेच्छुक संस्था समन्वय विभाग**

(क) पार्टीका शुभेच्छुक संस्थासंग समन्वय गर्ने र पार्टी हितमा क्रियाशील गराउने ।

(ख) शुभेच्छुक संस्थाका कामकारवाहीको अनुगमन गर्ने तथा सुझाव दिने र प्रदेश कार्यसमितिलाई जानकारी गराउने ।

(ग) शुभेच्छुक संस्थाको विधान र उद्देश्य अनुसार कार्य भए नभएको र क्रियाशीलता बारे अनुगमन, मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने ।

(घ) शुभेच्छुक संस्थाको उद्देश्य अनुरूप पार्टीले पुऱ्याउनु पर्ने सहयोग र मार्गदर्शन वारेमा पार्टीलाई सुझाव सिफारिस गर्ने ।

(ङ) शुभेच्छुक संस्थाका सम्बन्धित तहका अधिवेशनहरु यथासमयमै गर्नका लागि वातावरण तयार गर्ने ।

(च) शुभेच्छुक संस्थाको उद्देश्यसंग मेलखाने विषयमा आवश्यक अध्ययन, अनुगमन गरी रणनीति तयार गर्ने ।

(७) **पेशागत तथा बुद्धिजीवी विभाग**

(क) पार्टीसंग आवद्ध वा वैचारिक रूपले नजिक रहेका पेशागत एवं बुद्धिजीवी संस्था र व्यक्तिसंग सम्बन्ध, सम्पर्क बनाई पार्टी हितमा क्रियाशील बनाउने कार्य गर्ने ।

(ख) पेशागत तथा बुद्धिजीवी संघ संस्था, नागरिक समाज वा व्यक्तिको अभिलेख राख्ने ।

(ग) बुद्धिजीवी, नागरिक समाजका व्यक्तिसंग निरन्तर बैठक अन्तरक्रिया गरी विविध विषयमा पार्टीका नीति र कार्ययोजना बनाउन सुझाव लिने ।

(घ) बौद्धिक, सृजनशील एवं व्यवसायिक क्षेत्रमा कार्यरत विभिन्न भाषाभाषी एवं साहित्य, कला, संस्कृति र विज्ञानसंग सम्बन्धित संघ संस्था र व्यक्तिका बीच समन्वय कायम गर्ने ।

(ङ) पेशागत तथा वुद्धिजीवी संघ संस्थाबाट सम्बन्धित क्षेत्रको सुझाव र परामर्श लिने तथा आवश्यक कार्ययोजना तयार गरी प्रदेश कार्यसमितिमा सिफारिस गर्ने र स्वीकृत भएमा कार्यान्वयन गर्ने गराउने ।

(८) **भाषा, साहित्य, कला तथा संस्कृति विभाग**

(क) भाषा, साहित्य, कला तथा संस्कृतिबारे अध्ययन अनुसन्धान

गरी जर्गेना गर्न आवश्यक कार्य गर्ने र सम्बन्धित क्षेत्रमा नीति तर्जुमा गर्न प्रदेश कार्यसमितिलाई सहयोग गर्ने ।

(ख) भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक कार्य गर्न प्रदेश कार्यसमितिलाई सुझाव दिने ।

(ग) भाषा, साहित्य, कला र संस्कृतिसंग सम्वद्ध संघ संस्था वा व्यक्तिसंग निरन्तर सम्बन्ध र सम्पर्क स्थापित गर्ने तथा समय समयमा विचार गोष्ठी र अन्तरक्रियात्मक कार्यक्रम गर्ने ।

(घ) भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका प्रदेशभित्रका विशेष व्यक्तिको अभिलेख तयार गरी पार्टीको पक्षमा सहयोग र सुझाव लिन क्रियाशील रहने ।

(ङ) प्रदेश स्तरमा बोलिने मातृ भाषा, स्थानीय कला, साहित्य, संस्कृति बारे अध्ययन अनुसन्धान गर्ने, तिनको संरक्षण र प्रवर्द्धनका लागि आवश्यक रणनीति तयार गरी प्रदेश कार्यसमितिलाई सुझाव दिने ।

(९) **शिक्षा, विज्ञान तथा प्रविधि विभाग**

(क) शैक्षिक अवस्थाको अध्ययन अनुसन्धान गरी समग्र शिक्षानीति तयार गर्न प्रदेश कार्यसमितिलाई सहयोग गर्ने ।

(ख) पार्टीसंग सम्वद्ध वा वैचारिकरूपले निकट रहेका शिक्षा क्षेत्रका संघ संस्थालाई क्रियाशील बनाई परिचालन गर्ने ।

(ग) विज्ञान तथा प्रविधिको क्षेत्रमा कार्यरत सरकारी एवं गैरसरकारी संघ संस्था वा व्यक्तिसंग सम्पर्क समन्वय गर्ने । विज्ञान प्रविधिको क्षेत्रमा अध्ययन अनुसन्धान गरी नीति निर्माणमा प्रदेश कार्यसमितिलाई सहयोग गर्ने ।

(घ) आधारभूत शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क गर्न आवश्यक कार्य गर्ने ।

(ङ) उच्च शिक्षा गुणस्तरीय र सर्वसुलभ गराउन आवश्यक कार्य गर्ने । प्राविधिक शिक्षालाई गुणस्तरीय र सर्वसाधारण जनताको पहुँचमा पुग्ने गरी उपलव्ध गराउन आवश्यक कार्य गर्ने ।

(च) शैक्षिक क्षेत्रलाई सवल बनाउन पार्टी सदस्यलाई क्रियाशील हुन प्रोत्साहित गर्ने ।

(छ) शैक्षिक स्थिति र शिक्षा नीति तथा समस्याको समग्र अध्ययन गरी प्रदेश कार्यसमितिमा प्रतिवेदन पेश गर्ने ।

(ज) गुणस्तरीय शिक्षामा सबैको सहज पहुँचलाई सुनिश्चित गर्न आवश्यक कार्ययोजना तर्जुमा गर्ने ।

(झ) प्राविधिक तथा व्यवसायिक शिक्षाको विकासमा प्रदेश

कार्यसमितिलाई आवश्यक सुझाव दिने ।

(ञ) शैक्षिक केन्द्रको स्तरोन्नति गरी राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा प्रतिष्पर्धा गर्न सक्ने बनाउन आवश्यक पहल गर्न सम्बन्धित निकायलाई राय सुझाव दिने ।

(१०) **स्वास्थ्य विभाग**

(क) स्वास्थ्यमा सबै नागरिकको सहज पँहुच सुनिश्चित गर्न आवश्यक अध्ययन अनुसन्धान गरी प्रदेश कार्यसमितिलाई सुझाव दिने ।

(ख) स्वास्थ्य र पोषण क्षेत्रसंग सम्बन्धित नीति बनाउन र परिमार्जन गर्न प्रदेश कार्यसमितिलाई सुझाव दिने ।

(ग) स्वास्थ्य क्षेत्रमा कार्यरत संघ संस्थासंग सम्पर्क र समन्वय गरी नागरिकको हितमा क्रियाशील गराउने ।

(घ) सरकारी, निजी तथा सामुदायिक स्वास्थ्य संस्थाको अध्ययन गरी आवश्यक नीति बनाउन पार्टीलाई सहयोग गर्ने ।

(ङ) नागरिकले आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने अवस्था सिर्जना गर्न आवश्यक कार्य गर्ने ।

(च) असाध्य वा कडा रोग लागेका विरामी, उचित उपचारको अभावमा रहेका नागरिक, प्राकृतिक विपद् वा दुर्घटना जस्ता कारणबाट अस्वस्थ्य भएका विरामी, अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्य उपचारसमेत अन्य सहयोग गर्न पार्टीका सांगठनिक संरचना तथा पार्टी सदस्यलाई क्रियाशील गर्ने, गराउने ।

(छ) स्वास्थ्य शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाई नागरिकको सहज पहुँचको अवस्था निर्माण गर्नका लागि पहल गर्ने ।

(ज) स्वास्थ्य र पोषणमा वढीभन्दा वढी लगानीको अवस्था सृजना गर्न प्रदेश सरकारलाई आवश्यक सुझाव दिने ।

(झ) स्वास्थ्य क्षेत्रसंग सम्बन्धित पार्टीको नीतिमा समय सापेक्ष परिमार्जन गर्न प्रदेश कार्यसमितिमा सिफारिस गर्ने ।

(ञ) सम्पूर्ण नागरिकलाई निशुल्क स्वास्थ्य सेवाको व्यवस्थाका लागि आवश्यक पहल गर्ने ।

(ट) वालवालिका, वृद्ध, अपाङ्ग भएका नागरिक र अशक्तको स्वास्थ्योपचार एवं सामाजिक सुरक्षाको प्रत्याभूतिका लागि प्रदेश कार्यसमितिलाई कार्ययोजना सहित सिफारिस गर्ने ।

(ठ) नीजि क्षेत्रबाट संचालित स्वास्थ्य सेवासंग सम्बन्धित अस्पताल, नर्सिङहोम आदिले प्रदेश सरकारको निर्णय, नीति, निर्देशन

अनुसार कार्य गरे नगरेको अनुगमन गरी सम्बन्धित निकायमा राय सुझाव पेश गर्ने ।

(११) **गैर सरकारी संस्था तथा सामाजिक सेवा विभाग**

(क) पार्टीसंग सम्बद्ध वा वैचारिकरूपले निकट रहेका गैरसरकारी सामाजिक संघ, संस्था एवं समूहसंग समन्वय, सम्पर्क राखी पार्टी हितमा परिचालन गर्ने ।

(ख) गैर सरकारी संस्थाको विवरण राख्ने, तिनको काम कारवाहीको अध्ययन अनुसन्धान गरी सुझाव सहित प्रदेश कार्यसमितिलाई जानकारी गराउने ।

(ग) प्रदेश स्तरीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका गैर सरकारी संस्था र सामाजिक सुरक्षा लगायत सामाजिक सेवाबारे नीति तर्जुमा गर्न प्रदेश कार्यसमिति मार्फत् केन्द्रीय कार्यसमितिलाई सिफारिस गर्ने ।

(घ) गैरसरकारी संघ संस्था सम्बन्धी प्रदेश सरकारको नीतिको अध्ययन गरी पार्टीको प्रदेश कार्यसमितिलाई आवश्यक सुझाव दिने ।

(ङ) सामाजिक सेवाको क्षेत्रमा विभिन्न गोष्ठी, अन्तरक्रिया, छलफल कार्यक्रमको आयोजना गर्ने ।

(च) प्रदेश सरकार तथा दातृ निकाय बीचको सहकार्य सम्बन्धी नीति तर्जुमा गर्न आवश्यक पहल गर्ने ।

(१२) **अभिलेख, अनुगमन तथा मूल्याकंन विभाग**

(क) पार्टीका सबै सदस्य, भ्रातृ संघ तथा शुभेच्छुक संस्थाका सदस्य र पार्टीका सम्पूर्ण गतिविधिहरुको अभिलेख राख्ने ।

(ख) पार्टीको जन्मकालदेखि नै महत्वपूर्ण योगदान पुऱ्याएका सदस्यहरुको अभिलेख र दस्तावेजहरू सुरक्षित राख्ने ।

(ग) मातहतका पार्टी निकायले गर्नु पर्ने विधान निर्देशित कार्यहरू भए नभएको अनुगमन गर्ने र प्रदेश कार्यसमितिमा आवधिक जानकारी गराउने ।

(घ) जनस्तरमा पार्टीको छबिबारे अनुगमन, मूल्याङ्कन गर्ने र पार्टीको छबि र लोकप्रियतालाई अभिबृद्धि गर्न आवश्यक कार्य गर्ने ।

(ङ) पार्टीका निकायबाट भएका कामले जनस्तरमा पर्न गएको प्रभाव बारे मूल्याङ्कन गरी आवश्यक सुझाव दिने ।

(च) जनस्तरमा अन्य राजनीतिक दलहरूको प्रभावबारे मूल्याङ्कन गर्ने र प्रदेश कार्यसमितिलाई सुझाव दिने ।

(१३) **उद्योग, व्यापार, वाणिज्य तथा आपूर्ति विभाग**

(क) ठूला, मझौला, साना उद्योगको विवरण तयार गरी उद्योग मैत्री वातावरण तयार गर्न आवश्यक कार्य गर्ने ।

(ख) उद्योग वाणिज्य क्षेत्रका समस्याहरूको समग्र अध्ययन अनुसन्धान गरी नीति निर्माण गर्नका लागि प्रदेश कार्यसमितिमा सिफारिस गर्ने ।

(ग) वस्तु आयात र निर्यात बीचको असन्तुलन र व्यापार घाटाका कारणबारे अध्ययन, अनुसन्धान गरी निर्यात बढाउन र व्यापार घाटा कम गर्ने नीति बनाउन प्रदेश कार्यसमितिलाई सुझाव दिने ।

(घ) उद्योग तथा वाणिज्य क्षेत्रमा क्रियाशील संघ, संस्था, महासंघसंग सम्पर्क समन्वय गर्ने र पार्टी हितमा क्रियाशील गराउने ।

(ङ) वैदेशिक लगानी बृद्धिका लागि आवश्यक नीति बनाउन सहयोग गर्ने ।

(च) आपूर्ति व्यवस्थालाई सहज र व्यवस्थित बनाउनका लागि आवश्यक योजना बनाई प्रदेश कार्यसमितिलाई सिफारिस गर्ने ।

(छ) औद्योगिक, व्यापारिक र आपूर्ति व्यवस्थापनका सम्बन्धमा अध्ययन गरी प्रदेश कार्यसमितिमा समस्या समाधानका उपायहरू सिफारिस गर्ने ।

(ज) वैदेशिक लगानीको लागि आवश्यक वातावरण तयार गर्न प्रदेश कार्यसमितिलाई सुझाव दिने ।

(झ) पर्यटन व्यवसाय र उद्योगका सम्बन्धमा आवश्यक नीति निर्माणमा प्रदेश कार्यसमितिलाई सहयोग पुऱ्याउने ।

(१४) **भौतिक पूर्वाधार, निर्माण तथा यातायात विभाग**

(क) विकास निर्माणमा आवश्यक भौतिक पूर्वाधार निर्माणबारे नीति बनाउन प्रदेश कार्यसमितिलाई सहयोग गर्ने ।

(ख) दिगो तथा गुणस्तरीय निर्माण कार्यका लागि आवश्यक नीति बनाउन सुझाव दिने ।

(ग) विकास निर्माण र यातायात क्षेत्रसंग सम्वद्ध संघ संस्थासंग सम्पर्क समन्वय गरी पार्टीको हितमा क्रियाशील गराउने ।

(घ) यातायात र पारवाहन बारे प्रदेश नीति तर्जुमा गर्न प्रदेश कार्यसमितिलाई सुझाव दिने ।

(१५) **कृषि तथा भूमिसुधार विभाग**

(क) किसानको हक-हितका लागि समग्र कृषि क्षेत्रको अध्ययन

अनुसन्धान गरी प्रदेश कार्यसमितिलाई कृषि नीति बनाउन सहयोग गर्ने ।

(ख) भू उपयोग र भू व्यवस्थापन नीति निर्माण गर्ने, उर्वराशक्ति बढाउने, वस्ती व्यवस्थापन गर्ने, सिंचाइँ, मलखाद, बीउको सर्वसुलभता बनाउन आवश्यक नीति निर्माणमा पार्टीलाई सहयोग गर्ने ।

(ग) कृषि उत्पादनमा आत्मनिर्भर हुन आवश्यक नीति बनाउन सहयोग गर्ने ।

(घ) सुकुम्वासी, हलिया, भूमिहीन व्यक्तिहरूको बसोबासको उचित व्यवस्थापनको लागि आवश्यक अध्ययन अनुसन्धान गरी सम्बन्धित निकायमा आवश्यक सुझाव दिने ।

(ङ) कृषि तथा सहकारी सम्बन्धमा पार्टीले लिएको नीति, रणनीतिका बारेमा प्रदेशभित्र अन्तरक्रिया, गोष्ठी, छलफलको आयोजना गरी जानकारी गराउने ।

(च) कृषिमा आधारित सहकारी संस्थाको गतिविधिको जानकारी राखी प्रभावकारिताका सम्बन्धमा प्रदेश कार्यसमितिमा राय पेश गर्ने ।

(छ) खेती योग्य भूमिको बढ्दो क्षयीकरण रोकी अधिकतम उपयोग गर्ने नीति बनाउन पार्टीलाई सहयोग गर्ने ।

(ज) नेपाल किसान संघको सक्रियता र प्रभावकारिताका लागि सहयोग पुर्‍याउने ।

(१६) **युवा तथा खेलकुद विभाग**

(क) युवाको ज्ञान, सीप र ऊर्जालाई मुलुक र पार्टीको हितमा प्रयोग हुने गरी पार्टीको युवा नीति बनाउन आवश्यक अध्ययन गरी प्रदेश कार्यसमितिलाई सुझाव दिने ।

(ख) खेलकुद सम्वन्धमा आवश्यक अध्ययन अनुसन्धान गरी प्रदेश खेलकुद नीति बनाउन प्रदेश कार्यसमितिलाई सहयोग गर्ने ।

(ग) पार्टीसंग आवद्ध खेलकुदसम्वद्ध संघ संस्थाहरुसंग सम्पर्क समन्वय गरी पार्टीको हितमा क्रियाशील तुल्याउने ।

(घ) राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा ख्याती प्राप्त खेलाडीहरूको विवरण तयार गरी सम्पर्क तथा सम्बन्ध बढाउने र खेलाडीहरूलाई प्रोत्साहित गर्न आवश्यक कार्य गर्ने ।

(ङ) युवा वेरोजगार समस्याको समाधानका लागि अध्ययन अनुसन्धान गरी उपयुक्त नीति र कार्यक्रम निर्माण गर्न प्रदेश कार्यसमितिलाई सुझाव प्रस्तुत गर्ने ।

(च) प्रदेशस्तरमा हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितालाई व्यवस्थित रूपमा संचालन गर्न प्रदेश कार्यसमितिलाई आवश्यक सुझाव दिने ।

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीको हकहितका लागि नीति निर्माण गर्न प्रदेश कार्यसमितिलाई सुझाव दिने ।

(ज) प्रदेशस्तरमा समग्र खेलकुद तथा युवा रोजगार कार्ययोजना तयार गरी प्रदेश कार्यसमितिलाई सिफारिस गर्ने ।

(झ) सबै उमेर समूहलाई खेलकुद र व्यायामप्रति आकर्षण गर्नका लागि आवश्यक कार्ययोजना तयार गरी प्रदेश कार्यसमितिमा सिफारिस गर्ने ।

(ञ) निजी तथा व्यवसायिक खेलकुदको विकासका लागि समग्र योजना तयार गरी प्रदेश कार्यसमितिमा सिफारिस गर्ने ।

(१७) **जल, उर्जा तथा प्राकृतिक स्रोत विभाग**

(क) जल र उर्जाको अधिकतम सदुपयोग गर्ने बारेमा अध्ययन, अनुसन्धान गरी नीति निर्माणमा सहयोग गर्ने ।

(ख) जलस्रोत, खनिज, ऊर्जा, जङ्गल, जमिनलगायत सबै प्राकृतिक स्रोतबारे अध्ययन अनुसन्धान गरी नीति निर्माण गर्न प्रदेश कार्यसमितिलाई सहयोग गर्ने ।

(ग) प्राकृतिक स्रोतहरुको पहिचान र उपयोगको सम्भाव्यता अध्ययन गरी देश हितमा सदुपयोग गर्न आवश्यक कार्य गर्ने ।

(घ) जलस्रोत, खनिज, उर्जा, जमीन, जंगल जडीबुटी एवं जैविक विविधता सम्बन्धमा प्रदेश सरकारले लिएको नीति एवं ऐन, कानुन र नियमहरुको अध्ययन गरी समयसापेक्ष बनाउन प्रदेश कार्यसमितिलाई सुझाव दिने ।

(ङ) जलस्रोत, खनिज जडीबुटी, उर्जा, जमीन, वनजंगल, वातावरण, जैविक विविधताको संरक्षण र सन्तुलनका लागि विज्ञहरूसंग परामर्श, छलफल र अन्तरक्रिया गर्ने ।

(१८) **शान्ति, सुरक्षा तथा प्रशासन सेवा विभाग**

(क) शान्ति सुरक्षासंग सम्बन्धित निकाय र नागरिक प्रशासनलाई स्वतन्त्र, निष्पक्ष, भ्रष्टाचारमुक्त, सक्षम र पेशागत बनाउन आवश्यक नीति तर्जुमा गर्न प्रदेश कार्यसमितिलाई सहयोग गर्ने ।

(ख) शान्ति सुरक्षा र निजामती प्रशासनको अवस्थाबारे अध्ययन गरी प्रदेश कार्यसमितिलाई जानकारी गराउने । शान्ति सुरक्षा र नागरिक प्रशासन सम्बन्धमा पार्टीलाई नीति बनाउन

सहयोग गर्ने ।

(ग) शान्ति सुरक्षा, निजामति सेवा, सुरक्षासेवा लगायतका प्रशासनिक क्षेत्रमा राष्ट्रसेवा गरी निवृत भएका व्यक्तिहरूको अभिलेख तयार गर्ने, सम्बन्धित संघ, संस्था र व्यक्तिहरूसंग सम्पर्क समन्वय गरी पार्टीका पक्षमा क्रियाशील बनाउन आवश्यक पहल गर्ने ।

(घ) प्रदेश सरकारबाट शान्ति सुरक्षाका क्षेत्रमा भए गरेका काम कारवाहीको अनुगमन गर्ने ।

(१९) **ट्रेड यूनियन तथा श्रमिक विभाग**

(क) औपचारिक र अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूको विवरण तयार गरी श्रमिकको हक हितका लागि आवश्यक नीति बनाउन प्रदेश कार्यसमितिलाई सहयोग गर्ने ।

(ख) ट्रेड यूनियनहरूबारे अध्ययन गरी जानकारी राख्ने र प्रदेश कार्यसमितिलाई जानकारी गराउने ।

(ग) श्रम शोषण र बालश्रमको अन्त्य गर्ने, श्रमिक बिमा सुविधाको बढोत्तरी गर्ने लगायतका श्रमिकका हक हितमा आवश्यक कार्य गर्ने ।

(घ) उद्योग तथा औद्योगिक प्रतिष्ठानमा कार्यरत श्रमिकको हकहितका लागि आवश्यक नीति बनाई प्रदेश कार्यसमितिमा सिफारिस गर्ने ।

(ङ) उद्योगपति, व्यापारी, व्यवसायी र श्रमिकका बीचमा विद्यमान समस्याको समाधानका लागि आवश्यक पहल गर्ने ।

(च) श्रमिक र उद्योगपति, व्यवसायीका बीचमा समय समयमा छलफल, विचार गोष्ठीको आयोजना गरी समसामयिक विषयहरुमा विचार आदान प्रदान गर्ने ।

(२०) **वैदेशिक रोजगार समन्वय विभाग**

(क) प्रदेशभित्र रोजगारी सृजना गर्ने र वैदेशिक रोजगारलाई सुरक्षित एवं मर्यादित बनाउन नीतिगत सुधारका निम्ति आवश्यक नीति बनाई प्रदेश कार्यसमितिमा सिफारिस गर्ने ।

(ख) विदेशमा समस्यामा परेका प्रदेशभित्रका नेपालीलाई सहयोग गर्न आवश्यक समन्वय गर्ने ।

(ग) वैदेशिक रोजगारमा रहेका प्रदेशभित्रका नागरिकले व्यहोर्नु परेका समस्या समाधानका लागि प्रदेश कार्यसमितिमा सिफारिस गर्ने ।

(घ) युवाहरूलाई वैदेशिक रोजगारमा जानु पूर्व सम्बन्धित मुलुकका

बारेमा जानकारी तथा अभिमुखिकरण तालिमको व्यवस्था गर्न पहल गर्ने ।

(२१) **द्वन्द्व व्यवस्थापन विभाग**

(क) समाजमा विद्यमान सबै खाले द्वन्द्व र समाधानबारे अध्ययन गरी सुझाव दिने ।

(ख) पार्टीबाट शहादत प्राप्त शहिद, शहिद परिवार, हिंसा/आतङ्कबाट पीडित पार्टीका सदस्यको विवरण तयार गर्ने र त्यस्ता पीडितहरूलाई न्याय दिन आवश्यक कार्य गर्ने ।

(ग) द्वन्द्वको स्थायी समाधान, द्वन्द्व पीडितहरूलाई राहत र द्वन्द्वको पुनरावृत्ति हुन नदिने वातावरणको सुनिश्चतताका लागि प्रदेश कार्यसमितिलाई आवश्यक सुझाव दिने ।

(घ) द्वन्द्वको स्थायी समाधानका लागि द्वन्द्व व्यवस्थापनसंग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासंग सम्पर्क र समन्वय कायम गरी अन्तरक्रिया, गोष्ठीको आयोजना गर्ने ।

(ङ) द्वन्द्व पीडित, विस्थापित, घाइते, अपाङ्ग, वेपत्ता नागरिकहरुको हकहितका लागि आवश्यक कार्ययोजना बनाई प्रदेश कार्यसमितिमा सिफारिस गर्ने ।

(२२) **अन्य पार्टी सम्पर्क विभाग**

(क) प्रदेशभित्र क्रियाशील अन्य राजनीतिक दलको संख्या, आदर्श, नीति, कार्यक्रम, विधान, घोषणापत्रबारे अध्ययन गर्ने र प्रदेश कार्यसमितिलाई जानकारी र आवश्यक सुझाव दिने ।

(ख) प्रदेशभित्रका अन्य राजनीतिक दलका गतिविधि र प्रभावको मूल्याङ्कन गरी सुझाव सहित प्रदेश कार्यसमितिलाई जानकारी गराउने ।

(ग) प्रदेशभित्रका अन्य पार्टीसंग आवश्यकता अनुसार सम्पर्क स्थापित गर्ने ।

१९. **प्रदेश कार्यसमितिको काम, कर्तव्य र अधिकार, प्रदेश सभापतिको राजीनामा :**

(१) **विधानको धारा १३ (७) का अतिरिक्त प्रदेश कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) प्रत्येक बैठकको निर्णयको जानकारी सहित केन्द्रमा पठाउने ।

(ख) प्रदेश स्तरमा रहेका भ्रातृ संघ एवं शुभेच्छुक संस्थासंग समन्वय, परिचालन तथा आवश्यकतानुसार निर्देशन दिने ।

(ग) पार्टी केन्द्रसंग समन्वय गरी नेपाली कांग्रेस प्रदेश सभा संसदीय दललाई उपलब्ध गराउनु पर्ने सुझाव, सल्लाह र सहयोग गर्ने ।

(घ) प्रदेश कार्यसमिति र प्रदेश सभा संसदीय दलको आवश्यकतानुसार

संयुक्त बैठक राख्ने ।

(ङ) मातहतका सबै जिल्लामा जिल्ला प्रोफाइल तयार गर्न लगाउने ।

(२) **प्रदेश सभापतिको राजीनामा :**

(क) विधानको धारा ५० (७) बमोजिम प्रदेश सभापतिले केन्द्रीय सभापति समक्ष दिएको राजीनामा स्वीकृत भएमा प्रदेश कार्यसमितिका उप-सभापतिले कार्यवाहक प्रदेश सभापति भई कार्यभार सम्हाल्नेछ । यसरी सभापतिको पद रिक्त भएमा छ महिनाभित्रमा विशेष प्रदेश अधिवेशन बोलाई निर्वाचन हुनेछ । तर, प्रदेश कार्यसमितिको पदावधि एक वर्ष भन्दा कम रहेमा विशेष प्रदेश अधिवेशन हुने छैन ।

(ख) अन्य कुनै कारणबाट प्रदेश सभापतिको पद रिक्त हुन आएमा उपनियम (१) बमोजिम पदपूर्ती गरिनेछ ।

२०. **प्रदेश पार्टी कोष :**

(१) प्रदेशमा पार्टीको आफ्नो छुट्टै कोष रहनेछ, जसमा देहाय बमोजिमका रकम रहनेछ ।

(क) पार्टीको विधान र नियमावली बमोजिम सदस्यता र सदस्यता नवीकरणबाट प्राप्त रकम ।

(ख) पार्टीका सदस्यबाट विधान र नियमावली बमोजिम प्राप्त सहयोग (लेवी) रकम ।

(ग) प्रचलित कानुन पार्टी विधान र नियमावलीको अधिनमा रही प्राप्त हुने अन्य विविध रकम ।

(२) उपनियम १ (क) (ख) (ग) बमोजिम वार्षिक रूपमा संकलित रकममध्ये कम्तिमा पचास प्रतिशत रकम प्रदेश कार्यसमितिको नाममा बैंकमा मुद्धती खाता खोली आम्दानी बाँध्नु पर्नेछ । मुद्दती खाताबाट प्राप्त ब्याज रकम पार्टीका कामका लागि खर्च गरिनेछ ।

## परिच्छेद -६

## विदेशस्थित नेपाली जनसम्पर्क समिति

२१. **विदेशस्थित नेपाली जनसम्पर्क समिति :**

(१) कुनै पनि अन्य देशमा विधान बमोजिम नेपाली कांग्रेसको सदस्यता लिएका कम्तिमा पचास जना नेपाली नागरिकको भेलाले विधानको धारा १४ (१) बमोजिम नेपाली जनसम्पर्क समितिको तदर्थ कार्यसमिति गठन गर्न सक्नेछन् । तदर्थ समितिले आफ्नो विधानको मस्यौदा र कम्तिमा पचास जनाको हस्ताक्षर सहित केन्द्रमा आवद्धताका लागि निवेदन दिन सक्नेछन ।

(२) प्राप्त निवेदन उपर सम्बन्धित विभागले आवश्यक छानविन गरी महामन्त्री मार्फत्

पेश गरेको प्रस्तावका आधारमा केन्द्रीय कार्यसमितिले सम्बन्धित देशमा नेपाली जनसम्पर्क समितिको तदर्थ कार्यसमितिलाई स्वीकृति प्रदान गर्न सक्नेछ । यसरी स्वीकृत विदेशस्थित नेपाली जनसम्पर्क समितिलाई अनुसूची -२१ बमोजिमको मान्यतापत्र प्रदान गरिनेछ ।

(३) नेपाली जनसम्पर्क तदर्थ कार्यसमितिले उपनियम (२) बमोजिम स्वीकृति प्राप्त गरेको एक वर्षभित्र अधिवेशन गर्नुपर्नेछ ।

(४) नेपाली जनसम्पर्क समितिको अधिवेशनको मिति, प्रक्रिया आदि कार्य सम्बन्धित विभाग मार्फत केन्द्रसंग परामर्श गरी गर्नु पर्नेछ ।

(५) नेपाली कांग्रेसको क्रियाशील सदस्य वा क्रियाशील सदस्यमध्येबाट प्रान्त, क्षेत्र, च्याप्टर, शाखा वा सो सरहका अन्य नाम दिइएका निकायबाट निर्वाचित प्रतिनिधि, नेपाली जनसम्पर्क समितिका अधिवेशनका प्रतिनिधि हुनेछन् । सदस्यता व्यवस्थापन केन्द्रीय समितिले स्वीकृत गरी केन्द्रीय निर्वाचन समितिलाई उपलव्ध गराई प्रमाणित भएका क्रियाशील सदस्य वा क्रियाशील सदस्यले निर्वाचित गरेका प्रतिनिधिको सहभागितामा विधानको धारा १४ (३) अनुसारको केन्द्रीय पर्यवेक्षक र केन्द्रीय निर्वाचन समितिको प्रतिनिधिको उपस्थितिमा सम्पन्न हुने जनसम्पर्क समितिको अधिवेशनले उपनियम (७) बमोजिमको कार्यसमिति, विधानको धारा १४ (४) बमोजिम केन्द्रीय महाधिवेशन प्रतिनिधि र केन्द्रीय महासमिति सदस्यको निर्वाचन गर्नेछ ।

(६) उपनियम ५ बमोजिम निर्वाचित पार्टीको केन्द्रीय महाधिवेशन प्रतिनिधि र केन्द्रीय महासमिति सदस्य भएका जनसम्पर्क समितिका सदस्य, आफ्नो कार्यकालभित्र सम्पन्न हुने पार्टीको महाधिवेशन र महासमितिमा भाग लिन सक्नेछन् ।

(७) नेपाली जनसम्पर्क समिति कार्यसमितिको गठन देहाय बमोजिम हुने गरी नेपाली जनसम्पर्क समितिको विधानमा व्यवस्था गर्नु पर्नेछ ।

(क) नेपाली जनसम्पर्क समितिको अधिवेशनका सदस्यले निर्वाचित गरेको अध्यक्ष ।

(ख) नेपाली जनसम्पर्क समितिको अधिवेशनका सदस्यले निर्वाचित गरेको उपाध्यक्ष दुई, महामन्त्री दुई, र सह-महामन्त्री दुई ।

(ग) निर्वाचित अध्यक्षले नेपाली जनसम्पर्क समितिका निर्वाचित सदस्यमध्येबाट प्रस्ताव गरी कार्यसमितिबाट अनुमोदित कोषाध्यक्ष एक ।

(घ) नेपाली जनसम्पर्क समितिको अधिवेशनका सदस्यले निर्वाचित गरेका विधानको धारा १४ (४) को खण्ड (क) बमोजिमको अवस्थामा बढीमा पन्ध्र जना, खण्ड (ख) को अवस्थामा बढीमा तीस जना र खण्ड (ग) को अवस्थामा बढीमा पचास जना सदस्य ।

(ङ) निर्वाचित अध्यक्षले मनोनित गरेका सम्बन्धित देशभित्रको भौगोलिक

क्षेत्र र सो क्षेत्रभित्र रहेका विभिन्न वर्ग, जातजाति, लिङ्ग र समुदायको प्रतिनिधित्वलाई ध्यानमा राखी अधिवेशनका सदस्यमध्येबाट निर्वाचित कार्यसमितिको जम्मा सदस्य संख्याको बीस प्रतिशत सदस्य ।

(च) विधानको धारा १४ बमोजिम नेपाली जनसम्पर्क समितिका निर्वाचित महाधिवेशन प्रतिनिधि नेपाली जनसम्पर्क समिति कार्यसमितिका पदेन सदस्य हुनेछन् ।

(८) नेपाली जनसम्पर्क समिति कार्यसमितिको बैठकको छलफलका विषयसंग सम्बन्धित विज्ञलाई अध्यक्षले आवश्यकतानुसार बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(९) नेपाली कांग्रेस पार्टी आवद्ध नेपाली जनसम्पर्क समिति बाहेक विदेशमा नेपाली कांग्रेसका भ्रातृ संघ एवं शुभेच्छुक संस्थाको अन्य कुनै समिति वा शाखा रहने छैन ।

(१०) नेपाली जनसम्पर्क समितिका पदाधिकारी एवं सदस्यले संघीय संसद, प्रदेश सभा र स्थानीय तहको निर्वाचनमा पार्टीका हितमा सक्रियतापूर्वक सहयोग पुऱ्याउनु पर्नेछ ।

(११) पार्टीबाट मान्यताप्राप्त विदेशस्थित नेपाली जनसम्पर्क समितिको नामावली अनुसूची -२० बमोजिम हुनेछ ।

(१२) विधानको धारा १४ (६) बमोजिमको अवधिभित्र नेपाली जनसम्पर्क समितिको अधिवेशन हुनु पर्नेछ । उक्त अवधिभित्र अधिवेशन सम्पन्न नभएमा जनसम्पर्क समिति स्वतः विघटन हुनेछ र छ महिनाभित्र अधिवेशन गर्नका लागि पार्टी केन्द्रीय कार्यसमितिले आवश्यक निर्णय गर्नेछ ।

# परिच्छेद-८

## पदाधिकारी र कार्यविभाजन

**२२. पदाधिकारी र कार्यविभाजन सम्बन्धमा :**

(१) विधानको धारा २१ (४) बमोजिम कोषाध्यक्षको निर्वाचन, केन्द्रीय कार्यसमिति निर्वाचित भएको मितिले तीन महिनाभित्र गर्नु पर्नेछ ।

(२) केन्द्रीय कार्यसमितिका सभापतिले केन्द्रीय कार्यसमितिको निर्वाचन भएको तीन महिनाभित्र कार्यविभाजन सहित जिम्मेवारी तोक्नु पर्नेछ । यो व्यवस्था प्रदेश कार्यसमिति, जिल्ला कार्यसमिति, प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति, प्रदेश सभा क्षेत्रीय कार्यसमिति, नगर/गाउँ कार्यसमिति, नगर/गाउँ वडा कार्यसमितिका सभापतिको हकमा समेत सम्बन्धित तहका पदाधिकारीको कार्यविभाजन र जिम्मेवारी तोक्ने सम्बन्धमा पनि लागु हुनेछ ।

# परिच्छेद –७

## पार्टीको कोष र कोषको बाँडफाँड

२३. **पार्टी विधानको धारा २९ बमोजिम पार्टीको सदस्यता तथा सदस्यता नवीकरणबाट प्राप्त रकमका अतिरिक्त पार्टी कोषमा देहायका रकम रहनेछन् :**

(१) प्रचलित कानुन बमोजिम नेपाली नागरिक वा संगठित संस्थाबाट प्राप्त हुने स्वेच्छिक आर्थिक सहयोग ।

(२) पार्टीले कुनै कार्यक्रम आयोजना गरी संकलन गरेको रकम ।

(३) पार्टीको प्रकाशन तथा चल, अचल सम्पत्ति विक्रीबाट प्राप्त रकम ।

(४) पार्टी सदस्यबाट प्राप्त सहयोग रकम ।

(५) सार्वजनिक लाभको पदमा निर्वाचित, मनोनित वा नियुक्त भएका पार्टीका सदस्यमध्ये संघीय मन्त्री परिषदमा नियुक्त, संघीय संसदका सदस्य, प्रदेश मन्त्री परिषदमा नियुक्त, प्रदेश सभा सदस्य, जिल्ला समन्वय समितिका प्रमुख/उपप्रमुख, नगरपालिका प्रमुख/उपप्रमुख, गाउँपालिका अध्यक्ष/उपाध्यक्ष र अन्य राजनीतिक नियुक्ति वा मनोनित सदस्यले प्राप्त गर्ने मासिक पारिश्रमिकको बीस प्रतिशत, जिल्ला समन्वय समितिका सदस्य, गाउँ/नगर वडा अध्यक्षले प्राप्त गर्ने मासिक पारिश्रमिकको दश प्रतिशत, गाउँ/नगर वडा सदस्य र कार्यपालिका सदस्यले प्राप्त गर्ने मासिक पारिश्रमिकको पाँच प्रतिशत रकम पार्टीलाई अनिवार्य बुझाउनु पर्नेछ ।

(६) विधानको धारा ६९ बमोजिम पार्टीको कोषमा प्राप्त हुने रकम र सोको बाँडफाँड देहाय बमोजिम हुनेछ :

(क) संघीय संसदका सदस्यले पार्टीको संघीय संसदीय दलमा र प्रदेश सभाका सदस्यले पार्टीको प्रदेश संसदीय दलमा उपनियम (५) बमोजिमको सहयोग रकम (लेवी) बुझाउनु पर्नेछ । नेपाल सरकारका मन्त्री र संघीय संसदका सदस्यलाई संघीय संसदीय दलले र प्रदेश सरकारका मन्त्री र प्रदेश सभाका सदस्यलाई प्रदेश सभा संसदीय दलले उपनियम (५) का अतिरिक्त थप सहयोग रकम तोक्न सक्नेछ । संघीय संसदीय दल र प्रदेश सभा संसदीय दलले प्रत्येक महिनाको सात गतेभित्र पछिल्लो महिनाको प्राप्त सहयोग रकम पार्टी केन्द्रमा पठाउनु पर्नेछ ।

(ख) जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र सदस्य, नगरपालिकाका प्रमुख, उपप्रमुख, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्षले पार्टी केन्द्रीय कार्यालयको नाममा रहेको बैंक खातामा प्रत्येक महिनाको सात गतेभित्र पछिल्लो महिनाको उपनियम (५) बमोजिमको सहयोग रकम जम्मा गर्नु पर्नेछ ।

(ग) केन्द्रीय कार्यसमितिको पदाधिकारीले मासिक रु. १००० र सदस्यले रु.

५००, प्रदेश कार्यसमितिका पदाधिकारीले मासिक रु. ५०० र सदस्यले रु. ३००, जिल्ला कार्यसमितिका पदाधिकारीले मासिक रु. १५० र सदस्यले रु. ६०, प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिका पदाधिकारीले मासिक रु. १५० र सदस्यले रु. ६०, केन्द्रीय महाधिवेशन प्रतिनिधिले मासिक रु. १५०, प्रदेश सभा क्षेत्रीय कार्यसमितिका पदाधिकारीले मासिक रु. ९० र सदस्यले रु. ६०, प्रदेश अधिवेशन प्रतिनिधिले मासिक रु. ९०, गाउँ/नगरपालिकाका पदाधिकारीले मासिक रु. ६० र सदस्यले रु. ३० का दरले सहयोग शुल्क सम्बन्धित तहको कार्यसमितिको कार्यालयमा वा बैंक खातामा त्रैमासिक, अर्धवार्षिक वा वार्षिक बुझाउनु पर्नेछ । यस्तो रकम सम्बन्धित कार्यसमितिको निर्णय बमोजिम परिचालन हुनेछ । यस्तो रकमको बाँडफाँड हुने छैन ।

(घ) (१) सार्क मुलुकका जनसम्पर्क समिति कार्यसमितिका पदाधिकारीले मासिक रु. १५० र सदस्यले मासिक रु. ९० ।

(२) चीन, मलेशिया, इजरायल, ओमन, जोर्डन लगायत मध्यपूर्व/खाडी मुलुक र अफ्रिकी देशहरूका जनसम्पर्क समिति कार्यसमितिका पदाधिकारीले मासिक रु. २४० र सदस्यले मासिक रु. १५० ।

(३) यूरोपका सबै देश, अमेरिका, क्यानडा, अष्ट्रेलिया, सिंगापुर, हंगकंग, मकाउ, दक्षिण कोरिया र जापान लगायतका अन्य सबै देशका नेपाली जनसम्पर्क समिति कार्यसमितिका पदाधिकारीले मासिक रु. ३०० (तीन सय) र सदस्यले रु. २४० (दुई सय चालीस) निर्वाचित वा मनोनित भएको मितिदेखि सहयोग रकम पार्टी केन्द्रमा बुझाउनु पर्नेछ । यस्तो रकम अर्धवार्षिक रूपमा वा वार्षिक क्रियाशील सदस्यता नवीकरण गर्दा एकमुष्ट पठाउन सकिनेछ ।

(ङ) जिल्ला स्तरीय राजनीतिक नियुक्ति पाएका पार्टी सदस्यहरूले सम्बन्धित जिल्ला कार्यसमितिमा, प्रदेश स्तरीय राजनीतिक नियुक्ति पाएका पार्टी सदस्यले सम्बन्धित प्रदेश कार्यसमितिमा र केन्द्र स्तरीय राजनीतिक नियुक्ति पाएका पार्टी सदस्यले बुझाउनु पर्ने मासिक सहयोग रकम केन्द्रमा बुझाउनु पर्नेछ । यस्तो रकमको बाँडफाँड हुनेछैन ।

(७) उपनियम ५ तथा उपनियम ६ (क) र (ख) बमोजिम केन्द्रमा प्राप्त रकमको बाँडफाँड देहाय बमोजिम हुनेछ :

(क) गाउँ/नगर वडा कार्यसमितिमा २५ प्रतिशत, गाउँ/नगर कार्यसमितिमा १० प्रतिशत, प्रदेश सभा क्षेत्र, प्रतिनिधि सभा क्षेत्र, जिल्ला र प्रदेश कार्यसमिति प्रत्येकमा ५/५ प्रतिशत र केन्द्रीय कार्यसमितिमा ४५ प्रतिशत ।

(ख) प्रत्येक महिनाको सात गतेभित्र पछिल्लो महिनाको प्राप्त सहयोग रकम

केन्द्रबाट सोही महिनाको मसान्तभित्र उपनियम ७ (क) बमोजिमको प्रतिशतका दरले सम्बन्धित पार्टी निकायको नाममा रहेको बैंक खातामा पठाउनु पर्नेछ ।

(८) प्रचलित कानुन र पार्टी विधानको मातहतमा रही केन्द्रीय कार्यसमितिले अन्य सहयोग रकम संकलन गर्न र सोको बाँडफाँड तथा परिचालन गर्ने सम्बन्धमा आवश्यक निर्णय गर्न सक्नेछ ।

(९) पार्टी आवद्ध भ्रातृ संघ, शुभेच्छुक संस्था र विदेशस्थित नेपाली जनसम्पर्क समितिलाई पार्टी कोष सुदृढ गर्ने कार्यमा सहयोग पु¥याउन पार्टीले आवश्यकतानुसार निर्देश गर्न सक्नेछ ।

(१०) यस नियमावली बमोजिमको सहयोग शुल्क बुझाउने पार्टीका पदाधिकारी, सदस्य, क्रियाशील सदस्य, संस्थाको अभिलेख पार्टीको केन्द्रीय कार्यालय, प्रदेश कार्यालय, जिल्ला कार्यालय र प्रतिनिधि सभा क्षेत्रीय कार्यालयमा व्यवस्थित राखिनेछ ।

## परिच्छेद –८

## उम्मेदवार र मतदाताको योग्यता, अभिलेख अद्यावधि सम्बन्धी व्यवस्था

२४. (१) **पार्टीको कुनै पनि सदस्य देहायको अवस्थामा पार्टीको कुनै पनि पद र पार्टीका तर्फबाट राज्यको कुनै निकायको पदमा उम्मेदवार हुन, पार्टीको आन्तरिक निर्वाचनमा मतदान गर्न र पार्टीको बैठकमा भाग लिन पाउने छैन ।**

(क) अनुशासनको कार्वाहीको सिलसिलामा निलम्बनमा परेको सदस्य, निलम्बनकोअवधिभर ।

(ख) पार्टी विधानको धारा ६९ बमोजिम पार्टीको क्रियाशील सदस्य, विभिन्न तह र जिम्मेवारीमा रहेका पदाधिकारी र सदस्यले यसै नियमावलीको नियम २३ ले व्यवस्था गरे बमोजिम बुझाउनु पर्ने सहयोग रकम (लेवी) नबुझाएमा ।

(ग) विधान र यस नियमावलीमा उम्मेदवारको योग्यता सम्बन्धी भएका व्यवस्थाका अतिरिक्त जातीय विभेद र लैगिंक हिंसाका अपराधमा सक्षम अदालतबाट अन्तिम निर्णय भई दोषी ठहर भएको सदस्य ।

(२) निर्वाचनमा उम्मेदवारी मनोनयन दर्ता गराउँदा पार्टी विधान र यसै नियमावलीले तोके अनुसारको सहयोग रकम (लेवी) फरफारक गरेको, बुझाएको पत्र समेत बुझाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम मतदान गर्न र उम्मेदवार बन्न नपाउने सदस्यको विवरण पार्टीको सम्बन्धित निकायले निर्वाचन समितिमा उपलव्ध गराउनु पर्नेछ । निर्वाचन समितिले त्यस्ता सदस्यको नाम मतदाता नामावलीमा

समावेश नहुने गरी आवश्यक व्यवस्था मिलाउनेछ ।

**२५. अभिलेख अद्यावधिक राख्नुपर्ने :**

(१) स्थानान्तरण भई आएको वा गएको व्यक्तिको सम्बन्धित गाउँ/ नगर वडा वा गाउँ/ नगर कार्यसमितिले अभिलेख अद्यावधिक गरी सम्बन्धित व्यक्ति मार्फत स्थानान्तरण गरेको जिल्ला तथा प्रतिनिधिसभा क्षेत्रीय कार्यसमिति र सम्बन्धित गाउँ/नगर वडा वा गाउँ/नगर कार्यसमिति समेतमा अनुसूची -१५ अनुसारको जनाउ पत्र पठाउनुपर्नेछ । जनाउ पत्र प्राप्त गर्ने सम्बन्धित सबै निकायले आफ्नो अभिलेख अद्यावधिक गरी राख्नुपर्नेछ । साथै निवेदन परेको निकायले सम्बन्धित व्यक्तिलाई स्थानान्तरण भएको जानकारी प्रदान गर्नेछ ।

(२) पार्टी परित्याग वा मृत्यु भएको कारणबाट कुनै सदस्यको नाम अभिलेखबाट कट्टा गर्नु र गराउनुपर्ने प्रमुख जिम्मेवारी गाउँ/नगर वडा वा गाउँ/नगर कार्यसमितिको हुनेछ ।

(३) विधानको धारा ४ (१०) (क) बमोजिम कुनै पनि तहको कार्यसमितिको पदाधिकारी र सदस्यले सदस्यताको अद्यावधिक विवरण माग गर्दा कुन, के विवरण माग गर्ने हो, स्पष्ट खुलाई सभापति समक्ष लिखित अनुरोध गर्नु पर्नेछ । उपलव्ध गराउनु पर्ने विवरणको परिमाण हेरी कार्यालयले फोटोकपी, प्रिन्ट र पेपर खर्च वापत आवश्यक शुल्क, विवरण माग गर्ने पदाधिकारी र सदस्यसंग लिई उपलव्ध गराउने व्यवस्था गर्नु पर्नेछ ।

(४) पार्टी सदस्यताबाट निष्कासित गरिएको भएमा सदस्यको नाम दर्ता किताबबाट कैफियत जनाई हटाउने जिम्मेवारी सम्बन्धित सबै निकायको हुनेछ ।

(५) पार्टी अनुशासन उल्लघंनमा सजाय पाएको सदस्यको, निलम्बन र सजाय पाएको अवधिसम्म सदस्यता दिने र सदस्यता नवीकरण गरिने छैन ।

(६) जिल्ला कार्यसमितिले पार्टी सदस्यको अभिलेख अद्यावधिक गर्नु पर्नेछ । यसरी अभिलेख अद्यावधि गर्दा सदस्यले पार्टीलाई पुऱ्याएको योगदानको विवरण पनि अद्यावधि गरी राख्नु पर्नेछ ।

(७) उपनियम ६ बमोजिम पार्टीमा विशिष्ट योगदान पुऱ्याएका सदस्यको विवरण जिल्ला कार्यसमितिले प्रत्येक वर्ष प्रदेश कार्यसमिति मार्फत केन्द्रीय कार्यसमितिमा पठाउनु पर्नेछ । केन्द्रीय कार्यसमितिले विधानको धारा ५२ बमोजिम त्यस्ता व्यक्तिलाई अभिनन्दन र सम्मान गर्न सक्नेछ ।

(८) अभिलेख अद्यावधिक बनाउने कार्यमा प्रत्येक निकायका सम्बन्धित सबै सदस्यले सहयोग पुऱ्याउनु पर्नेछ ।

## परिच्छेद-९

# आचारसंहिता

२६. **आचारसंहिता :**

पार्टीका सबै तहका सदस्यको आचरण र व्यवहारलाई स्वच्छ, मर्यादित र अनुशासित बनाई पार्टीको छविलाई लोकप्रिय र विश्वसनीय बनाई राख्न पार्टीका प्रत्येक सदस्यले क्रियाशील सदस्यता आवेदन फारममा उल्लेखित प्रतिवद्धताका अतिरिक्त देहाय बमोजिमको आचारसंहिताको पालना गर्नुपर्नेछ –

(१) नेपाली कांग्रेसका प्रत्येक सदस्यले-

(क) नेपालको संविधान र कानुनप्रति प्रतिवद्ध भई जिम्मेवार नागरिकका रूपमा रहनु पर्दछ ।

(ख) पार्टीको आदर्शप्रति निष्ठावान रही उद्देश्य प्राप्त गर्न निरन्तर क्रियाशील रहनु पर्दछ ।

(ग) नेपाली कांग्रेसको विधान र यस अन्तर्गत बनेका नियमावली तथा निर्देशिकाको पालना गर्नु पर्दछ ।

(घ) पार्टी विधान बमोजिम अधिकार प्राप्त निकाय वा अधिकारीले गरेको निर्णय वा निर्देशनको पालना गर्नु पर्दछ । तर यस व्यवस्थाले पार्टीको सिद्धान्त, नीति, निर्णय र कार्यशैलीलाई परिमार्जित गर्ने सद्नियतबाट तथा पार्टीलाई हरतरहबाट सुदृढ गर्ने मनसायले पार्टीको आन्तरिक बैठक वा वहसमा विचार व्यक्त गर्न वाधा पारेको मानिने छैन ।

(ङ) आफ्नो जिम्मेवारीमा रहेका पार्टीको गोपनीय विषय र सामग्रीलाई पूर्ण संरक्षण गर्नु पर्दछ ।

(२) नेपाली कांग्रेसका प्रत्येक सदस्यले-

(क) सरकारी वा सार्वजनिक वा पार्टीको चल अचल समेतका कुनै पनि सम्पत्ति दुरूपयोग गर्नु हुँदैन ।

(ख) पदीय प्रभावको आधारमा निजी लाभ प्राप्त गर्ने वा गराउने काम गर्नु हुँदैन ।

(ग) पार्टीबाट अधिकार प्राप्त निकाय वा अधिकारीको स्वीकृति नलिई पार्टीका निम्ति सहयोग ग्रहण गर्नु हुँदैन ।

(घ) सार्वजनिक पद धारण गरेको व्यक्ति वा कानुन बमोजिम कार्यसम्पादन गर्ने अधिकारीलाई कानुन विपरितको काम गर्न र गराउन दवाव दिनु हुँदैन ।

(ङ) पार्टीको प्रतिष्ठालाई हानी पुग्ने गरी सार्वजनिक स्थलमा पार्टीको आन्तरिक विवादको विषयलाई अमर्यादित चर्चाको विषय बनाउनु हुँदैन ।

(च) पार्टीको मान, प्रतिष्ठा र मर्यादा अनुकूल आचरण गर्नु भ्रातृ संघ तथा

शुभेच्छुक संस्थाका सदस्य समेतको कर्तव्य हुनेछ ।

(३) नेपाली कांग्रेसका प्रत्येक सदस्यले-

(क) लाभको पदमा रहँदा आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको विवरण पार्टी कार्यालयमा पेश गर्नुपर्नेछ र वर्षेनी त्यसलाई अद्यावधिक गर्नुपर्नेछ । परिवार भन्नाले, आफू र आफ्नो अंश नछुट्टाइएको सगोलको पति वा पत्नी, छोरा, छोरी, तथा सगोलका बाबु-आमा, दाजु-भाइहरू र दिदी- बहिनीहरूलाई सम्झनु पर्दछ ।

(ख) केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यले निर्वाचन आयोगको प्रयोजनको लागि आफ्नो सम्पत्तिको विवरण शिलबन्दी गरी पार्टीको केन्द्रमा वार्षिक बुझाउनु पर्नेछ ।

(ग) नियम-कानुन विपरीत एवं अनुचित ढङ्गले आर्थिक लाभ प्राप्त गर्नु हुदै न ।

(घ) चाड-पर्व, विवाह, व्रतबन्ध जस्ता सामाजिक व्यवहार निर्वाह गर्दा तडक भडक एवं फजुल खर्च गर्नु हुँदैन र त्यस्ता कार्यलाई निरूत्साहित गर्नु पर्दछ ।

(ङ) कसैले कुनै कार्यमा सहयोग पुऱ्याइ दिए वापत आर्थिक लाभ लिनु हुदै न ।

(च) पार्टीको विधान र नियमावलीले गरेको व्यवस्था अनुसार पार्टीलाई बुझाउनु पर्ने सहयोग रकम (लेवी) नियमित बुझाउनु पर्नेछ ।

(छ) कसैको पनि चरित्र हत्या हुने र मर्यादा भङ्ग हुने अभिव्यक्ति प्रकट गर्नु हुदैन ।

(४) नेपाली कांग्रेसका प्रत्येक सदस्यले पार्टीले भाग लिएको निर्वाचनमा देहाय बमोजिमको कर्तव्य पालना गर्नु पर्दछ-

(क) पार्टी र पार्टीको आधिकारिक उम्मेदवार वा पार्टीले समर्थन गरेको उम्मेदवारको सफलताका लागि दत्तचित्त भई आफ्नो क्षेत्रबाट प्रयत्नशील हुनुपर्दछ ।

(ख) पार्टीले आधिकारिक रूपमा खडा गरेको वा समर्थन गरेको उम्मेदवार बाहेक अन्य पार्टी वा व्यक्तिलाई लाभ तथा आफ्नो पार्टीलाई हानी हुने गरी कुनै पनि किसिमको क्रियाकलाप गर्नु हुदैन ।

(५) नेपाली कांग्रेसका प्रत्येक सदस्यले-

(क) पार्टीले सुम्पेको काम इमान्दारी र निष्पक्षतापूर्वक सम्पन्न गर्नु पर्दछ । पार्टीले विशेष काम वा जिम्मेवारी नसुम्पेको अवस्थामा पनि पार्टीको आदर्श, उद्देश्य, सिद्धान्त, नीतिलाई टेवा पुग्ने काम आफ्नो क्षमता र जिम्मेवारी अनुसार गर्दै जानुपर्दछ ।

(ख) पार्टी वा पार्टीकातर्फबाट कुनै पनि निकायमा कार्यरत पार्टीका पदाधिकारी

वा सदस्यले आफूलाई सुम्पेको जिम्मेवारी इमान्दारी र निष्पक्षतापूर्वक सम्पन्न गर्नु पर्दछ ।

(ग) पार्टीको सिद्धान्त, नीति, कार्यक्रम र स्थानीय आवश्यकता अनुकूल हुने गरी स्थानीय तहका निर्वाचित निकायलाई सहयोग गर्नु पर्दछ ।

(घ) पार्टीका विरूद्ध लगाइने झुठा आरोपहरूका विरूद्ध सार्वजनिक रूपमा शान्तिपूर्ण एवं प्रभावकारी ढङ्गले खण्डन र प्रतिवाद गर्नु पर्दछ ।

(ङ) पार्टीद्वारा आयोजित कार्यक्रममा सक्रिय रूपमा सहभागी हुनु पर्दछ ।

(च) आफ्नो प्रदेश, जिल्ला, नगर वा गाउँ र वडामा सामाजिक चेतना र जागरण बढाउनुपर्छ तथा सेवामूलक कार्यक्रमहरूमा सक्रियताका साथ सहभागी बन्नु पर्दछ ।

(छ) पर्यावरणको सुरक्षा, वृक्षारोपण तथा धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक सम्पदाको संरक्षण गर्न क्रियाशील रहनु पर्दछ ।

(ज) किसान, मजदूर, आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पछाडि परेका वर्गको हकहितको संरक्षणमा निरन्तर क्रियाशील रहनु पर्दछ ।

(झ) जेष्ठ नागरिक, महिला, वालवालिका, अपाङ्गता भएका व्यक्ति र विशेष सहायताको आवश्यकता भएको व्यक्तिलाई सहयोग गर्ने ।

(ञ) स्थानीय तहको कुनै पनि पदमा निर्वाचित पार्टी सदस्यले पार्टीको नीति र कार्यक्रम अनुसार आचरण र व्यवहार गर्नुपर्दछ । साथै, आफू संलग्न भएको स्थानीय तहको गतिविधिका बारेमा सम्बन्धित तहको पार्टी निकायलाई जानकारी गराउनु पर्दछ ।

(ट) समय समयमा पार्टीद्वारा निर्धारित सहयोग शुल्क (लेवी) नियमित रूपमा सम्बन्धित पार्टी निकायमा बुझाउनु पर्दछ ।

(ठ) सामाजिक सद्भाव र जातीय सहिष्णुतामा खलल पुऱ्याउने कार्यका विरूद्ध निरन्तर जागरूक रहनु पर्दछ ।

(ड) जातीय भेदभाव, छुवाछूत र सामाजिक कुरीति जस्ता विकृति हटाउन निरन्तर क्रियाशील रहनु पर्दछ ।

(६) पार्टीका कुनै सदस्यले आचारसंहिता उल्लघंन गरेमा अनुशासन उल्लघंन र कार्वाहीको विषय बन्नेछ ।

(७) यस नियमावलीमा उल्लेखित आचारसंहितामा केन्द्रीय कार्यसमितिले थपघट वा हेरफेर गर्न सक्नेछ ।

## परिच्छेद-१०

## अनुशासन सम्बन्धी व्यवस्था

**२७. अनुशासन उल्लंघनमा कार्वाही हुने :**

(१) विधानको धारा ३४ (१) का अतिरिक्त पार्टीका सदस्यले देहाय बमोजिमको कार्य गरेमा अनुशासन उल्लंघन गरेको मानिनेछ र अनुशासनको कारवाही र सजायँ हुनेछ :

(क) पार्टीको निर्देशनको पालना नगरेमा ।

(ख) पटक-पटक अनुशासनको उल्लघंन गरेमा ।

(ग) पटक-पटक सचेत गराउँदा पनि नसुध्रेमा ।

(घ) पार्टी कोषको अपचलन वा हिनामिना गरेमा वा पार्टीको हिसाव किताब मासि खाएमा वा नष्ट गरेमा, हिसाव किताब पारदर्शी नगरेमा, समयमा लेखा परिक्षण नगराएमा, सम्बन्धित निकायमा समयमा लेखापरिक्षण प्रतिवेदन नबुझाएमा ।

(ङ) साम्प्रदायिक सद्भावमा आँच पुग्ने काम गरेमा ।

(च) पार्टीको आदर्श, सिद्धान्त, नीति, विधान, नियमावली र आचारसंहिता विपरित गतिविधि गरी पार्टीलाई हानी पुऱ्याउने कार्य गरेमा ।

(छ) पार्टी विधान र नियमावली बमोजिम पार्टी सदस्यताका लागि वा पार्टीको कुनै पनि पदमा निर्वाचित वा मनोनित हुन योग्यता नपुगेको व्यक्तिलाई जानी जानी गलत मनसायपूर्वक योग्यता पुगेको देखाउने वा प्रमाणित गर्ने कार्य गरेमा ।

(ज) पार्टीको आधिकारिक दस्तावेज, अभिलेख, निर्णय वा निर्देशन गलत मनसाय राखी केरमेट गरेमा, विगारेमा वा नष्ट गरी पार्टीलाई हानि नोक्सानी पुऱ्याएमा ।

**२८. पार्टीको कुनै पनि सदस्य, पदाधिकारी वा निकायले विधान र नियमावलीको उल्लघंन गरी अनुशासन विपरित काम गरेको अवस्थामा पार्टीका कुनै पनि सदस्य, पदाधिकारी वा निकायले उजुरी दिन सक्नेछ ।**

(१) अनुशासन समितिले विधान र नियमावलीको अधीनमा रही उजुरी दर्ता भएको छ महिनाभित्र उजुरी उपर छानविन गरी निर्णय गर्नेछ। यो नियमावली प्रारम्भ हुँदाका वखत अनुशासन समिति समक्ष विचाराधिन उजुरी उपर नियमावली प्रारम्भ भएको छ महिनाभित्र निर्णय गर्नु पर्नेछ ।

(२) कुनै पनि सदस्यलाई कारवाही गर्नु अघि अनुशासन समितिले देहाय बमोजिमको प्रक्रिया अपनाउनेछ–

(क) स्पष्टीकरण माग्ने ।

(ख) आवश्यक देखिएमा छानविनका लागि सम्बन्धित व्यक्तिलाई झिकाउने वा

स्थलगत जाँचबुझका लागि प्रतिनिधि खटाउने ।

(३) अनुशासन समितिले विधान र नियमावली बमोजिम आवश्यक देखेमा जसका उपर उजुर परेको छ, त्यस्ता सदस्यलाई निर्णय नहुन्जेलसम्मका लागि निलम्बन गरी कारवाही चलाउन सक्नेछ ।

(४) केन्द्रीय अनुशासन समितिले आफ्नो अधिकार, प्रदेश वा जिल्ला अनुशासन समितिलाई र प्रदेश अनुशासन समितिले आफ्नो केही अधिकारी जिल्ला अनुशासन समितिलाई प्रत्यायोजन गरी अनुशासन समितिको कुनै काम सम्पादन गर्न गराउन सक्नेछ ।

(५) यस नियमावलीमा अन्यत्र जेसुकै लेखिएको भए तापनि कुनै स्रोतबाट सोझै प्रदेश वा केन्द्रीय अनुशासन समितिलाई पार्टीका सदस्य, पदाधिकारी वा निकायले आचारसंहिता तथा अनुशासनको उल्लघंन गरेको जानकारी हुन आएमा समिति स्वयंले कारवाही अगाडि बढाउन सक्नेछ ।

(६) अनुशासन समितिले अनुशासनको उजुरी माथि छानविन गर्दा सम्बन्धित सदस्यलाई सफाईको उचित मौका दिनु पर्नेछ ।

२९. (१) **जिल्ला अनुशासन समिति :**

(क) सदस्य, पदाधिकारी वा निकायले नेपाली कांग्रेसको विधान र यस नियमावलीको उल्लंघन गरेको भनी उजुरी परेमा वा जिल्ला अनुशासन समितिमा जानकारी प्राप्त भएमा जिल्ला अनुशासन समितिले विधानको धारा ३४ (४) बमोजिम कारवाही गर्नेछ ।

(ख) स्थानीय तह संगठनभित्रको कुनै सदस्य, पदाधिकारी वा निकाय विरुद्धको उजुरी जिल्ला अनुशासन समितिमा दिनु पर्नेछ ।

(ग) उजुरी दिंदा उजुरकर्ताले जसका विरुद्ध उजुरी दिने हो, उसको स्पष्ट परिचय, अनुशासन विपरितको कार्य लगायत सबै विवरण खोली निवेदन दिनु पर्नेछ ।

(घ) जिल्ला अनुशासन समितिले सो उजुरीमाथि छानविन गरी निर्णय गर्नेछ ।

(ङ) विधानको धारा ३४ (४) (क) र (ख) सम्बन्धमा उजुरी नपरे पनि जिल्ला अनुशासन समितिले निस्कासन एवं निलम्बन गर्न सक्नेछ ।

(च) विधानको धारा ३४ (४) (ग) बमोजिमको कारवाहीका लागि सम्बन्धित निर्वाचनमा पार्टीको तर्फबाट उम्मेदवार भएको व्यक्तिले लिखित वा मौ खिक जानकारी दिनु पर्नेछ ।

(छ) जिल्ला अनुशासन समितिले अनुशासन सम्बन्धी कारवाही गर्दा विधानको धारा ३४ (४) (क) बाहेकको अवस्थामा सम्बन्धित व्यक्तिलाई छानविन गर्ने, स्पष्टिकरण सोध्ने र सफाईको मौका दिनेछ । तर विधानको धारा ३४ (४) को खण्ड (ख) र (ग) को कारवाही गर्दा निर्वाचनको अवधि हेरी तुरुन्त निर्णय गर्नु पर्नेछ ।

(ज) कुनै निकाय वा व्यक्तिबाट उजुरी नदिएको अवस्थामा पनि जिल्लाभित्रका कुनै पनि सदस्य, पदाधिकारी वा निकायले अनुशासन विपरितको कार्य गरेको जिल्ला अनुशासन समितिलाई कुनै पनि माध्यमबाट जानकारी हुन आएमा सो माथि छानविन गरी निर्णय गर्न सक्नेछ ।

(झ) केन्द्रीय अनुशासन समिति र प्रदेश अनुशासन समितिले प्रत्यायोजन गरेको काम, कर्तव्य र अधिकार बमोजिम जिल्ला अनुशासन समितिले अन्य आवश्यक कारवाही गर्न सक्नेछ ।

(ञ) विधान, नियमावली तथा केन्द्रीय अनुशासन समितिले निर्धारण गरेको प्रक्रियासँग नबाझिने गरी जिल्ला अनुशासन समितिले अन्य प्रक्रिया आफै निर्धारण गर्न सक्नेछ ।

(ट) अनुशासन समितिले कुनै सदस्यलाई कारवाही गर्दा त्यसको आधार र कारण स्पष्ट रूपमा खुलाउनु पर्नेछ ।

(ठ) तल्लो तहको अनुशासन समितिले गरेको निर्णयमा माथिल्लो तहको समितिले सदर, बदर वा संशोधन गर्न सक्नेछ ।

(ड) जिल्ला अनुशासन समितिमा परेको कुनै उजुरी वा अनुशासन विपरित कार्य भएको जानकारी हुन आएको विषयबारे प्रदेश अनुशासन समितिले छानविन वा निर्णय गर्न उचित हुन्छ भन्ने लागेमा जिल्ला अनुशासन समितिले प्रदेश अनुशासन समितिले माग गरे बमोजिमका सम्पूर्ण विवरण पठाउनु पर्नेछ ।

(२) **प्रदेश अनुशासन समिति**

(क) प्रदेश अनुशासन समितिले आफू समक्ष आएको जिल्ला अनुशासन समितिको निर्णय माथिको पुनरावेदन हेरी निर्णय गर्नेछ ।

(ख) पुनरावेदनमा निर्णय गर्दा प्रदेश अनुशासन समितिले उजुरी, उजुरी कर्ताले प्रस्तुत गरेको कागज वा प्रमाण, उजुरी परेको व्यक्तिका भनाई वा कागज प्रमाण र जिल्ला अनुशासन समितिले गरेको निर्णय वाहेक कुनै कुरा थप बुझ्नु पर्ने भए स्वयं वा जिल्ला अनुशासन समिति मार्फत बुझी निर्णय गर्न सक्नेछ ।

(ग) पुनरावेदन निर्णय गर्दा समितिले सम्बन्धित व्यक्ति वा अन्य कुनै व्यक्तिलाई समितिमा उपस्थित गराउने वा प्रतिनिधि पठाई कुनै पनि कुरा बुझ्न सक्नेछ ।

(घ) समितिले पुनरावेदन परेपछि निर्णय गर्दासम्मको अवस्थामा उजुरी परेको सदस्य, पदाधिकारी वा निकायलाई निलम्बन गरी निर्णय गर्न सक्नेछ ।

(ङ) प्रदेश अनुशासन समितिले आफ्नो अधिकार जिल्ला अनुशासन समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(च) जिल्ला कार्यसमिति, जिल्ला कार्यसमितिका पदाधिकारी वा सदस्य,

प्रदेश अधिवेशनका प्रतिनिधि, केन्द्रीय महाधिवेशनका प्रतिनिधि, केन्द्रीय महासमिति सदस्य, प्रदेश सभाका सदस्य, प्रदेश सरकारका मन्त्रीका विरुद्धमा अनुशासन सम्बन्धी उजुरी सोझै प्रदेश अनुशासन समितिमा दिन सकिने छ ।

(छ) जिल्ला अनुशासन समितिले उजुरी लिन नमानेमा वा कारवाही अगाडि नबढाएको अवस्थामा सोझै प्रदेश अनुशासन समितिमा उजुरी गर्न सकिनेछ ।

(ज) प्रदेश अनुशासन समितिलाई प्राप्त उजुरी, पुनरावेदन वा अनुशासन विपरितको कार्य बारे प्राप्त जानकारीमा केन्द्रीय अनुशासन समितिले निर्णय गर्दा उचित हुन्छ भन्ने लागेमा केन्द्रीय अनुशासन समितिमा पठाउन सक्नेछ ।

(३) **केन्द्रीय अनुशासन समिति**

(क) केन्द्रीय अनुशासन समितिले आफु समक्ष प्रस्तुत प्रदेश अनुशासन समितिको निर्णय उपरको पुनरावेदन हेरी निर्णय गर्नेछ ।

(ख) उपनियम ३ (क) बमोजिमको पुनरावेदनको निर्णय गर्दा केन्द्रीय अनुशासन समितिले जिल्ला वा प्रदेश अनुशासन समितिले बुझेका सबै प्रमाण सम्बन्धित व्यक्तिको भनाई, सबै कागज जाँची आवश्यक परेका थप कागज प्रमाण झिकाई आवश्यकतानुसार सम्बन्धित पक्ष वा अन्य कुनै पनि सदस्य वा निकायलाई झिकाई बुझी निर्णय गर्नेछ ।

(ग) केन्द्रीय कार्यसमितिका पदाधिकारी वा सदस्य, केन्द्रीय कार्यसमिति मातहतका प्रतिष्ठान, विभाग, मन्त्री, समिति, उपसमिति, संघीय संसदका सदस्यका विरुद्ध सोझै केन्द्रीय अनुशासन समितिमा उजुरी गर्न सकिनेछ ।

(घ) केन्द्रीय अनुशासन समितिले आफ्ना अधिकार प्रदेश वा जिल्ला अनुशासन समितिलाई प्रत्यायोजन गर्न सक्नेछ। कुनै उजुरी वा पुनरावदेन अनुसार छानविन गर्न सम्बन्धित व्यक्तिलाई बुझ्न परेमा केन्द्रीय अनुशासन समितिले स्वयं वा प्रदेश वा जिल्ला अनुशासन समिति मार्फत बुझ्न सक्नेछ ।

## ३०. सजाय सम्बन्धी व्यवस्था :

(१) पार्टी अनुशासन र आचारसंहिताको उल्लघंन गरेकोले कारवाहीका लागि उजुरी परेका सदस्यहरूमध्ये स्पष्टीकरण नै नदिने वा तोकिएको अवधिभित्र स्पष्टीकरण दिए पनि सन्तोषजनक रूपमा स्पष्टीकरण नदिने सदस्यलाई कसूरको मात्रा र गम्भीरतालाई दृष्टिगत गरी प्रदेश अनुशासन समिति र केन्द्रीय अनुशासन समितिले देहायबमोजिम कुनै एक सजायँको निर्णय गरी

सम्बन्धित तहका कार्यसमितिलाई जानकारी गराउनेछ ।

(क) सचेत गराउने ।

(ख) पार्टीको काम, कारवाही गर्नबाट प्रतिबन्ध लगाउने ।

(ग) पार्टीको विभिन्न तहको पदमा निश्चित समयसम्म उम्मेदवारी दिन नपाउने ।

(२) उपनियम (१) को खण्ड (क), (ख) र (ग) मा उल्लेखित सजाय पाएको सदस्यले पुनः सोही कसुर गरेको ठहरेमा त्यस्तो सदस्यलाई अन्य कुनै उपयुक्त सजाय गर्न वा पार्टी सदस्यताबाट समेत निष्काशन गर्न सकिनेछ ।

३१. **पुनरावेदन सम्बन्धी व्यवस्था** :

(१) जिल्ला अनुशासन समितिले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले चित्त नबुझेको व्यहोरा उल्लेख गरी निर्णयको सूचना पाएको मितिले ३५ (पैंतीस) दिनभित्र प्रदेश अनुशासन समिति समक्ष पुनरावेदन गर्न सक्नेछ । प्रदेश अनुशासन समितिको निर्णयमा चित्त नबुझेमा, नबुझ्ने पक्षले आफ्नो व्यहोरा उल्लेख गरी निर्णयको सूचना पाएको मितिले ३५ (पैंतीस) दिनभित्र केन्द्रीय अनुशासन समिति समक्ष पुनरावेदन दिन सक्नेछ ।

(२) केन्द्रीय अनुशासन समितिले गरेको निर्णयमा चित्त नबुझेमा, चित्त नबुझ्ने पक्षले चित्त नबुझेको व्यहोरा उल्लेख गरी विधानको धारा ३४ (८) (च) बमोजिम निर्णयको सूचना पाएको मितिले ३५ (पैंतीस) दिनभित्र केन्द्रीय कार्यसमितिमा पुनरावेदन गर्न सक्नेछ । केन्द्रीय कार्यसमितिको निर्णय अन्तिम हुनेछ ।

(३) उजुरीका पक्ष विपक्षका लागि पुनरावेदन गर्ने म्याद जिल्ला, प्रदेश वा केन्द्रीय अनुशासन समितिको निर्णय सहितको प्रतिलिपि प्राप्त गरेको वा त्यस सम्बन्धमा सूचना प्रकाशित गरेको मितिबाट प्रारम्भ भएको मानिनेछ ।

(४) उपनियम १ अनुसारको पुनरावेदनको किनारा दुई महिनाभित्र गर्नु पर्नेछ । उपनियम (२) अनुसार परेको पुनरावेदनको किनारा केन्द्रीय कार्यसमितिले निर्धारण गरेको प्रक्रिया अनुसार हुनेछ ।

(५) पुनरावेदन सम्बन्धी अन्तिम निर्णयको अभिलेख सम्बन्धित सदस्यको दर्ता किताबको कैफियत महलमा जनाई राखिनेछ ।

## परिच्छेद–११

## केन्द्रीय निर्वाचन समिति

३२. **केन्द्रीय निर्वाचन समिति** :

(१) केन्द्रीय सभापतिबाट प्रमाणित भई केन्द्रीय कार्यालयबाट प्राप्त भएको क्रियाशील सदस्यताको मतदाता नामावलीको अन्तिम सूची केन्द्रीय निर्वाचन

समितिले प्रमाणित गरी सम्बन्धित तहको अधिवेशनमा प्रकाशन गर्नेछ ।

(२) विधान बमोजिम पार्टीका सबै तह र निकायको निर्वाचन सम्पन्न गर्न निर्वाचन समितिलाई आवश्यक सहयोग पुऱ्याउनु पार्टी र भ्रातृ संघ एवं शुभेच्छुक संस्थाको सबै तहको कर्तव्य हुनेछ ।

(३) पार्टीको कुनै पनि तह र निकायमा उम्मेदवारी दिदा विधान र नियमावली बमोजिम बुझाउनु पर्ने रकम बाँकी नरहेको पत्र संलग्न नभएमा निर्वाचन समितिले मनोनयन दर्ता गर्ने छैन ।

(४) केन्द्रीय निर्वाचन समितिले निर्वाचन निर्देशिका वा कार्यविधि तयार गरी केन्द्रीय कार्यसमितिबाट स्वीकृत गराई लागु गर्नेछ । सो निर्देशिका नियमावली सरह लागु हुनेछ ।

(५) पार्टीका कुनै तह र निकायको निर्वाचन सम्पन्न गर्नका लागि केन्द्रीय निर्वाचन समितिले प्रदेश, जिल्ला, प्रतिनिधि सभा क्षेत्र, प्रदेश सभा क्षेत्र, नगरपालिका, गाउँपालिका, नगर/गाउँपालिका वडा र विदेशस्थित जनसम्पर्क समितिमा सम्पादन गर्नु पर्ने कार्यका लागि आवश्यकतानुसार प्रतिनिधि वा टोली खटाउन सक्नेछ वा त्यस्तो कार्यका लागि पार्टीको कुनै निकायलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(६) निर्वाचन क्यालेण्डर केन्द्रीय कार्यसमितिले केन्द्रीय निर्वाचन समितिसंग समन्वय गरी सार्वजनिक गर्नेछ ।

(७) निर्वाचन निर्देशिकाको पालना गर्नु पार्टीका सबै सदस्यको कर्तव्य हुनेछ ।

(८) निर्वाचनको क्रममा निर्वाचन निर्देशिका उल्लघंन गरेमा केन्द्रीय निर्वाचन समितिले अनुशासन समितिले गर्ने कारवाही र सजाय गर्न सक्नेछ ।

## परिच्छेद-१२

## केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

३३. (१) विधानको धारा ३६ का अतिरिक्त केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) प्रतिष्ठानले नीति निर्माण, अनुसन्धान र प्रशिक्षणका निमित्त अलग अलग कार्यविधि तयार गरी काम गर्नेछ ।

(ख) प्रतिष्ठानले प्रतिष्ठानका कार्यकारी निर्देशक र निर्देशकको सेवा, सर्त र सुविधा सम्बन्धी निर्देशिका बनाई केन्द्रीय कार्यसमितिबाट पारित गरी लागु गर्नेछ । प्रतिष्ठानका अन्य जनशक्ति केन्द्रीय कार्यालयले व्यवस्था गरे बमोजिम हुनेछ ।

(ग) प्रतिष्ठानको उप-प्रमुख, सदस्य, कार्यकारी निर्देशक र निर्देशक हेरफेर गर्नु परेमा प्रतिष्ठानका प्रमुखले केन्द्रीय सभापतिसंग परामर्श गरी

गर्नेछ ।

(घ) प्रतिष्ठानले शुभेच्छुक संस्थासंग समन्वय गरी सम्बन्धित विशेषज्ञको राय लिई विभिन्न पेशा तथा व्यवसायिक संघ संस्थालाई विशेष जिम्मेवारी प्रदान गर्न सक्नेछ ।

(ङ) प्रतिष्ठानले वर्षभरि गर्नु पर्ने कामको क्यालेण्डर बनाई केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्नेछ ।

(च) पार्टीको नीति तथा कार्यक्रमको निर्माण गर्दा सम्बन्धित केन्द्रीय विभागले तयार गरेको निष्कर्ष र प्रतिवेदनलाई समेत प्रयोग गर्नेछ ।

(२) प्रदेश प्रशिक्षण विभागको गठन :

(क) प्रदेश सभापतिले विधानको धारा ३६ (१) (ग) बमोजिम तोकेको प्रदेश कार्यसमितिको उपसभापति प्रदेश प्रशिक्षण विभागको प्रमुख हुनेछ ।

(ख) प्रदेशभित्रका सबै जिल्ला प्रशिक्षण शाखाका प्रमुख प्रदेश प्रशिक्षण विभागका पदेन सदस्य हुनेछन् ।

(ग) प्रदेश प्रशिक्षण विभाग प्रमुखले प्रदेश सभापतिसंग परामर्श गरी विभागमा पदेन सदस्य सहित बढीमा पच्चीस जना हुने गरी सदस्य मनोनित गर्नेछ । यसरी मनोनित गर्दा प्रदेश भित्रका नेपाली कांग्रेसको क्रियाशिल सदस्यमध्येवाट प्रशिक्षण सम्बन्धी ज्ञान र रुचीको आधारमा भौगौलिक सन्तुलन र समावेशितालाई समेत ध्यान दिई गरिनेछ ।

(घ) प्रदेश प्रशिक्षण विभाग प्रमुखले प्रदेश सभापतिसंग परामर्श गरी सदस्यमध्येवाट एक जना उपप्रमुख र एक जना सचिव मनोनित गर्नेछ।

(३) जिल्ला प्रशिक्षण शाखाको गठन :

(क) जिल्ला सभापतिले तोकेको जिल्ला कार्यसमितिको उप-सभापति जिल्ला प्रशिक्षण शाखाको प्रमुख हुनेछ ।

(ख) जिल्लाभित्र दुई वा दुई भन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएमा प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिको सभापतिले तोकेका उप-सभापतिहरु जिल्ला प्रशिक्षण शाखाको पदेन सदस्य हुनेछ ।

(ग) जिल्ला प्रशिक्षण शाखाको प्रमुखले जिल्ला सभापतिसंग परामर्श गरी शाखामा पदेन सदस्य सहित बढीमा पन्ध्र जना हुने गरी सदस्य मनोनित गर्नेछ । यसरी मनोनित गर्दा जिल्लाभित्रका नेपाली कांग्रेसको क्रयाशील सदस्यमध्येवाट प्रशिक्षण सम्बन्धी ज्ञान र रुचीको आधारमा भौगौलिक सन्तुलन र समावेशितालाई समेत ध्यान दिई गरिनेछ ।

(घ) जिल्ला प्रशिक्षण शाखा प्रमुखले जिल्ला सभापतिसंग परामर्श गरी सदस्यमध्येवाट एक जना उप-प्रमुख र एक जना सचिव मनोनित गर्नेछ।

(४) प्रतिनिधिसभा क्षेत्रीय प्रशिक्षण शाखाको गठन :

(क) प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिको सभापतिले तोकेको प्रतिनिधि सभा

क्षेत्रीय कार्यसमितिको उप-सभापति प्रतिनिधिसभा क्षेत्रीय प्रशिक्षण शाखाको प्रमुख हुनेछ ।

(ख) प्रतिनिधिसभा क्षेत्रीय प्रशिक्षण शाखाको प्रमुखले प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिको सभापतिसंग परामर्श गरी शाखामा पदेन सदस्य सहित बढीमा पन्ध्र जना हुने गरी सदस्य मनोनित गर्नेछ। यसरी मनोनित गर्दा प्रतिनिधिसभा क्षेत्रभित्रका नेपाली कांग्रेसको क्रियाशील सदस्यमध्येवाट प्रशिक्षण सम्बन्धी ज्ञान र रुचीको आधारमा प्रतिनिधिसभा निर्वाचन क्षेत्रभित्रका नगरपालिका र गाँउपालिकाको यथासम्भव प्रतिनिधित्व र समावेशितालाई समेत ध्यान दिई गरिनेछ ।

(ग) प्रतिनिधिसभा क्षेत्रीय प्रशिक्षण शाखाको प्रमुखले प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिको सभापतिसंग परामर्श गरी सदस्यमध्येबाट एक जना उप-प्रमुख र एक जना सचिव मनोनित गर्नेछ ।

(५) प्रदेश प्रशिक्षण विभाग, जिल्ला प्रशिक्षण शाखा र प्रतिनिधिसभा क्षेत्रीय प्रशिक्षण शाखाले केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको नीति र निर्देशन अनुसार काम गर्नेछन ।

# परिच्छेद -१३

## लेखा समिति, कोष निर्माण तथा संचालन समिति

३४. **लेखा समिति सम्बन्धी व्यवस्था :**

(१) **विधानको धारा ३९ का अतिरिक्त केन्द्रीय लेखा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) केन्द्रीय लेखा समितिले आवश्यकतानुसार मातहत निकायहरू समेतका लागि निर्देशिका बनाई केन्द्रीय कार्यसमितिबाट स्वीकृत गराई लागु गर्न सक्नेछ ।

(ख) केन्द्रीय लेखा समितिले मातहत निकायका लेखा परिक्षण प्रतिवेदन झिकाई आवश्यक राय सुझाव र निर्देशन दिन सक्नेछ ।

(२) **प्रदेश र जिल्ला लेखा समिति सम्बन्धी व्यवस्था :**

(क) प्रदेश कार्यसमितिले प्रदेशमा र जिल्ला कार्यसमितिले जिल्लामा लेखा समिति गठन गर्नेछ ।

(ख) प्रदेश कार्यसमितिका सभापतिले प्रदेश कार्यसमितिका सदस्यमध्येबाट एक जना संयोजक र सम्बन्धित विषयका जानकारमध्येबाट दुई जनाको नाम प्रस्ताव गरी प्रदेश कार्यसमितिको बैठकबाट अनुमोदन भई प्रदेश लेखा समितिको गठन हुनेछ र सोको जानकारी केन्द्रीय लेखा समितिलाई दिनेछ ।

(ग) जिल्ला कार्यसमितिका सभापतिले जिल्ला कार्यसमितिका सदस्यमध्येबाट एक जना संयोजक र सम्बन्धित विषयका जानकारमध्येबाट दुई जनाको नाम प्रस्ताव गरी जिल्ला कार्यसमितिको बैठकबाट अनुमोदन गरी जिल्ला लेखा समितिको गठन हुनेछ र सोको जानकारी प्रदेश लेखा समिति मार्फत् केन्द्रीय लेखा समितिमा दिनेछ ।

(घ) पार्टीसंग आवद्ध भ्रातृ संघको केन्द्रीय सभापतिले केन्द्रीय कार्यसमितिका सदस्यमध्येबाट एक जना संयोजक र सम्बन्धित विषयका जानकारमध्येबाट दुई जनाको नाम प्रस्ताव गरी केन्द्रीय कार्यसमितिको बैठकबाट अनुमोदन गरी भ्रातृ संघको लेखा समिति गठन हुनेछ ।

(ङ) प्रदेश तथा जिल्ला लेखासमितिले आ-आफ्नो तहको कार्यसमितिको बार्षिक लेखा परिक्षण गराउने, आर्थिक पारदर्शिता कायम राख्ने र आर्थिक व्यवस्थापनका लागि आवश्यक कार्य गर्नेछ ।

(च) प्रदेश लेखासमिति र जिल्ला लेखासमितिले आ-आफ्नो तहको बार्षिक रूपमा आयव्ययको विवरणको लेखा परिक्षण गराई जिल्ला लेखासमितिले प्रदेश मार्फत र प्रदेश लेखासमितिले केन्द्रीय लेखासमितिमा प्रतिवेदन पठाउनु पर्नेछ ।

(छ) नियम २७ (१) (घ) बमोजिमको अनुशासन विपरितको कार्यको छानविनका लागि केन्द्रीय अनुशासन समितिलाई लेखा समितिले सहयोग पुऱ्याउनेछ ।

(ज) भ्रातृ संघ केन्द्रीय लेखासमितिले सम्बन्धित भ्रातृ संघको बार्षिक लेखा परिक्षण गराउने, आर्थिक पारदर्शिता कायम राख्ने र आर्थिक व्यवस्थापनका लागि आवश्यक कार्य गर्नेछ ।

**३५. कोष निर्माण तथा संचालन समिति :**

(१) केन्द्र, प्रदेश तथा जिल्लामा कोषाध्यक्षको संयोजकत्वमा चार जना सदस्य रहेको कोष निर्माण तथा संचालन समिति गठन हुनेछ ।

(२) कोष निर्माण तथा संचालन कार्यमा योगदान पुऱ्याउन सक्ने व्यक्तिहरुमध्येबाट सम्बन्धित तहको कार्यसमितिको सभापतिले सदस्यहरुको मनोनयन गर्नेछ ।

(३) समितिले कार्य योजना बनाई कोष निर्माण तथा संचालन गर्नेछ ।

(४) समितिले आफ्नो कार्य विवरण वर्षमा कम्तिमा एक पटक सम्बन्धित तहको कार्यसमितिमा पेश गरी अनुमोदन गराउनु पर्नेछ ।

(५) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति, प्रदेश सभा क्षेत्रीय कार्यसमिति, नगर/गाउँ कार्यसमिति, नगर/गाउँ वडा कार्यसमिति र टोल कार्यसमितिमा पनि कोष निर्माण तथा संचालन समिति गठन गर्न सकिनेछ ।

(६) कोष निर्माण तथा संचालन र आर्थिक व्यवस्थापनका लागि केन्द्रीय कार्यसमितिले आर्थिक विनियम बनाई लागु गर्न सक्नेछ ।

# परिच्छेद–१४

## भ्रातृ संघ तथा शुभेच्छुक संस्था

३६. (१) भ्रातृ संघ एवं शुभेच्छुक संस्था स्थापनाका लागि सम्बन्धित वर्ग, समुदाय, पेशा र व्यवसायका व्यक्तिहरुको व्यापक सहभागितामा भेलाको आयोजना गरी उक्त भेलाले तदर्थ समिति र विधानको मस्यौदा तयार गरी पार्टीबाट मान्यता पाउनका लागि भेलाको उपस्थितिको प्रतिलिपि, तदर्थ कार्यसमितिको नामावली र विधानको मस्यौदा सहित केन्द्रमा निवेदन दिनु पर्नेछ ।

(२) यसरी प्राप्त हुन आएको निवेदन उपर आवश्यक जाँचबुझ गरी सम्बन्धित विभागले भ्रातृ संघ वा शुभेच्छुक संस्था स्थापना गर्ने नगर्ने सम्बन्धमा आफ्नो राय सहित महामन्त्री मार्फत् केन्द्रीय कार्यसमितिमा प्रस्ताव गर्नेछ ।

(३) पार्टी विधानको धारा ४२ का अतिरिक्त पार्टीबाट मान्यता प्राप्त भ्रातृ संघ सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) भ्रातृ संघलाई मान्यता दिदा केन्द्रीय कार्यसमितिले अनुसूची -१७ (क) बमोजिमको मान्यतापत्र प्रदान गर्नेछ ।

(ख) विधानको धारा ४२ (१) (क) बमोजिम मान्यता प्राप्त भ्रातृ संघको विवरण अनुसूची -१८ मा उल्लेख हुनेछ ।

(ग) भ्रातृ संघले आफ्नो विधान वा संशोधनका लागि पार्टी केन्द्रीय कार्यसमितिमा प्रस्तुत गरेको एक महिनाभित्र केन्द्रीय कार्यसमितिले निर्णय गर्नेछ ।

(घ) प्रत्येक भ्रातृ संघले नेपाली कांग्रेसले निर्धारण गरेको स्थानीय, प्रदेश र केन्द्रीय कार्यक्रममा आफ्नो पहिचान जनाउने व्यानर र झण्डा सहित अनिवार्य रूपमा सहभागी हुनु पर्नेछ ।

(ङ) प्रत्येक भ्रातृ संघले आफ्नो संस्थाका सदस्यको कुल संख्या र भ्रातृ संघले वितरण गरेको नेपाली कांग्रेसको सदस्यको विवरण र भ्रातृ संघका सम्पूर्ण निकायका पदाधिकारी तथा सदस्यको नामावली तहगत पार्टी निकायमा बुझाउनु पर्नेछ ।

(च) भ्रातृ संघको कार्यकाल तीन वर्षको हुनेछ । पार्टीको विधान र यो नियमावली लागु हुँदाका वखत कायम रहेका भ्रातृ संघको हकमा भ्रातृ संघको केन्द्रीय अधिवेशन पश्चात् मात्र लागु हुनेछ ।

(छ) भ्रातृ संघले आफ्नो विधानमा उल्लेखित विधि र प्रक्रिया अनुसार सबै तहको अधिवेशन, सम्मेलन र निर्वाचन गर्नु पर्नेछ र त्यस्तो अधिवेशन, सम्मेलन र निर्वाचनमा पार्टीले सम्बन्धित तहवाट प्रतिनिधि पठाउनेछ ।

(ज) भ्रातृ संघले वार्षिक रूपमा मान्यता प्राप्त लेखापरीक्षकबाट लेखा परीक्षण गराई त्यसको प्रतिवेदन पार्टीमा समेत दिनु पर्नेछ ।

(झ) भ्रातृ संघको विधानमा सबै तहको कार्यसमितिको अध्यक्ष वा सभापति लगातार दुई पटक भन्दा बढी निर्वाचित हुन नसक्ने व्यवस्था हुनु पर्नेछ।

(ञ) भ्रातृ संघले पार्टीको उद्देश्य, नीति र केन्द्रीय कार्यसमितिको निर्देशनको पालना गर्नु पर्नेछ । पार्टीको उद्देश्य, नीति र केन्द्रीय कार्यसमितिको निर्देशन पालना नगरेको प्रमाणित भएमा केन्द्रीय कार्यसमितिले त्यस्ता भ्रातृ संघलाई विघटन गरी तदर्थ समिति गठन गर्न सक्नेछ र त्यस्तो तदर्थ समितिले छ महिनाभित्र अधिवेशन सम्पन्न गर्नु पर्नेछ ।

(ट) प्रत्येक भ्रातृ संघले वर्षभरी गरेका मुख्य क्रियाकलापको विवरण समेत उल्लेख गरी प्रत्येक वर्ष पार्टी केन्द्रीय कार्यालय मार्फत केन्द्रीय कार्यसमितिमा कार्य प्रगति प्रतिवेदन प्रस्तुत गर्नु पर्नेछ । पार्टी केन्द्रीय कार्यसमितिले सो प्रतिवेदन माथि छलफल गरी भ्रातृ संघलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(ठ) नेपाली कांग्रेसका सदस्यले पालना गर्नु पर्ने आचारसंहिता भ्रातृ संघमा रहेका सदस्यका लागि समेत लागु हुनेछ ।

(ड) पार्टीको समेत सदस्य भएको भ्रातृ संघको सदस्यलाई भ्रातृ संघले अनुशासनको कारवाही गरेमा सम्बन्धित भ्रातृ संघले सोको जानकारी पार्टी केन्द्रीय अनुशासन समितिलाई दिनेछ। केन्द्रीय अनुशासन समितिले अनुशासनको कारवाही भएको उचित देखेमा सोही आधारमा पार्टीवाट पनि कारवाही गर्नेछ ।

(ढ) पार्टीको समेत सदस्य भएको भ्रातृ संघको सदस्यलाई पार्टीले अनुशासनको कारवाही गरी निलम्वन वा निस्काशन गरेमा पार्टी अनुशासन समितिले सम्बन्धित भ्रातृ संघलाई कारवाही गरेको जानकारी गराउनेछ ।

(ण) भातृ संघको कुनै सदस्यले पार्टीको अनुशासन उल्लंघन गरेमा पार्टीले त्यस्तो सदस्यलाई आवश्यक कारवाही गर्न सम्बन्धित भातृ संघलाई लेखि पठाउने छ ।

(त) पार्टीले भ्रातृ संघको अधिवेशन वा अन्य कुनै पनि कार्य सम्पादन गर्ने प्रयोजनका लागि प्रतिनिधि पठाउने छ। भ्रातृ संघले पार्टीको प्रतिनिधिसंग समन्वय गरी कार्यसम्पादन गर्नु पर्नेछ ।

(थ) पार्टी विधान र यस नियमावलीले गरेको व्यवस्था अनुकूल भ्रातृ संघको विधानमा व्यवस्था गरिनु पर्दछ । भ्रातृ संघको विधानको कुनै व्यवस्था पार्टी विधान र यस नियमावलीको व्यवस्थासंग बाझिएको भए, पार्टी विधान र नियमावली अनुकूलको व्यवस्था गर्न पार्टी केन्द्रीय कार्यसमितिले निर्देश गर्नेछ ।

**३७. शुभेच्छुक संस्था सम्बन्धी व्यवस्था :**

(१) विधानको धारा ४२ (२) (क) बमोजिम मान्यता प्राप्त शुभेच्छुक संस्थालाई

प्रदान गरिने मान्यतापत्र अनुसूची -१७ (ख) बमोजिम हुनेछ ।

(२) मान्यता प्राप्त शुभेच्छुक संस्थाको विवरण अनुसूची -१९ बमोजिम हुनेछ ।

(३) प्रत्येक शुभेच्छुक संस्थाले प्रत्येक एक वर्षमा कार्यसमितिको बैठकको निर्णय, वार्षिक कार्यप्रगति समेत उल्लेख गरी वार्षिक प्रतिवेदन केन्द्रमा बुझाउनु पर्नेछ । शुभेच्छुक संस्थाले प्रत्येक कार्यकालमा रु. ५,०००।- (पाँच हजार) शुल्क संलग्न राखी अनुसूची -२२ बमोजिमको शुभेच्छुक संस्था नवीकरण फारम भरी पार्टी केन्द्रमा बुझाउनु पर्नेछ ।

(४) केन्द्रीय कार्यसमितिले नवीकरणका लागि निवेदन गर्ने यस्ता शुभेच्छुक संस्थाको वार्षिक कार्य प्रगति प्रतिवेदन समेतको अध्ययन गरी शुभेच्छुक संस्था नवीकरण गर्ने नगर्ने निर्णय गर्न सक्नेछ ।

(५) पार्टीका शुभेच्छुक संस्थाहरूलाई पार्टीले आफ्नो अभिलेख राखी समय समयमा सहयोगको माग गर्नेछ । शुभेच्छुक संस्थाहरूले पार्टीले माग गरे अनुसारको सहयोग गरे, नगरेको आधारमा पार्टीको शुभेच्छुक संस्थाको नवीकरण गर्ने, नगर्ने वा अभिलेखबाट हटाउने नहटाउने निर्णय पार्टीले गर्न सक्नेछ ।

(६) नेपाली कांग्रेसका प्रत्येक सदस्यहरूले पालना गर्नु पर्ने आचारसंहिता पार्टीका शुभेच्छुक संस्थाहरूमा रहेका सदस्यहरूलाई समेत लागु हुनेछ ।

(७) पार्टीको तर्फबाट शुभेच्छुक संस्थाका सदस्यलाई नियुक्ति वा मनोनयन गर्दा त्यस्ता सदस्यले शुभेच्छुक संस्थाको विधान वा नियमावली बमोजिम सदस्यता नवीकरण गरे नगरेको तथा सहयोग शुल्क बुझाए नबुझाएको विवरण लिई मात्र गर्नेछ ।

(८) पार्टीका शुभेच्छुक संस्थाका सदस्यले आफु आवद्ध रहेको संस्थाले तोके बमोजिमको शुल्क वा संस्थालाई बुझाउनु पर्ने संस्थागत रूपमा सहयोग रकम (लेवी) नबुझाएको वा सम्बन्धित संस्थाको अनुशासन पालना नगरेको भनि पार्टीमा लेखी आएमा पार्टीले त्यस्ता व्यक्तिलाई पार्टीको महत्वपूर्ण जिम्मेवारी दिने छैन ।

(९) पार्टीको समेत सदस्य भएको शुभेच्छुक संस्थाको सदस्यलाई शुभेच्छुक संस्थाले अनुशासनको कारवाही गरेमा सम्बन्धित शुभेच्छुक संस्थाले सोको जानकारी पार्टी केन्द्रीय अनुशासन समितिलाई दिनेछ । केन्द्रीय अनुशासन समितिले अनुशासनको कारवाही भएको उचित देखेमा सोही आधारमा पार्टीवाट पनि कारवाही गर्नेछ ।

(१०) पार्टीको समेत सदस्य भएको भ्रातृ संघको सदस्यलाई पार्टीले अनुशासनको कारवाही गरी निलम्वन वा निस्काशन गरेमा पार्टी अनुशासन समितिले सम्बन्धित भ्रातृ संघलाई कारवाही गरेको जानकारी गराउनेछ ।

(११) पार्टीले शुभेच्छुक संस्थाको अधिवेशन वा अन्य कुनै कार्यसम्पादन गर्ने प्रयोजनका लागि प्रतिनिधि पठाउन सक्नेछ । शुभेच्छुक संस्थाले पार्टीको प्रतिनिधिसंग

समन्वय गरी कार्यसम्पादन गर्नु पर्नेछ ।

(१२) शुभेच्छुक संस्थाको कुनै सदस्यले पार्टीको अनुशासन उल्लंघन गरेमा पार्टीले त्यस्तो सदस्यलाई आवश्यक कारवाही गर्न सम्बन्धित शुभेच्छुक संस्थालाई लेखि पठाउनेछ ।

**३८. भ्रातृ संघ र शुभेच्छुक संस्थाबाट प्रतिनिधित्व :**

(१) विधानको धारा १५ (१) (घ) बमोजिम भ्रातृ संघ र शुभेच्छुक संस्थाको केन्द्रीय अधिवेशनबाट निर्वाचन भई देहाय बमोजिमको संख्यामा पार्टीको केन्द्रीय महाधिवेशन प्रतिनिधि र विधानको धारा १८ (१) (घ) बमोजिम केन्द्रीय महासमिति सदस्यमा प्रतिनिधित्व हुनेछ ।

(क) नेपाल महिला संघ, नेपाल तरुण दल, नेपाल विद्यार्थी संघ, नेपाल प्रजातन्त्र सेनानी संघ, नेपाल किसान संघ, नेपाल दलित संघ, नेपाल भूतपूर्व सैनिक संघ, नेपाल मुस्लिम संघ, नेपाल तामाङ्ग संघ, नेपाल मगर संघ प्रत्येकबाट अध्यक्ष सहित पाँच/पाँच जना महाधिवेशन प्रतिनिधि र विधानको धारा १८ (१) (घ) बमोजिमका महासमिति सदस्य ।

(ख) नेपाल राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघ, नेपाल लोकतान्त्रिक गैर सरकारी संस्था महासंघ, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरम, नेपाल ठाकुर समाज, नेपाल लोकतान्त्रिक शेर्पा संघ, नेपाल कुमाल संघ प्रत्येकबाट तीन/तीन जना महाधिवेशन प्रतिनिधि र विधानको धारा १८ (१) (घ) बमोजिमका महासमिति सदस्य ।

(ग) नेपाल सांस्कृतिक संघ, प्रजातन्त्रवादी प्राध्यापक संघ, नेपाल डेमोक्रेटिक लयर्श एशोसिएसन, सेन्टर फर डेमोक्रेटिक इन्जिनियर्स नेपाल (सिडेन), प्रजातन्त्रवादी चिकित्सक संघ, नेपाल प्रेस युनियन प्रत्येकबाट अध्यक्ष सहित पाँच/पाँच जना महाधिवेशन प्रतिनिधि र विधानको धारा १८ (१) (घ) बमोजिमका महासमिति सदस्य ।

(घ) नेपाल शिक्षक संघबाट अध्यक्ष सहित सात जना महाधिवेशन प्रतिनिधि र विधानको धारा १८ (१) (घ) बमोजिमका महासमिति सदस्य ।

(ङ) नेपाल आदिवासी जनजाति संघ (नेपाल तामाङ संघ, नेपाल मगर संघ, नेपाल लोकतान्त्रिक शेर्पा संघ र नेपाल कुमाल संघ वाहेक) र नेपाल ट्रेड यूनियन कांग्रेस (नेपाल शिक्षक संघ र नेपाल प्रेस यूनियन बाहेक) प्रत्येकबाट अध्यक्ष सहित एघार/एघार जना महाधिवेशन प्रतिनिधि र विधानको धारा १८ (१) (घ) बमोजिमका महासमिति सदस्य ।

(२) उपनियम १ बमोजिम पार्टीको केन्द्रीय महाधिवेशनमा प्रतिनिधित्व गर्ने शुभेच्छुक संस्था बाहेक पार्टीबाट मान्यता प्रदान गरिएका अनुसूचि-१९ मा उल्लेखित शुभेच्छुक संस्था पार्टीको केन्द्रीय महाधिवेशनमा केन्द्रीय कार्यसमितिले तोके बमोजिम पर्यवेक्षकका रूपमा सहभागी हुनेछन् ।

(३) यस नियमावलीमा उल्लेखित बाहेक पार्टी केन्द्रीय कार्यसमितिबाट मान्यता प्राप्त गरेका भ्रातृ संघ र शुभेच्छुक संस्थाबाट पार्टी महाधिवेशन र महासमितिमा प्रतिनिधित्व सम्बन्धमा पार्टी केन्द्रीय कार्यसमितिले निर्णय गरे बमोजिम हुनेछ।

## परिच्छेद-१५

## काम, कर्तव्य र अधिकार

(क्रियाशील सदस्य, जिल्ला कार्यसमितिका कोषाध्यक्ष, सचिव, प्रदेश कार्यसमितिका सदस्य, कोषाध्यक्ष, महामन्त्री, केन्द्रीय कार्यसमितिका सदस्य)

**३९. क्रियाशील सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(१) पार्टीको आदर्श, उद्देश्य, विधान, नीति र कार्यक्रम कार्यान्वयनमा सक्रिय रहने ।

(२) पार्टीबाट आयोजना गरिएका विभिन्न राजनीतिक, सामाजिक, विकास निर्माण सम्बन्धी कार्यक्रममा क्रियाशील रहने ।

(३) पार्टीको विचार र कार्यक्रमलाई जनस्तरमा पुऱ्याउन लेख, रचना प्रकाशित गर्ने वा सार्वजनिक बहस र छलफलमा भाग लिने ।

(४) पार्टीले भाग लिएका सबै निर्वाचनमा पार्टीका उम्मेदवारलाई विजयी गराउन, उम्मेदवार र पार्टीका पक्षमा प्रचार प्रसार गर्ने, जनमत निर्माण गर्ने र पार्टीको निर्देशन बमोजिम क्रियाशील रहने ।

(५) पार्टीको आदर्श, सिद्धान्त र मर्यादालाई उच्च राख्दै पार्टीलाई सबल, सक्षम संगठन बनाउन निरन्तर क्रियाशील रहने ।

(६) पार्टीको विभिन्न तहका कार्यसमितिले दिएको जिम्मेवारी बहन गर्ने ।

(७) आफूले पार्टीमा गरेका कार्यक्रमको अभिलेख समेत राखी क्रियाशील सदस्यता नवीकरणका लागि आवेदन गर्दा उल्लेख गर्ने ।

(८) क्रियाशील सदस्यले प्रदेश, जिल्ला, प्रतिनिधि सभा निर्वाचन क्षेत्र, प्रदेश सभा निर्वाचन क्षेत्र, गाउँ, नगर, गाउँ/नगर वडा कार्यसमितिले आयोजना गरेका कार्यक्रमहरूमा सामान्यतया अनिवार्य रूपमा भाग लिनु पर्ने ।

(९) विधान र नियमावली बमोजिम पार्टीलाई बुझाउनु पर्ने सहयोग रकम (लेवी) नियमित बुझाउनु पर्नेछ ।

(१०) प्रत्येक क्रियाशील सदस्यले आफूले भाग लिएको पार्टीको बैठकमा आफ्नो विचार मौखिक वा लिखित राख्न सक्नेछ ।

(११) विधान तथा नियमावली बमोजिम योग्यता पुगेका क्रियाशील सदस्यलाई निर्वाचनमा भाग लिने अधिकार हुनेछ ।

(१२) प्रत्येक क्रियाशील सदस्यको अभिलेख निजले योगदान पुऱ्याए अनुसार पार्टीको दर्ता किताबमा दर्ता रहे नरहेको हेर्ने अधिकार हुनेछ ।

(१३) क्रियाशील सदस्यलाई पार्टीको जनुसुकै निकायले गरेको निर्णयको जानकारी माग्ने हक हुनेछ ।

**४०. जिल्ला कार्यसमितिको कोषाध्यक्षको काम, कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछ ।**

(१) जिल्ला कार्यसमितिलाई प्राप्त हुने कोषको सम्पूर्ण अभिलेख व्यवस्थित र पारदर्शी किसिमले राख्ने ।

(२) सदस्यताबाट प्राप्त शुल्क, प्रचलित कानुन, पार्टीको विधान र यस नियमावली बमोजिम प्राप्त सहयोग रकम संकलन गरी तोकिएको बैंकमा जिल्ला कार्यसमितिको नाममा खाता खोली जम्मा गर्ने ।

(३) पार्टीको आर्थिक प्रतिवेदन जिल्ला कार्यसमिति मार्फत जिल्ला अधिबेशनमा प्रस्तुत गर्ने ।

(४) पार्टीको वार्षिक आय-व्ययको लेखा परीक्षण गराई प्रतिवेदन जिल्ला कार्यसमिति र जिल्ला सम्मेलन/अधिवेशनमा पेश गर्ने ।

**४१. जिल्ला कार्यसमितिको सचिवको काम, कर्तब्य र अधिकार देहायबमोजिमको हुनेछ ।**

(१) जिल्ला कार्यसमिति, जिल्ला कार्यसम्पादन समिति र जिल्ला स्तरिय अन्य समितिको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(२) पार्टीको जिल्ला कार्यालय रेखदेख र संचालन गर्ने ।

(३) दैनिक कार्य संचालनका लागी सभापतिलाइ सहयोग पुऱ्याउने र महत्वपूर्ण विषयमा सभापतिलाई जानकारी गराउने ।

(४) जिल्ला कार्यसमितिमा प्रतिवेदन र प्रस्ताव प्रस्तुत गर्ने ।

(५) जिल्ला कार्यसमिति र जिल्ला कार्यसम्पादन समितिको निर्णय प्रमाणित गर्ने ।

(६) जिल्ला कार्यसमिति र जिल्ला कार्यसम्पादन समितिले गरेका निर्णयको मातहत निकायलाई जानकारी गराउने ।

(ठ) सभापतिले गरेको कार्यविभाजन अनुसार तत्परताका साथ काम गर्ने गराउने ।

**४२. प्रदेश कार्यसमितिका सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(१) प्रदेशभित्रका जिल्लासंग आवश्यक समन्वय गरी प्रदेश कार्यसमितिका सदस्यले प्रत्येक वर्ष कम्तिमा तीन वटा जिल्लाको भ्रमण गरी पार्टीको सांगठनिक अवस्थाको जानकारी लिई प्रदेश कार्यसमितिमा प्रतिवेदन पेश गर्ने ।

(२) प्रदेश कार्यसमितिले सुम्पिएको जिम्मेवारी निर्वाह गर्ने र खटाइएको ठाउँमा प्रदेश कार्यसमितिको प्रतिनिधित्व गरी जानु पर्ने ।

(३) पार्टीको सिद्धान्त, नीति, कार्यक्रम सम्बन्धमा लिखित, मौखिक वा अन्य कुनै प्रकारले व्याख्या गर्ने, प्रतिरक्षा गर्ने र जनमानसमा प्रचार प्रसार गर्ने ।

(४) प्रदेश कार्यसमितिले तोकेका अन्य काम गर्ने गराउने ।

**४३. प्रदेश कार्यसमितिका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(१) प्रदेशभित्र पार्टीलाई आवश्यक आर्थिक स्रोत साधनको व्यवस्था गर्ने, त्यसको संरक्षण र सम्बर्द्धन गर्ने तथा सम्पूर्ण आयव्ययको अद्यावधिक अभिलेख राख्ने ।

(२) प्रदेश कार्यसमितिले निर्णय गरेको बैंकमा प्रदेश कार्यसमितिको नाममा खाता खोल्ने र प्रदेश कार्यसमितिको निर्णय अनुसार संचालन गर्ने ।

(३) पार्टीका निम्ति प्राप्त हुने सदस्यता शुल्क, प्रचलित कानुन, पार्टीको विधान र यस नियमावली बमोजिम प्राप्त सहयोग रकम संकलन गर्ने तथा अभिलेख राख्ने ।

(४) सङ्कलित रकम पार्टीका विभिन्न काम र निकायको खर्चका लागि निर्णयानुसार भुक्तानी गर्ने र त्यसको हिसाव किताब दुरुस्त राख्ने ।

(५) पार्टीको विधान र यस नियमावली बमोजिम वार्षिक आय व्ययको लेखा परिक्षण गराई लेखा परिक्षण प्रतिवेदन प्रदेश कार्यसमिति र प्रदेश कार्यसमितिले पारित गरेको लेखा परिक्षण प्रतिवेदन प्रदेश अधिवेशन र प्रदेश सम्मेलनमा प्रस्तुत गर्ने ।

(६) प्रदेशमा पार्टीको कोष वृद्धिका लागि उपायहरुको खोजी गरी, प्रभावकारी योजना बनाई प्रदेश कार्यसमितिमा प्रस्तुत गर्ने ।

(७) आर्थिक अनुशासन कायम गर्न क्रियाशील रहने ।

(८) प्रदेश कार्यसमितिले तोके अनुसारका आर्थिक पारदर्शिता, आर्थिक व्यवस्थापनसंग सम्बन्धित अन्य कार्य गर्ने गराउने ।

**४४. प्रदेश कार्यसमितिका महामन्त्रीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(१) नेपाली कांग्रेस प्रदेश कार्यसमितिको कार्यालय प्रदेश महामन्त्रीको मातहत रहनेछ । प्रदेश महामन्त्रीले प्रदेश कार्यालयको रेखदेख र संचालन गर्नेछ ।

(२) प्रदेश अधिवेशन, प्रदेश सम्मेलन, प्रदेश कार्यसमिति, प्रदेश कार्यसम्पादन समिति र प्रदेशका अन्य समितिहरुको निर्णय कार्यान्वयन गर्ने गराउने जिम्मेवारी प्रदेश महामन्त्रीको हुनेछ ।

(३) दैनिक कार्य संचालनका लागि प्रदेश कार्यसमितिलाई सहयोग पुर्‍याउने तथा महत्वपूर्ण विषयमा प्रदेश सभापतिलाई जानकारी र सुझाव दिने ।

(४) प्रदेशभित्रको पार्टीको संगठनिक संरचनालाई क्रियाशील र प्रभावकारी बनाउने र पार्टीका निकायहरूमा पार्टी सम्बन्धी गतिविधि बारे आवश्यकतानुसार सूचना प्रवाहित गर्ने, पार्टीका निर्णय तथा कार्यक्रमहरू कार्यान्वयन भए नभएको सुपरिवेक्षण गर्ने गराउने ।

(५) पार्टी सम्बन्धी कार्यमा प्रदेश सभापतिको निर्देशानुसार प्रतिनिधि खटाउने वा समिति, उपसमिति गठन गर्ने ।

(६) प्रदेश कार्यसमिति, प्रदेश सम्मेलन र प्रदेश अधिवेशनमा प्रतिवेदन र प्रस्ताव प्रस्तुत गर्ने ।

(७) प्रदेशभित्रका पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने वा गर्न लगाउने ।

(८) प्रदेश अधिवेशन, प्रदेश सम्मेलन, प्रदेश कार्यसमिति र प्रदेश कार्यसम्पादन समितिका निर्णय प्रमाणित गर्ने ।

(९) केन्द्रीय कार्यसमितिको निर्णय र निर्देशनको पालना र कार्यान्वयन गर्ने तथा मातहतका निकायलाई गर्न लगाउने ।

(१०) प्रदेश कार्यसमितिको निर्णयको जानकारी गराई मातहत निकायलाई निर्णय पालना र कार्यान्वयनका लागि निर्देशन गर्ने ।

(११) योग्यता पुगेका कुनै व्यक्तिलाई तत्काल नेपाली कांग्रेसको क्रियाशील सदस्यता दिनु पर्ने अवस्था भएमा प्रदेश कार्यसमिति मार्फत केन्द्रीय सभापति वा महामन्त्री समक्ष सिफारिस गरी पठाउने ।

४५. **केन्द्रीय सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(१) केन्द्र, प्रदेश र जिल्लासंग समन्वय राखी केन्द्रीय सदस्यले प्रत्येक वर्ष कम्तीमा १० वटा जिल्ला भ्रमण गरी पार्टीको संगठन तथा अवस्थाका सम्बन्धमा केन्द्रीय कार्यसमितिमा भ्रमण प्रतिवेदन बुझाउनु पर्ने ।

(२) पार्टीले खटाएको ठाउँमा जिम्मेवारी अनुसार पार्टीको प्रतिनिधित्व अनिवार्य गर्नु पर्ने ।

(३) पार्टीको सिद्धान्त, नीति र कार्यक्रम सम्बन्धमा लिखित मौखिक वा अन्य कुनै प्रकारले व्याख्या तथा प्रतिरक्षा गर्नु पर्ने ।

(४) बैठकको निर्णय प्रक्रियामा भाग लिने र सम्बन्धित विषयमा लिखित वा मौखिक धारणा राख्ने ।

(५) समसामयिक विषयमा आफूलाई प्राप्त विशेष सूचना बैठकमा जानकारी गराउने ।

(६) विद्यमान राजनीतिक परिवेश र पार्टीको अवस्थाको खोज, अनुसन्धान र विश्लेषण गरी केन्द्रीय कार्यसमितिलाई जानकारी गराउने ।

(७) पार्टीको विधान तथा नियमावलीले गरेको व्यवस्था र केन्द्रीय कार्यसमितिबाट भएका निर्णय कार्यान्वयनमा इमान्दारीपूर्वक सक्रिय रहने ।

(८) केन्द्रीय कार्यसमितिले जिम्मा दिएको काम सम्पादन गर्ने ।

# परिच्छेद-१६

## पार्टी केन्द्रीय कार्यालय र प्रदेश कार्यालय

**४६. पार्टी कार्यालय सम्वन्धी व्यवस्थाः**

(१) **केन्द्रीय कार्यालय सम्बन्धी व्यवस्था**

(क) केन्द्रीय कार्यालयको संगठनात्मक संरचना, संचालन, व्यवस्थापन, कर्मचारीको सेवा, सर्त, सुविधा र उपदान सम्बन्धी व्यवस्था केन्द्रीय कार्यसमितिले निर्देशिका पारित गरी लागु गरे बमोजिम हुनेछ ।

**(ग) मुख्य सचिव सम्वन्धी व्यवस्था :**

(१) पार्टीको केन्द्रीय कार्यालयमा सभापतिले नियुक्त गरेको मुख्य सचिव रहनेछ ।

(२) केन्द्रीय सभापतिले चाहेको अवधिसम्म मुख्य सचिव आफ्नो पदमा वहाल रहनेछ ।

(३) मुख्य सचिव केन्द्रीय कार्यालयको प्रशासनिक प्रमुखको रूपमा रहनेछ र कार्यालयसंग सम्वन्धित दैनिक काम कारवाहीको लागि जिम्मेवार र जवाफदेही हुनेछ ।

(४) सभापति, महामन्त्री र सिंगो कार्यसमितिप्रति मुख्य सचिव जवाफदेहि र उत्तरदायी हुनेछ । कार्यसमितिका पदाधिकारी एवं सदस्यलाई आवश्यक सूचना उपलब्ध गराउनु मुख्य सचिवको कर्तव्य हुनेछ ।

(५) सभापति र महामन्त्रीको सामान्य निर्देशनमा रही मुख्य सचिवले काम गर्नेछ ।

(६) केन्द्रीय कार्यसमिति, कार्यसम्पादन समिति, संसदीय समिति लगायतका बैठकमा केन्द्रीय कार्यालयको तर्फबाट मुख्य सचिवले बैठकसंग सम्बन्धित विषयमा धारणा राख्न सक्नेछ ।

(७) केन्द्रीय कार्यालयका कर्मचारी मुख्य सचिवको सामान्य निर्देशनमा रही काम गर्नेछन् ।

**(घ) केन्द्रीय कार्यालयमा शाखा सम्बन्धी व्यवस्था :**

(१) केन्द्रीय कार्यालयमा देहाय बमोजिमका शाखा रहनेछन ।

**(क) अभिलेख शाखाः** पार्टीका सम्पूर्ण अभिलेख राख्ने, विधान, नियमावली, घोषणापत्र, पार्टीबाट प्रकाशित पार्टी साहित्य, पाठ्यसामाग्री, विज्ञप्ति, सूचना, मातहत निकायबाट प्राप्त दस्तावेज आदिको अभिलेख अद्यावधि गरी राख्ने ।

**(ख) सूचना संचार तथा प्रेस शाखाः** पार्टीको सूचना प्रविधि, संचार तथा प्रेससंग सम्बन्धित सम्पूर्ण कार्य गर्ने, पुस्तकालय व्यवस्थापन, इमेल, इन्टरनेट, पार्टी वेवसाइट, फ्याक्स, फोटोकपी, कम्प्यूटर,

पार्टीको पत्रकार सम्मेलन, पार्टीका केन्द्रीय कार्यक्रमको प्रत्यक्ष प्रसारण सम्बन्धी कार्य, केन्द्रका विज्ञप्ति, वक्तव्य आदिको प्रकाशन, प्रसारण, सूचना प्रविधि केन्द्र संचालन गर्ने ।

(ग) **प्रशासन शाखाः** केन्द्रीय कार्यालयको दैनिक प्रशासन (कर्मचारी हाजिरी, विदा, गयल कट्टि, कर्मचारी सेवा सुविधा), सुरक्षा र सरसफाई, सवारी साधन, भवन तथा अन्य भौतिक संरचनाको रेखदेख मर्मत सम्भार आदि ।

(घ) **कार्यक्रम व्यवस्थापन र स्टोर शाखाः** केन्द्रीय कार्यसमिति, प्रतिष्ठान, विभाग, समिति लगायत केन्द्रीय कार्यालयमा आयोजना हुने विभिन्न बैठक, भेला, सम्मेलन लगायतका विभिन्न कार्यक्रमहरु व्यवस्थापन गर्ने वा व्यवस्थापन गर्न सहयोग तथा समन्वय गर्ने, केन्द्रीय कार्यालयको स्टोरसंग सम्बन्धित जिन्सी सामाग्रीको अभिलेख राख्ने, केन्द्रीय कार्यालयका लागि आवश्यक, जिन्सी सामाग्रीको विधिसम्मत प्रक्रिया पुऱ्याएर पारदर्शी रूपमा खरिद गर्ने तथा निकासी दिने प्रक्रियाको व्यवस्थापन इत्यादि ।

(ङ) **कानुन तथा अन्तर्राष्ट्रिय शाखाः** संविधान, ऐन, कानुन, नियम, विनियम, निर्देशिका, आदेश, अध्यादेश इत्यादिसंग सम्बन्धित विषय तथा परराष्ट्र, कुटनीतिक र वैदेशिक विषयसंग सम्बन्धित कार्य ।

(२) केन्द्रीय कार्यालयमा प्रत्येक प्रदेशसंग सम्बन्धित सात वटा (प्रदेश डेस्क) रहने छन् । प्रदेश डेक्सले प्रत्येक प्रदेशसंग सम्बन्धित सूचना, जानकारी राख्ने, पत्राचार गर्ने, प्रदेश र मातहत जिल्लासंग सम्पर्क गर्ने लगायतका आवश्यक कार्य गर्नेछ ।

(३) आवश्यकतानुसार केन्द्रीय कार्यालयमा अन्य शाखा स्थापना गर्न सकिनेछ ।

(४) केन्द्रीय कार्यालयले पार्टीको दैनिक कार्यका अतिरिक्त पार्टी विधान बमोजिम गठन भएका प्रतिष्ठान, विभाग, समिति, उपसमिति आदिको कार्यमा सहयोग गर्नु पर्नेछ । त्यस्ता कार्यका लागि मुख्य सचिवले आवश्यक व्यवस्था मिलाउनेछ ।

(२) प्रदेश कार्यालय सम्बन्धी व्यवस्था :

(क) नेपाली कांग्रेस प्रदेश कार्यसमितिको कार्यालय प्रदेशको केन्द्रमा रहनेछ ।

(ख) प्रदेश कार्यसमितिको कार्यालय प्रदेश महामन्त्रीको मातहतमा रहनेछ ।

(ग) प्रदेश कार्यालयमा प्रदेश कार्यसमितिका सभापतिले नियुक्त गरेको प्रशासनिक प्रमुखको रूपमा एक जना प्रदेश कार्यालय मुख्य सचिव र

आवश्यकतानुसार सचिव र अन्य कर्मचारीहरु रहनेछन् ।

(घ) प्रदेश कार्यसमितिका सभापतिले प्रदेश कार्यालयका मुख्य सचिव सहित आवश्यक कर्मचारीको नियुक्ति तथा हेरफेर गर्नेछ ।

(ङ) मुख्य सचिव सहित प्रदेश कार्यालयका कर्मचारीको संगठनात्मक संरचना, कार्यालय संचालन, व्यवस्थापन, सेवा सुविधा र उपदान सम्बन्धी व्यवस्था प्रदेश कार्यसमितिको निर्देशिका बमोजिम हुनेछ ।

(च) प्रदेश सभापतिले चाहेको अवधिसम्म प्रदेश मुख्य सचिव आफ्नो पदमा वहाल रहनेछ ।

(छ) प्रदेश सभापति र प्रदेश महामन्त्रीको सामान्य निर्देशनमा रही प्रदेश कार्यालयको मुख्य सचिवले काम गर्नेछ ।

(ज) प्रदेश कार्यालयका कर्मचारी प्रदेश मुख्य सचिवको सामान्य निर्देशनमा रही काम गर्नेछन् ।

(झ) प्रदेश कार्यालयमा देहाय बमोजिमका शाखा रहनेछन् :

(१) **अभिलेख शाखा**ः प्रदेशभित्रको पार्टी संगठन सम्बन्धी गतिविधिका सबै प्रकारका अभिलेख राख्ने, प्रदेशबाट प्रकाशित पार्टी साहित्य, विज्ञप्ति, निर्णय, सूचना, निर्देशन, केन्द्रबाट प्राप्त सामाग्रीहरू, निर्णय, निर्देशन, सूचना, जानकारी तथा मातहत निकायबाट प्राप्त सम्पूर्ण कागजात सामाग्री इत्यादिको अद्यावधिक अभिलेख राख्ने ।

(२) **सूचना, संचार तथा प्रेस शाखा**ः सूचना प्रविधि, प्रेस, दैनिक सूचना संकलन, कम्प्यूटर, फ्याक्स, फोटोकपी, इमेल, इन्टरनेट, पार्टी वेवसाइट, पत्रकार सम्मेलन, पार्टीका कार्यक्रमको प्रत्यक्ष प्रसारण सम्बन्धी व्यवस्था, प्रदेश कार्यसमितिको र प्रदेश कार्यालयका तर्फबाट जारी गरिने विज्ञप्ति र वक्तव्य आदिको प्रकाशन, सूचना केन्द्र संचालन गर्ने ।

(३) **प्रशासन शाखा**ः प्रदेश कार्यालयको दैनिक प्रशासन, स्टोर, मर्मत, सुरक्षा र सम्भार आदि कार्य यस शाखाले गर्नेछ ।

(ञ) प्रदेश कार्यालयमा आवश्यकतानुसार अन्य शाखा स्थापना गर्न सकिनेछ ।

(ट) प्रदेश कार्यालयले पार्टीको दैनिक कार्यका अतिरिक्त पार्टी विधान बमोजिम गठन भएका प्रदेश, प्रतिष्ठान, विभाग, समिति, उपसमिति आदिको कार्यमा सहयोग गर्नु पर्नेछ । त्यस्ता कार्यकालागि मुख्य सचिवले आवश्यक व्यवस्था मिलाउनेछ ।

# परिच्छेद–१७

## केन्द्रीय विभाग, अन्य निकायमा शाखा, अनुगमन सम्बन्धी व्यवस्था

**४७. केन्द्रीय विभागको काम, कर्तव्य तथा अधिकार :**

(१) विधानको धारा ३७ का अतिरिक्त केन्द्रीय विभागको अन्य काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :

(क) विभागले आफ्नो कार्य क्षेत्रसंग सम्बन्धित कार्यको कार्यक्रम बनाई लागु गरी केन्द्रमा प्रतिवेदन पेश गर्ने ।

(ख) कम्तिमा वर्षको २ (दुई) पटक आफ्नो विभाग सम्बन्धी कार्यप्रगति प्रतिवेदन महामन्त्री मार्फत् केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्ने ।

(ग) आफ्नो विभाग सम्बन्धी पार्टीले निर्धारण गर्नुपर्ने नीति, नियमका सम्बन्धमा अध्ययन र छलफल गराई प्राप्त सुझाव सहितको प्रतिवेदन महामन्त्री मार्फत् केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्ने ।

(घ) आफ्नो विभाग सम्बन्धी पार्टीको उद्देश्य, नीति तथा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने र त्यस सम्बन्धी कार्ययोजना बनाई पार्टीको विभिन्न तह र निकाय मार्फत लागु गर्ने, गराउने ।

(ङ) आफ्नो विभाग सम्बन्धी प्रत्येक विभागले केन्द्रले तोकेका कार्यहरू गर्ने, गराउने र प्राप्त निर्देशन कार्यान्वयन गर्ने गराउने ।

(च) प्रदेश तथा जिल्लाबाट प्राप्त प्रतिवेदनहरू अध्ययन गरी आफ्नो विभागसंग सम्बन्धित रणनीति तय गर्ने ।

(छ) केन्द्रीय कार्यसमितिले विभाग सम्बन्धी तोकेका थप कार्यहरू सम्पादन गरी त्यसको जानकारी महामन्त्री मार्फत केन्द्रीय कार्यसमितिमा दिने ।

(ज) प्रत्येक विभागले निरन्तर रुपमा आ-आफ्नो विभाग सम्बन्धी विषयमा महामन्त्रीलाई जानकारी दिनु पर्नेछ र आर्थिक दायित्व पर्ने विषयमा कोषाध्यक्षलाई जानकारी गराई स्वीकृति लिनु पर्नेछ ।

(२) उपनियम १ मा विभागका प्रमुखले विभागको प्रतिवेदन केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्नेछ । विभाग सम्बन्धी अन्य विषयमा महामन्त्री र आर्थिक दायित्व पर्ने विषयमा कोषाध्यक्ष मार्फत सभापतिलाई जानकारी दिनेछ ।

(३) विभागलाई तोकिएको कार्यसम्पादन गर्न केन्द्रीय कार्यालयबाट आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(४) विभागीय प्रमुखले विभागसंग सम्बन्धित विषयमा सम्बन्धित क्षेत्रका विशेषज्ञ, विज्ञ, सरोकारवालासंग परामर्श र सुझाव लिनेछ ।

**४८. अन्य निकायमा शाखा सम्बन्धी व्यवस्था :**

(१) केन्द्रीय कार्यसमितिले आवश्यकता अनुसार अन्य निकाय वा कार्यदल वा

अध्ययन टोली गठन गर्न सक्नेछ । त्यस्ता निकाय वा कार्यदल वा अध्ययन टोलीको काम, कर्तव्य र अधिकार केन्द्रीय कार्यसमितिले निर्णय गरे बमोजिम हुनेछ ।

(२) जिल्ला कार्यसमितिले प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिसंग समन्वय गरी आवश्यकता अनुसार निश्चित काम र अवधिका लागि कुनै समिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(३) **जिल्ला शाखा सम्बन्धी व्यवस्था :**

(क) जिल्लामा जिल्ला कार्यसमितिका सदस्य प्रमुख रहेको पन्ध्र सदस्यीय जिल्ला शाखा गठन हुनेछ ।

(ख) शाखाको सदस्य क्रियाशील सदस्यमध्येबाट हुनेछ ।

(ग) प्रत्येक शाखाले कम्तिमा छ महिनामा एक पटक आफूसंग सम्बन्धित विषयको कार्यप्रगति प्रतिवेदन जिल्ला कार्यसमितिमा पेश गर्नेछ ।

(घ) कुनै शाखाले समयमा प्रतिवेदन पेश नगरेमा जिल्ला कार्यसमितिले सम्बन्धित शाखाको प्रगति विवरण सहितको प्रतिवेदन माग गर्नेछ । सम्बन्धित शाखाले माग भएको पन्ध्र दिनभित्र त्यस्तो प्रतिवेदन बुझाउनु पर्नेछ ।

(ङ) जिल्लामा रहने जिल्ला शाखाहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) **संगठन शाखा :**

(क) जिल्लाभित्रका पार्टी संगठनलाई क्रियाशील बनाउने ।

(ख) जिल्ला कार्यसमिति मातहतका सबै निकायलाई पार्टीको नीति र उद्देश्य बमोजिम कार्य गर्न लगाउने ।

(ग) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति, प्रदेश सभा क्षेत्रीय कार्यसमिति, नगर/गाउँ कार्यसमिति र नगर/गाउँ वडा कार्यसमितिको क्रियाकलापको निरन्तर अनुगमन र मूल्याङ्कन गरी सांगठनिक गतिविधिका बारेमा जानकारी राख्ने ।

(घ) मातहतका निकायको अनुगमन तथा विविध विषयमा अनुसन्धान गर्ने, गराउने र सोको प्रतिवेदन जिल्ला कार्यसमितिमा प्रस्तुत गरी जिल्ला कार्यसमिति मार्फत प्रदेश संगठन विभागमा पठाउने ।

(ङ) जिल्ला कार्यसमिति मातहतका निकायको बैठक बस्न लगाउने, बैठकका निर्णय कार्यान्वयन गराउने ।

(२) **विकास शाखाः**

(क) जिल्लाभित्रका सम्पूर्ण विकास निर्माणका गतिविधिको विवरण राख्ने ।

(ख) विकास निर्माणका काम गर्न सम्बन्धित निकायसंग पहल गर्ने ।

(ग) जिल्लाको आवश्यकता र जनचाहना अनुसार विकासका कार्यक्रमहरु छनौट गर्ने ।

(घ) पार्टीको घोषणापत्र र प्रतिवद्धता अनुरुप काम भए नभएको अनुगमन, मूल्याङ्कन गरी अभिलेख राख्ने ।

(ङ) विकास निर्माणको कार्यमा छिटो छरितो, दिगो, भ्रष्टाचारमुक्त र गुणस्तरीय बनाउने कार्यमा आवश्यक काम गर्ने ।

(च) स्थानीय तहमा पार्टीका उम्मेदवार र स्थानीय पार्टी समितिका बीचमा समन्वय र निरन्तर अन्तरक्रिया गर्ने ।

(छ) जिल्ला स्तरीय विकास निर्माणसंग सम्बन्धित निकायसंग समन्वय गरी आवश्यक विकास निर्माणका कार्य गर्ने ।

(ज) पार्टीका उम्मेदवारसंग समन्वय गरी चालु विकास निर्माणका कार्यहरुको अनुगमन र आवश्यक कार्य गर्ने ।

(३) **कार्यक्रम तथा समन्वय शाखाः**

(क) जिल्लास्तरीय पार्टी कार्यक्रम तयार गर्ने ।

(ख) भ्रातृसंघ र शुभेच्छुक संस्थासँग समन्वय गर्ने ।

(ग) जिल्लामा विभिन्न पेशा र व्यवसायमा लागेका प्रतिभा एवं जनशक्तिलाई पार्टी कार्यक्रमसंग समन्वय गरी परिचालन गर्ने गराउने ।

(४) **अभिलेख शाखाः**

(क) नेपाली कांग्रेसको सदस्य र नेपाली कांग्रेसको क्रियाशील सदस्यको जिल्लाभरिको अभिलेख र सदस्यको दर्ता किताब अद्यावधिक गरी राख्ने ।

(ख) भ्रातृ संघ र शुभेच्छुक संस्थाको विवरण अद्यावधिक राख्ने ।

(ग) भ्रातृ संघ र शुभेच्छुक संस्थाबाट वितरण गरिएका जिल्लाभरिको नेपाली कांग्रेसको सदस्यताको अभिलेख विवरण अलग अलग दर्ता किताबमा अद्यावधि गरी दुरुस्त राख्ने ।

(घ) मतदाता नामावली, अन्य अभिलेख आदिको व्यवस्था र संरक्षण गर्नेछ ।

(५) **प्रचार–प्रसार शाखाः**

(क) प्रचार-प्रसारको काम गर्ने ।

(ख) सूचनाको आदान प्रदान गर्ने ।

(ग) पार्टीका विरूद्धमा लगाइएका आरोपहरूको खण्डन गर्ने ।

(घ) पार्टी साहित्यको प्रकाशन एवं प्रचार प्रसार गर्ने ।

(ङ) अन्य राजनीतिक दल वा व्यक्तिले सम्प्रेषण गरेका भ्रमात्मक सन्देशको अध्ययन गरी स्पष्ट पार्ने, खण्डन गर्ने ।

(६) **प्रशिक्षण शाखाः**

(क) पार्टी सदस्यहरुका लागि जिल्लास्तरमा सबै किसिमका प्रशिक्षण कार्यक्रम आयोजना गर्ने,

(ख) केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान र प्रदेश प्रशिक्षण विभागले प्रशिक्षणसँग सम्बन्धीत तोके बमोजिमका कार्य गर्ने गराउने ।

(ग) प्रतिनिधि सभा क्षेत्रीय प्रशिक्षण शाखालाई सकृय रुपमा परि चालन गर्ने गराउने ।

(४) जिल्ला कार्यसमितिले आवश्यकता अनुसार अन्य शाखाहरु गठन गर्न सक्नेछ ।

(५) प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति, प्रदेश सभा क्षेत्रीय कार्यसमिति, गाउँ, नगर वा गाउँ/नगर वडा कार्यसमितिले नियम ४८ (३) अनुसारका आवश्यक शाखा गठन र संचालन गर्न सक्नेछन् ।

(६) सबै तहका शाखाका प्रमुख कार्यसमितिका सदस्यमध्येबाट हुनु पर्नेछ ।

**४९. अनुगमन सम्बन्धी व्यवस्था :**

(१) केन्द्रीय महामन्त्रीले सभापतिसंग परामर्श गरी केन्द्रीय विभाग, निकाय तथा प्रदेश र जिल्ला कार्यसमितिको अनुगमन गर्ने गराउने व्यवस्था मिलाउनु पर्नेछ । त्यस्तो अनुगमनको प्रतिवेदन केन्द्रीय कार्यसमितिमा पेश गर्नुपर्नेछ ।

(२) जिल्ला कार्यसमितिका सचिवले सभापतिसंग परामर्श गरी प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति, प्रदेश सभा क्षेत्रीय कार्यसमिति तथा गाउँ, नगर, गाउँ/नगर वडा कार्यसमितिको काम कारवाहीको अनुगमनको व्यवस्था मिलाउनुपर्नेछ । त्यस्तो अनुगमनको प्रतिवेदन जिल्ला कार्यसमितिमा पेश गर्नुपर्नेछ ।

(३) महामन्त्रीले सभापतिसंग परामर्श गरी विभाग, निकाय तथा जिल्ला कार्यसमितिहरूको कार्यसम्पादन प्रभावकारी रूपमा भए नभएको हेर्न र त्यस सम्बन्धी थप व्यवस्था गर्ने गरी केन्द्रीय सदस्य वा अन्य व्यक्तिलाई तोकी सो बमोजिम अनुगमनको व्यवस्था मिलाउन सक्नेछ । त्यस्तो अनुगमनको प्रतिवेदन केन्द्रीय कार्यसमितिमा पेश गर्नुपर्नेछ ।

(४) प्रदेश महामन्त्रीले प्रदेश सभापतिसंग परामर्श गरी मातहतका जिल्ला, प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति र प्रदेश सभा क्षेत्रीय कार्यसमिति लगायत अन्य निकायको अनुगमन मूल्याङ्कन गर्नेछ । त्यस्तो अनुगमनको प्रतिवेदन प्रदेश कार्यसमितिमा पेश गर्नुपर्नेछ ।

(५) जिल्लास्तरको अनुगमनको कार्यमा प्रदेश महामन्त्रीलाई प्रदेश अभिलेख, अनुगमन तथा मूल्याङ्कन विभागले सहयोग पुऱ्याउनु पर्नेछ ।

**५०. जेष्ठ राजनीतिज्ञ सभा :**

नेपाली कांग्रेसमा रही लामो समयदेखि निरन्तर योगदान पुऱ्याउँदै आएका तर

वर्तमान अवस्थामा पार्टीको कुनै पनि तहको पदीय जिम्मेवारीमा नरहेका ६५ वर्ष उमेर पुगेका पार्टीका जेष्ठ राजनीतिककर्मीको  सहभागितामा केन्द्रीय सभापतिको अध्यक्षतामा केन्द्रमा जेष्ठ राजनीतिज्ञ सभा रहनेछ । त्यसैगरी, प्रदेशमा प्रदेश सभापति र जिल्लामा जिल्ला सभापतिको अध्यक्षतामा जेष्ठ राजनीतिज्ञ समिति रहनेछ। यसले पार्टीलाई सल्लाह, सुझाव र प्रेरणा दिने काम गर्नेछ।

५१. **जिल्ला सम्पर्क समिति :**

(१) विधानको धारा ४१ बमोजिम जिल्ला सम्पर्क समिति गठन गर्न चाहाने पार्टी सदस्यले जुन जिल्लाको सम्पर्क समिति गठन गर्ने हो, सो जिल्लाको जिल्ला कार्यसमितिमा सम्पर्क समिति गठन गर्न निवेदन दिनु पर्नेछ।

(२) यसरी प्राप्त निवेदनमा जिल्ला कार्यसमितिले आवश्यक छलफल गरी बढीमा एक महिनाभित्र निर्णय गर्नेछ।

(३) जिल्ला कार्यसमितिले जिल्ला सम्पर्क समिति गठन गर्न अनुमति दिएमा सम्बन्धित जिल्लाका कम्तिमा एक सय जना पार्टी सदस्य उपस्थित भई तदर्थ समिति गठन गर्न सक्नेछन्।

(४) तदर्थ समिति गठन गर्न र जिल्ला सम्पर्क समितिको अधिवेशनमा जिल्ला कार्यसमितिले प्रतिनिधि पठाउनेछ।

(५) तदर्थ समिति गठन गरेको छ महिनाभित्र जिल्ला सम्पर्क समितिको अधिवेशन गर्नु पर्नेछ।

(६) कुनै पनि जिल्लाले काठमाण्डौं उपत्यकाभित्र एक र अन्य जिल्लामा एक जिल्ला सम्पर्क समिति गठन गर्न अनुमति दिनेछ। एकै जिल्लामा दुईवटा जिल्ला सम्पर्क समिति हुने गरी जिल्ला कार्यसमितिले अनुमति दिने  छैन।

(७) जिल्ला कार्यसमितिले जिल्ला सम्पर्क समितिलाई मान्यता दिई सोको जानकारी पार्टी केन्द्रलाई दिनेछ। यसरी जानकारी दिदा जिल्ला सम्पर्क समितिको विधान र कार्यसमितिको नामावली समेत पेश गर्नु पर्नेछ।

(८) जिल्ला सम्पर्क कार्यसमितिको पदाधिकारी वा सदस्य हुनका लागि सम्बन्धित जिल्लाको पार्टीको क्रियाशील सदस्य हुनु पर्नेछ।

(९) जिल्ला सम्पर्क समितिको कार्यकाल दुई वर्षको हुनेछ। अधिवेशन नभई कार्यकाल समाप्त भएमा कार्यसमिति स्वतः विघटन हुनेछ र जिल्ला कार्यसमितिले छ महिनाभित्र अधिवेशन गर्ने व्यवस्था गर्नेछ।

(१०) जिल्ला कार्यसमितिका सभापतिले जिल्ला सम्पर्क समितिका सभापतिलाई जिल्ला कार्यसमितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(११) जिल्ला सम्पर्क समितिले सम्बन्धित जिल्लाका पार्टी सदस्य र अन्य शुभेच्छुक व्यक्तिहरुका माझ सामाजिक, सांस्कृतिक क्रियाकलाप, संचालन गर्नेछ।

(१२) जिल्ला कार्यसमितिको निर्देशन र परामर्शमा पार्टीको हितमा जिल्ला सम्पर्क समितिले विभिन्न आवश्यक कार्य गर्नेछ।

# <u>परिच्छेद–१८</u>
## विविध

५२. पार्टीको विधान, नियमावली र केन्द्रीय कार्यसमितिको निर्णयबाट मान्यताप्राप्त पार्टीका सांगठनिक संरचना बाहेक पार्टीका अन्य कुनै सांगठनिक संरचना रहनेछैनन् । कसैले अनधिकृत रूपमा कुनै सांगठनिक संरचनाको गठन गरी त्यस्तो अवैधानिक संरचनाका नाममा कुनै लिखित वा मौखिक अभिव्यक्ति दिएमा वा कुनै कार्यक्रमको आयोजनाको सूचना सम्प्रेषण गरेमा त्यस्तो कार्य अनुशासन उल्लघंनको कार्य मानिनेछ ।

यस व्यवस्थाले केन्द्रीय सभापतिले केन्द्रीय कार्यसमितिको परामर्शमा पार्टीका विविध विषयमा विचार विमर्श गर्न प्रदेश प्रमुख वा जिल्ला सभापति वा प्रदेश वा जिल्लाका पदाधिकारी वा स्थानीय तहका कार्यसमितिका सभापति वा पदाधिकारीलाई सामुहिक वा अलग अलग भेला बोलाई छलफल गर्न वाधा पारेको मानिने छैन ।

५३. विधानको धारा २९ (१) बमोजिम पार्टी कोषको यस नियमावली बमोजिम बाँडफाँड गरी वार्षिक रूपमा प्राप्त हुने रकममध्ये कूल रकमको कम्तिमा पचास प्रतिशत रकम केन्द्रीय कार्यसमितिको नाममा बैंकको मुद्धती खातामा आम्दानी बाध्नु पर्नेछ । मुद्धती खाताबाट प्राप्त व्याज रकम आवश्यकतानुसार खर्च गरिनेछ ।

**५४. विधान र यस नियमावली अनुसार जनसंख्याको वनोट अनुसार देहायका पदमा समानुपातिक आधारमा निर्वाचित हुने संख्या अनुसूची खण्ड (ख) बमोजिम हुनेछ ।**

(१) धारा ६ (२) (घ) बमोजिम गाउँपालिका वडाको जनसंख्याको बनोट अनुसार गाउँपालिका वडा कार्यसमितिमा समानुपातिक आधारमा निर्वाचित हुने सदस्य,

(२) धारा ६ (३) (ख) बमोजिम गाउँपालिका वडाको जनसंख्याको वनोट अनुसार गाउँपालिका वडाबाट समानुपातिक आधारमा निर्वाचित हुने क्षेत्रीय प्रतिनिधिको,

(३) धारा ७ (२) (क) (३) बमोजिम नगरपालिका वडाको जनसंख्याको बनोट अनुसार, नगरपालिका वडा कार्यसमितिमा समानुपातिक आधारमा निर्वाचित हुने सदस्य,

(४) धारा ७ (२) (ख) (३) बमोजिम उपमहानगरपालिका वडाको जनसंख्याको बनोट अनुसार उपमहानगरपालिका वडा कार्यसमितिमा समानुपातिक आधारमा निर्वाचित हुने सदस्य,

(५) धारा ७ (२) (ग) (३) बमोजिम महानगरपालिका वडाको जनसंख्याको बनोट अनुसार महानगरपालिका वडा कार्यसमितिमा समानुपातिक आधारमा निर्वाचित हुने सदस्य,

(६) धारा७(३)(ख)बमोजिम नगरपालिका ⁄ उपमहानगरपालिका ⁄ महानगरपालिकाको जनसंख्याको बनोट अनुसार नगरपालिका ⁄ उपमहानगरपालिका ⁄ महानगरपालिका

वडाबाट समानुपातिक आधारमा निर्वाचित हुने क्षेत्रीय प्रतिनिधि,

(७) धारा ८ (२) (क) (४) बमोजिम गाउँपालिकाको जनसंख्याको बनोट अनुसार समानुपातिक आधारमा गाउँपालिका कार्यसमितिमा निर्वाचित हुने सदस्य,

(८) धारा ९ (२) (क) (४) बमोजिम नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको जनसंख्याको बनोट अनुसार नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका कार्यसमितिमा समानुपातिक आधारमा निर्वाचित हुने सदस्य,

(९) धारा १० (३) (क) बमोजिम प्रदेश सभा निर्वाचन क्षेत्रको जनसंख्याको बनोट अनुसार प्रदेश सभा निर्वाचन क्षेत्रबाट समानुपातिक आधारमा निर्वाचित हुने प्रदेश अधिवेशन प्रतिनिधि,

(१०) धारा ११ (२) (क) बमोजिम प्रतिनिधि सभा निर्वाचन क्षेत्रको जनसंख्याको बनोट अनुसार प्रतिनिधि सभा निर्वाचन क्षेत्रबाट समानुपातिक आधारमा निर्वाचित हुने केन्द्रीय महाधिवेशन प्रतिनिधि,

(११) धारा ११ (३) (क) तथा धारा १८ (१) (ख) बमोजिम प्रतिनिधि सभा निर्वाचत क्षेत्रको जनसंख्याको बनोट अनुसार प्रतिनिधि सभा निर्वाचन क्षेत्रबाट समानुपातिक आधारमा निर्वाचित हुने केन्द्रीय महासमिति सदस्य,

(१२) धारा ११ (४) (क) (५) बमोजिम प्रतिनिधि सभा निर्वाचन क्षेत्रको जनसंख्याको बनोट अनुसार प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिमा समानुपातिक आधारमा निर्वाचित हुने सदस्य,

(१३) धारा १२ (५) (ख) (१) (ख) बमोजिम जिल्लाको जनसंख्याको बनोट अनुसार जिल्ला कार्यसमितिमा समानुपातिक आधारमा निर्वाचित हुने सदस्य,

(१४)धारा १३ (३) (क) (२) बमोजिम प्रदेश सभा निर्वाचन क्षेत्रको जनसंख्याको बनोट अनुसार प्रदेश सभा क्षेत्रीय अधिवेशनबाट समानुपातिक आधारमा निर्वाचित हुने प्रदेश सम्मेलनका सदस्य,

(१५) धारा १३ (६) (१) (छ) बमोजिम प्रदेशको जनसंख्याको बनोट अनुसार प्रदेश कार्यसमितिमा समानुपातिक आधारमा निर्वाचित हुने सदस्य,

**५५.** विधान बमोजिम समानुपातिक समावेशी आधारमा प्रतिनिधित्व गर्दा विधानमा उल्लेखित समावेशी समूह महिला, दलित, आदिवासी जनजाति, खसआर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्रको समूहबाट उम्मेदवार हुने र सम्बन्धित तहको सबै मतदाताले मतदान गर्ने गरी निर्वाचन हुनेछ ।

**५६. आमन्त्रित हुने :**

(१) प्रत्येक जिल्लामा सो जिल्लासंग सम्वन्धित केन्द्रीय र प्रदेश कार्यसमितिको सदस्य, पार्टीको तर्फबाट उम्मेदवार भई निर्वाचित सांसद तथा पछिल्लो संसदको निर्वाचनमा पार्टीको तर्फबाट उम्मेदवार भएको व्यक्तिलाई जिल्ला

कार्यसमितिको बैठकमा आमन्त्रित गरिनेछ ।

(२) पार्टीको सवै तहका सभापतिले सम्वन्धित कार्यसमितिमा वढीमा दश जना सदस्य आमन्त्रण गर्न सक्नेछ । यसरी आमन्त्रित हुने सदस्य, सम्बन्धित तहको अधिवेशनको प्रतिनिधि हुनु पर्नेछ ।

**५७. सांसदले निर्वाचनमा भाग लिन पाउने व्यवस्था :**

प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनमा पदेन सदस्य हुने सांसदले केन्द्रीय महाधिवेशन प्रतिनिधि वा केन्द्रीय महासमिति सदस्य पदको निर्वाचनमा भाग लिँदा आफ्नो मतदाता नामावली भएको निर्वाचन क्षेत्र वा आफू उम्मेदवार भएको क्षेत्रमध्ये कुनै एउटा क्षेत्रको निर्वाचनमा मात्र भाग लिन पाउनेछ । यसको पूर्व जानकारी जिल्ला निर्वाचन समिति वा अधिकृत समक्ष दिनुपर्नेछ ।

**५८. दर्ता–चलानी सम्बन्धी व्यवस्था** : पार्टीका हरेक तहगत सांगठनिक संरचना, निकाय र भ्रातृ संघ एवं शुभेच्छुक संस्थाका कार्यालयहरुमा नियमानुसारको व्यवस्थित दर्ता चलानीको प्रवन्ध हुनेछ ।

**५९. विधान संशोधन प्रस्तावको ढाँचा :**

विधानको धारा ४७ अनुसार विधान संशोधनको प्रस्ताव गर्दा अनुसूची -२३ मा दिइएको ढाँचामा प्रस्तुत गर्नुपर्नेछ ।

**६०. सूचना प्राप्त गरेको मानिने :**

(१) नेपाली कांग्रेसका सदस्यलाई पार्टीको कुनै पनि निकाय वा पदाधिकारीले दिने सूचना सम्बन्धित व्यक्तिलाई जहाँसुकै बुझाउन सकिनेछ । सूचनाको माध्यम टेलिफोन, मोवाईल, म्यासेज, इमेल, फ्याक्स, लिखित पत्र, रजिष्ट्री, कुरियर आदि जुनसुकै माध्यम पनि हुन सक्नेछ । सूचना पठाउने निकाय वा पदाधिकारीले सम्बन्धित व्यक्तिले सूचना प्राप्त गरेको निस्सा रहने गरी पठाउनु पर्नेछ । यसरी पठाएको सूचना सम्बन्धित व्यक्तिले प्राप्त गरेको मानिनेछ ।

(२) उपनियम (१) मा जेसुकै लेखिएको भए तापनि पार्टीको निकाय वा पदाधिकारीले आवश्यक देखेमा त्यस्तो व्यक्तिलाई सार्वजनिक सूचना प्रकाशित गरी उपस्थित हुन आउने गरी सूचना गर्न सक्नेछ ।

(३) कुनै सदस्यले सदस्यता प्राप्त गर्दाको ठेगाना, टेलिफोन नं., मोवाईल नं., इमेल परिवर्तन गरेको भए त्यस्तो परिवर्तन भएको मितिले एक महिनाभित्र आफ्नो ठेगाना पार्टीलाई जानकारी दिई अभिलेखमा जनाउनुपर्नेछ ।

६१. पार्टी विधान तथा नियमावली अनुसार गाउँ/नगरपालिका वडा कार्यसमिति देखि प्रदेश कार्यसमितिसम्मको सबै तहका सभापतिले सम्बन्धित तहको कार्यसमितिमा

सदस्यको मनोनयन गर्दा, उक्त कार्यसमितिमा प्रत्यक्ष र समानुपातिकतर्फबाट निर्वाचित भई आउने पदाधिकारी र सदस्यको जम्मा संख्याको बीस प्रतिशत सदस्य मनोनित गर्नेछ । यसरी मनोनित बीस प्रतिशत सदस्य सहितको संख्या कार्यसमितिको कूल संख्या हुनेछ ।

६२. पार्टी विधान र यस नियमावलीमा अन्यथा व्यवस्था भएकोमा बाहेक एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति रहने छैन । प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति र सो सरहका निकायले गर्ने सबै कार्य जिल्ला कार्यसमितिले गर्नेछ ।

६३. सबै तहका कार्यसमितिका सभापतिले सम्बन्धित कार्यसमितिका सदस्यमध्येबाट एक जना प्रवक्ता नियुक्त गर्न सक्नेछ ।

६४. पार्टीको सदस्यता शुल्क र विधान बमोजिम प्राप्त हुने अन्य रकमको संकलन गर्ने, सोको हिसाव किताब दुरुस्त राख्ने, पार्टीलाई रकम बुझाउनु पर्ने व्यक्ति, सदस्य वा निकायबाट प्राप्त भए नभएको विवरण अद्यावधि गरी राख्ने जिम्मेवारी सम्बन्धित तहको कार्यसमितिको कोषाध्यक्षको हुनेछ ।

६५. पार्टीको कुनै पनि तहको कार्यसमितिको पदाधिकारी वा सदस्यले आफू सम्बद्ध कार्यसमितिको आय व्ययको विवरण लिखित रूपमा माग गर्न सक्नेछ । माग बमोजिम त्यस्तो विवरणको जानकारी गराउने जिम्मेवारी सम्बन्धित तहको कोषाध्यक्षको हुनेछ ।

६६. यस नियमावलीमा व्यवस्था गरिए बमोजिम पार्टीको केन्द्रीय कार्यालय, केन्द्रीय नीति अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान लगायत अन्य निकायका संगठनात्मक संरचना, कर्मचारीको सेवा, सर्त र सुविधा, कार्यालयहरुको व्यवस्थापन र संचालनका लागि केन्द्रीय कार्यसमितिले बनाई लागु गर्ने निर्देशिका वा कार्यविधि, यो नियमावली लागु भएको छ महिनाभित्र बनाई लागु गर्नेछ ।

६७. पार्टीको जिल्ला कार्यसमिति, प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति, प्रदेश सभा क्षेत्रीय कार्यसमिति, नगर कार्यसमिति, गाउँ कार्यसमिति, नगर वडा कार्यसमिति, गाउँ वडा कार्यसमिति र टोल कार्यसमितिको कार्यालय सम्बन्धित तहको सचिवको मातहतमा रहनेछ ।

६८. विधानको धारा ५८ बमोजिम पार्टीको तल्लो निकायको सभापति, उप-सभापति, सचिव, कोषाध्यक्ष र सह-सचिव माथिल्लो तहको कार्यसमितिमा उम्मेदवार भएमा निजको तल्लो पद स्वतः रिक्त हुनेछ भन्ने व्यवस्थाले केन्द्रीय महाधिवेशन प्रतिनिधि

र केन्द्रीय महासमिति सदस्यमा उम्मेदवार हुन वाधा पुऱ्याएको मानिने छैन ।

६९. विधानको धारा १२ (५) (क) (१) बमोजिम जिल्ला सभापतिको निर्वाचन गर्दा एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा विधानको धारा १५ (१) (क) बमोजिम जिल्ला अधिवेशनका प्रतिनिधिहरुले कम्तिमा दश वर्ष निरन्तर नेपाली कांग्रेसको क्रियाशील सदस्य भएको जिल्ला अधिवेशन प्रतिनिधिमध्येबाट जिल्ला सभापतिको निर्वाचन गर्नेछन् र यसरी निर्वाचित जिल्ला सभापति पदेन महाधिवेशन प्रतिनिधि हुनेछ ।

**७०. नियमावलीको व्याख्या, संशोधन तथा अनुसूचीमा थपघट :**

(१) यो नियमावलीको अन्तिम व्याख्या केन्द्रीय कार्यसमितिले गर्नेछ । तर यस नियमावलीको व्याख्या गर्दा व्याख्या सम्बन्धी सामान्य सिद्धान्तको आधारमा गरिनेछ ।

(२) केन्द्रीय कार्यसमितिले आवश्यकता अनुसार यो नियमावलीमा संशोधन, थपघट, निलम्बन वा खारेज तथा यस नियमावली बमोजिम अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

(३) यो नियमावली तथा यस नियमावलीको कुनै नियम वा व्यवस्थालाई केन्द्रीय कार्य समितिले निर्णय गरी निलम्बन गर्न, खारेज गर्न वा संशोधन गर्न सक्नेछ ।

७१. सबै तहका कार्यसमितिले आ-आफ्नो तहको अधिवेशन सम्पन्न भई नयाँ कार्यसमिति गठन भएको एक महिनाभित्र निवर्तमान कार्यसमितिले नवनिर्वाचित कार्यसमितिलाई आफु जिम्मा रहेका पार्टीका सबै सम्पत्ति र अभिलेख हस्तान्तरण गर्नु पर्नेछ ।

**७२. छापः**

विधानको धारा ४९ अनुसार पार्टीका विभिन्न निकायको छापको नमूना अनुसूची -२४ अनुसार हुनेछ ।

**७३. पार्टीको झण्डा र निर्वाचन चिन्ह :**

(१) **पार्टीको झण्डा :** माथि र तल रातो सिम्रीक रंगको पृष्ठभूमि (भुई) र बीचमा सेतो समान चौडाईको पृष्ठभूमि (भुई) को बीचमा रातो सिम्रीक रंगको पाँच कुने चारवटा तारा छड्के रहेको, चाहिएको जति लम्बाई चौडाईको चतुरभूज आकारको पार्टी स्थापनादेखि नै प्रयोगमा रहदै आएको निर्वाचन आयोगमा दर्ता रहेको अनुसूची -२५ अनुसारको चार तारे झण्डा नेपाली कांग्रेसको झण्डा हो ।

(२) **निर्वाचन चिन्ह :** विधानको धारा ४९ बमोजिम नेपाली कांग्रेसको निर्वाचन चिन्ह “रूख” अनुसूची -२६ बमोजिम हुनेछ ।

**७४. खारेजी र बचाउ :**

(१) विधानको धारा १४ (६) बमोजिम नेपाली जनसम्पर्क समितिको कार्यकाल तीन वर्षको हुनेछ । पार्टीको विधान र यो नियमावली लागु हुँदाका वखत कायम रहेका नेपाली जनसम्पर्क समितिको हकमा पदावधि सम्बन्धी यो व्यवस्था तत्काल लागु नभई, नेपाली जनसम्पर्क समितिको अधिवेशन पश्चात् मात्र लागु हुनेछ ।

(२) नेपाली कांग्रेसको नियमावली, २०६८ लाई खारेज गरिएको छ ।

(३) नेपाली कांग्रेसको नियमावली, २०६८ बमोजिम भए गरेको काम, कारवाहीहरू यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची

**'खण्ड क'**

| | | | |
|---|---|---|---|
| अनुसूची - | १ | नियम ३ (२) र ३ (३) संग सम्बन्धित | नेपाली कांग्रेसको सदस्यताको आवेदन/नवीकरण र सदस्यता |
| अनुसूची - | २ | नियम ४ (२) संग सम्बन्धित | नेपाली कांग्रेसको सदस्यताको दर्ता किताब |
| अनुसूची - | ३ | नियम ५ (१) संग सम्बन्धित | क्रियाशील सदस्यता प्राप्तिको लागि आवेदन फारम |
| अनुसूची - | ४ | नियम ५ (२) (ङ) संग सम्बन्धित | क्रियाशील सदस्यताको दर्ता किताब |
| अनुसूची - | ५ | नियम ५ (३) (ख) संग सम्बन्धित | विदेशस्थित नेपाली जनसम्पर्क समितिको लागि क्रियाशील सदस्यता प्राप्तिका लागि आवेदन फारम |
| अनुसूची - | ६ | नियम ५ (३) (ङ) संग सम्बन्धित | विदेशस्थित नेपाली जनसम्पर्क समितिको लागि क्रियाशील सदस्यता नवीकरण फारम |
| अनुसूची - | ७ | नियम ५ (२) (क) संग सम्बन्धित | क्रियाशील सदस्यताको प्रमाणपत्र |
| अनुसूची - | ८ | नियम ५ (३) (च) संग सम्बन्धित | विदेशस्थित नेपाली जनसम्पर्क समितिको लागि क्रियाशील सदस्यताको प्रमाणपत्र |
| अनुसूची - | ९ | नियम ५ (२) (क) संग सम्बन्धित | क्रियाशील सदस्यताको लोगो |
| अनुसूची - | १० | नियम ५ (२) (क) संग सम्बन्धित | क्रियाशील सदस्यले कार्यसम्पादन गरेको विवरण राख्ने डायरी |

| | | | |
|---|---|---|---|
| अनुसूची - | ११ | नियम ५ (२) (घ) संग सम्बन्धित | क्रियाशील सदस्यता नवीकरण फारम |
| अनुसूची - | १२ | नियम ५ (२) (ङ) संग सम्बन्धित | क्रियाशील सदस्यता नवीकरण दर्ता किताब |
| अनुसूची - | १३ (क), १३ (ख), १३ (ग), १३ (घ) | नियम ५ (२) (झ) संग सम्बन्धित | क्रियाशील सदस्यता सम्बन्धमा उजुरी र पुनरावेदन |
| अनुसूची - | १४ | नियम ५ (२) (च) संग सम्बन्धित | क्रियाशील सदस्यता स्थानान्तरणका लागि निवेदन |
| अनुसूची - | १५ | नियम २५ (१) संग सम्बन्धित | क्रियाशील सदस्यता स्थानान्तरण गरेको जनाउ पत्र |
| अनुसूची - | १६ (क), १६ (ख) | नियम ५ (३) (ग) संग सम्बन्धित | विदेशस्थित नेपाली जनसम्पर्क समितिका लागि क्रियाशील सदस्यता स्थानान्तरणको निवेदन |
| अनुसूची - | १७ (क) | नियम ३६ (३) (क) संग सम्बन्धित | भ्रातृ संघलाई दिइने मान्यतापत्र |
| | १७ (ख) | नियम ३७ (१) संग सम्बन्धित | शुभेच्छुक संस्थालाई दिइने मान्यतापत्र |
| अनुसूची - | १८ | नियम ३६ (३) (ख) संग सम्बन्धित | पार्टीबाट मान्यताप्राप्त भ्रातृ संघ |
| अनुसूची - | १९ | नियम ३७ (२) संग सम्बन्धित | पार्टीबाट मान्यताप्राप्त शुभेच्छुक संस्था |
| अनुसूची - | २० | नियम २१ (११) संग सम्बन्धित | पार्टीबाट मान्यताप्राप्त विदेशस्थित जनसम्पर्क समिति |
| अनुसुची - | २१ | नियम २१ (२) संग सम्बन्धित | विदेशस्थित नेपाली जनसम्पर्क समितिलाई दिइने मान्यतापत्र |
| अनुसूची - | २२ | नियम ३७ (३) संग सम्बन्धित | शुभेच्छुक संस्था वार्षिक नवीकरण फारम |
| अनुसूची - | २३ | नियम ५९ संग सम्बन्धित | विधान संशोधन प्रस्तावको ढाँचा |
| अनुसूची - | २४ | नियम ७२ संग सम्बन्धित | पार्टीको छाप |
| अनुसूची - | २५ | नियम ७३ (१) संग सम्बन्धित | पार्टीको झण्डा |
| अनुसूची - | २६ | नियम ७३ (२) संग सम्बन्धित | पार्टीको निर्वाचन चिन्ह “रुख” |

## अनुसूची– १

### नेपाली कांग्रेसको सदस्यताको आवेदन/नवीकरण र सदस्यता

(नियम ३ (२) र ३(३) सँग सम्बन्धित)

नेपाली कांग्रेस
केन्द्रीय कार्यालय

**विधानको धारा ४(१) अनुसार नेपाली कांग्रेसको**

**सदस्यताका लागि आवेदन**

**आवेदन नं.**

**नाम :** ..........................................................................................

**जन्म मिति :** ............................

**ठेगाना : प्रदेश** .................................. जिल्ला ..................प्रतिनिधिसभा क्षेत्र नं......... प्रदेशसभा क्षेत्र नं. ............

गा.पा./न.पा. ..............................वडा नं. ...... टोल ................

**पेशा/व्यावसाय** ...................................सम्पर्क नं. ................

**इमेल :**

म पूर्ण निष्ठा र इमान्दारीसाथ राष्ट्रियता, लोकतन्त्र र समाजवादको आदर्श, सिद्धान्त एवं उद्देश्यमा आस्था राख्दै पार्टीको विधान र अनुशासन पालना गर्ने प्रतिबद्धतासाथ शुल्क रु. २० (बीस) बुझाई नेपाली कांग्रेसको सदस्यता प्राप्ती /नवीकरणका लागि आवेदन गर्दछु ।

............................ .......................................

आवेदकको हस्ताक्षर — सदस्यता प्रदान गर्ने अधिकारीको हस्ताक्षर

मिति : ........................ नाम : ............................

पद : ........

---

नेपाली कांग्रेस
केन्द्रीय कार्यालय

**नेपाली कांग्रेसको सदस्यता**

सदस्यता नं. मिति : ......

नाम : ..........................................................................................

जन्म मिति : ............................

ठेगाना : प्रदेश........................जिल्ला ........................प्रतिनिधिसभा क्षेत्र नं......... प्रदेशसभा क्षेत्र नं. .....गा.पा./न.पा. .....................वडा नं. ...... टोल ......................पेशा/व्यवसाय ............................................

तपाईले पूर्ण निष्ठा र इमान्दारीसाथ नेपाली कांग्रेसको आदर्श, सिद्धान्त एवं उद्देश्यमा आस्था राख्दै पार्टीको विधान र अनुशासनको पालना गरी काम गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएकोले विधानको धारा ४(१) बमोजिम नेपाली कांग्रेसको सदस्यता प्रदान/नवीकरण गरिएको छ ।

............................

सदस्यता प्रदान गर्ने अधिकारीको हस्ताक्षर

नाम : ...........................................

पद : ..............................

......................

केन्द्रीय सभापति

## अनुसूची -२

(नियम ४ (२) संग सम्बन्धित)

**नेपाली कांग्रेसको सदस्यताको दर्ता किताब**

.................................................................... कार्यसमिति

..................................................................................

..................................................................................

..................................................................................

| क्र. स. | सदस्यता नं. | नेपाली कांग्रेसको सदस्यको पूरा नाम, थर | सदस्यता लिएको मिति | सदस्यता प्रदान गर्ने निकाय/अधिकारी | वावु/पति/पत्नीको नाम, थर | सदस्यको पूरा ठेगाना | उमेर | पेशा | लिङ्ग | मोवाईल नं. | इमेल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |

दर्ता किताब प्रमाणित गर्ने अधिकारीको

नाम :

पद : दस्तखत :

मिति :

अनुसूची– ३

(नियम ५ (१) संग सम्बन्धित)

**नेपाली कांग्रेस**

**क्रियाशील सदस्यता प्राप्तिका लागि आवेदन फारम**

फोटो

क्रम संख्या :

१. म ......................... पूर्ण निष्ठा र इमान्दारीपूर्वक राष्ट्रियता, लोकतन्त्र र समाजवादको आदर्श एवं सिद्धान्त अनुरूप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणालीको माध्यमबाट प्रत्येक नागरिकका राजनीतिक, आर्थिक, सामाजिक, भाषिक तथा सांस्कृतिक एवं धार्मिक अधिकार र वैयक्तिक स्वतन्त्रताको प्रत्याभूति गर्दै, नागरिकको सुरक्षा, संरक्षण र समान अवसर उपलब्ध गराउन, न्यायपूर्ण, समतामूलक, गतिशील र शान्तिपूर्ण लोकतान्त्रिक समाज निर्माण गरी सम्पन्न नागरिक र समुन्नत राष्ट्र निर्माण गर्दै राजनीतिक, सामाजिक तथा आर्थिक विकासको लक्ष्य पूरा गर्ने र विश्वशान्ति एवं भ्रातृत्व कायम गर्दै विश्वसामु नेपाललाई अखण्ड, सम्पन्न र स्वाभिमानी राष्ट्रका रूपमा परिचित गराउने पुनीत उद्देश्यले पार्टीको विधान र अनुशासन पालना गर्ने प्रतिवद्धता साथ रू. ३००।- (तीन सय) शुल्क यसैसाथ राखी क्रियाशील सदस्यता पाउन निम्न विवरण खोली निवेदन गर्दछु । पार्टीको विधान र नियमावली बमोजिम पार्टी सदस्यताका लागि अयोग्य हुने कुनै अवस्था नरहेको विषयमा पनि जानकारी गराउँदछु ।

मिति : ................................... .........................

निवेदकको सही

२. व्यक्तिगत विवरण :

२.१ नाम, थर : .........................................................................

२.२ नागरिकता प्राप्त जिल्ला : ......................... नागरिकता नं. .............

२.३ बाबु/आमाको नाम, थर : ................. पति/पत्नीको नाम, थर :

२.४ ठेगाना : प्रदेश ......जिल्ला : ...........प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. ... प्रदेश सभा निर्वाचन क्षेत्र नं. ... गा.पा./न.पा. ......वडा नं...... टोल : ......सम्पर्क नं. ......... इमेल : ........ मतदाता क्र.स. नं. ...........

२.५ जन्म मिति : ...... साल......महिना.....गते, लिङ्ग ............, जात ........., धर्म ............, भाषा ........................, पेशा/व्यवसाय ................

२.६ परिवार सदस्य संख्या : ..............., मतदाता संख्या ...........................,

२.७ शैक्षिक योग्यता : ......................विशेषज्ञता ..............................

३. आर्थिक स्थितिको विवरण : ..........................................................

४. राजनीतिक विवरण :

४.१ नेपाली कांग्रेसको सदस्यता प्राप्त गरेको मिति ..................................

४.२ भ्रातृ संघ वा शुभेच्छुक संस्थाको सदस्यता प्राप्त गरेको मिति ..................

४.३ नेपाली कांग्रेसको राजनीतिक अभियानमा संलग्न रहेको कारणले भोगेको यातना, जेल र निर्वासन आदिको विवरण : ..........................................

४.४ विकास निर्माण र सामाजिक तथा रचनात्मक काममा संलग्न रहेको विवरण : ..............................................................................................

४.५ संघीय संसद, प्रदेश सभा र स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवारलाई विजय गराउन निर्वाह गरेको भूमिका : ...........................

४.६ नेपाली कांग्रेसमा विलय भएको पार्टीको सदस्य भए त्यसको विवरण :

४.७ अन्य पार्टीबाट नेपाली कांग्रेसमा प्रवेश गरेको भए :
पार्टीको नाम : ........................ साविक पद वा जिम्मेवारी : ....................
राजनीतिमा संलग्न भएको मिति : ......... विशेष योगदान वा भूमिका .........

४.८ पार्टीको विभिन्न तहका कार्यक्रममा सहभागी भएको विवरण : ..................

४.९ पार्टीलाई सक्षम, सबल र सुदृढ संगठन बनाउन अन्य उल्लेखनीय योगदानको विवरण : ..............................................................................

५. श्री सभापति
.............. गा.पा. ⁄ न.पा. कार्यसमिति ।

उपरोक्त विवरण ठिक साचो हो । आवेदक श्री .............................. नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्राप्त गर्न योग्य भएको हुँदा यस गा.पा. ⁄ न.पा. वडा कार्यसमितिको मिति .................. को बैठकको निर्णय अनुसार क्रियाशील सदस्यता प्रदान गर्न प्रस्ताव गर्दछु ।

मिति : ....................... ....................
सभापति
कार्यालयको छाप ................गा.पा. ⁄ न.पा. वडा कार्यसमिति
वडा नं. .........

६. श्री सभापति
प्रदेश सभा क्षेत्रीय कार्यसमिति क्षेत्र नं. ..........
प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. ..............
................... जिल्ला ।

आवेदक श्री ................. नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्राप्त गर्न योग्य भएको हुँदा यस गा.पा. ⁄ न.पा. कार्यसमितिको मिति .................. को बैठकको निर्णय अनुसार नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्रदान गर्न सिफारिस गर्दछु ।

मिति : ....................... ....................
सभापति
कार्यालयको छाप ................गा.पा. ⁄ न.पा. कार्यसमिति

७. श्री सभापति
प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति
क्षेत्र नं. ...................
........... जिल्ला ।

आवेदक श्री ......................... नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्राप्त गर्न योग्य भएको हुदा यस प्रदेश सभा क्षेत्रीय कार्यसमितिको मिति ................ को बैठकको निर्णय अनुसार नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्रदान गर्न सिफारिस गर्दछु ।

मिति : .......................

....................
सभापति
प्रदेश सभा क्षेत्रीय कार्यसमिति क्षेत्र नं. ....
प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. ......
जिल्ला ..........................

कार्यालयको छाप

८. आवेदक श्री ........................... लाई नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्रदान गर्न विधान बमोजिम मातहतका निकायबाट सिफारिस भई आएको हुँदा यस कार्यसमितिको मिति ............ को बैठकले नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्रदान गर्न योग्य ठहराई निजलाई नेपाली कांग्रेसको विधानको धारा ४ (५) (घ) बमोजिम नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्रदान गर्ने निर्णय गरेको छ ।

मिति : .......................

....................
सभापति
प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति, क्षेत्र नं. ......
जिल्ला ..........................

कार्यालयको छाप

---

श्री ......................................... लाई नेपाली कांग्रेसको विधान २०१७ (संशोधन सहित) को धारा २५(१५)/धारा २७ (११) अनुसार क्रियाशील सदस्यता दिन उपयुक्त देखिएकोले स्वीकृति प्रदान गरिन्छ ।

मिति : .......................

....................
सभापति
केन्द्रीय कार्यसमिति

केन्द्रीय कार्यालयको छाप

....................
महामन्त्री
केन्द्रीय कार्यसमिति

---

यो आवेदन फारम पेश गर्दा नेपाली कांग्रेसको सदस्यताको प्रमाणपत्रको प्रतिलिपि/सदस्यता नं. र एक प्रति अटो साइजको फोटो संलग्न गर्नु पर्नेछ ।

## क्रियाशील सदस्यको प्रतिवद्धता

१. नेपालको जिम्मेवार नागरिकका रूपमा रहनेछु ।

२. सबै व्यक्तिको मर्यादालाई सम्मान गर्नेछु ।

३. पार्टी विधान, नियमावलीले तोकेको पार्टीको अनुशासन र आचारसंहिताको पूर्णरूपमा पालना गर्नेछु ।

४. पार्टी विधान अन्तर्गतका निकाय वा अधिकारीले गरेको निर्णय वा निर्देशनको पालना गर्नेछु ।

५. आफ्नो जिम्मेवारीमा रहेका पार्टीको सामाग्रीलाई पूर्ण संरक्षण गर्नेछु र पार्टीको गोपनियता कायम राख्नेछु ।

६. पार्टीको प्रतिष्ठालाई हानी पुग्ने गरी सार्वजनिक स्थलमा पार्टीको आन्तरिक विवादको विषयमा चर्चा वा छलफल गर्ने छैन ।

७. सार्वजनिक वा सरकारी वा पार्टीको चल अचल समेतका कुनै पनि सम्पत्ति दुरुपयोग गर्ने छैन ।

८. देशको संविधान, कानुनको पालना गर्नेछु । नियम कानुन विपरित एवं अनुचित ढंगले आर्थिक लाभ हुने काम गर्ने छैन ।

९. कसैको चरित्र हत्या हुने र मर्यादा प्रतिकूल हुने अभिव्यक्ति प्रकट गर्ने छैन ।

१०. पार्टी र पार्टीको आधिकारिक उम्मेदवारको सफलताकालागि दत्तचित्त भई आफ्नो क्षेत्रबाट प्रयत्नशील रहनेछु र पार्टीको उम्मेदवार वाहेक अन्य उम्मेदवारलाई फाइदा हुने क्रियाकलाप गर्ने छैन ।

११. पार्टीले सुम्पेको काम, पार्टीको आदर्श, सिद्धान्त, नीतिलाई टेवा पुग्ने अन्य काम आफ्नो क्षमता र हैसियत अनुसार इमान्दारीपूर्वक निरन्तर गर्नेछु ।

१२. पार्टीको सिद्धान्त, नीति, कार्यक्रम र स्थानीय आवश्यकता अनुकूल हुने गरी स्थानीय तहका निर्वाचित निकायलाई सहयोग पुर्‍याउनेछु ।

१३. पार्टीका विरुद्ध लगाइने झुट्टा आरोपहरुका विरुद्ध सार्वजनिक रूपमा शान्तिपूर्ण एवं प्रभावकारी ढंगले प्रतिवाद गर्नेछु ।

१४. आफ्नो प्रदेश, जिल्ला, क्षेत्र, नगर, गाउँ, वडा र टोलमा पार्टीद्वारा आयोजित कार्यक्रम, सामाजिक सचेतना र जागरण वढाउने तथा सेवामूलक कार्यक्रमहरुमा सक्रियताकासाथ सहभागी हुनेछु ।

१५. समय समयमा पार्टीद्वारा निर्धारित सहयोग शुल्क (लेवी रकम) नियमित रूपमा सम्बन्धित पार्टी निकायमा बुझाउनेछु ।

१६. महिला, बालबालिका, जेष्ठ नागरिक, किसान, मजदूर, अपाङ्गता भएका व्यक्ति एवं आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक दृष्टिले पछाडि परेका वर्ग तथा समुदायको हकहितको संरक्षणमा निरन्तर क्रियाशील रहनेछु ।

१७. जातका आधारमा भेदभाव र छुवाछूत गर्नु भनेको सामाजिक रूपमा निन्दनीय कार्य र कानुनी रूपमा दण्डनीय अपराध भएकोले कुनै पनि तरिकाबाट त्यस प्रकारको विभेदयुक्त कार्य गर्ने छैन । साथै जातीय भेदभाव, छुवाछूत र सामाजिक कुरीति जस्ता विकृति हटाउन निरन्तर क्रियाशील रहनेछु ।

१८. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, अपराध, यातना, लैङ्गिक विभेद, वोक्सी र छाउपडी लगायतका सामाजिक कुरीति र अन्धविश्वासमा संलग्न हुने छैन र यस्ता कार्य विरुद्ध जनचेतना फैलाउने कार्यमा निरन्तर सक्रीय रहनेछु ।

१९. चाडपर्व, विवाह, व्रतवन्ध जस्ता सामाजिक व्यवहार निर्वाह गर्दा तडकभडक एवं फजुल खर्च गर्ने छैन र त्यस्ता कार्यलाई निरुत्साहित गर्ने अभियानमा लाग्नेछु ।

२०. सामाजिक विभेद तथा जातीय सद्भावमा खलल पुऱ्याउने कार्यका विरुद्ध निरन्तर जागरुक भई लाग्नेछु ।

जय नेपाल !

मिति : ......................

कार्यालयको छाप

....................
सदस्य बन्नेको हस्ताक्षर
नाम, थर :
क्रियाशील सदस्यता आवेदन फारम नं. ...............
ठेगाना : ........................... टोल, ........
गाउँ/नगर/उपमहानगर/महानगरपालिका वडा,
.........गाउँ/नगर/उपमहानगर/महानगरपालिका,
............. नं प्रदेश सभा क्षेत्र, ............. नं.
प्रतिनिधि सभा क्षेत्र, ..................... जिल्ला,
....................... प्रदेश, नेपाल ।

अनुसूची -४

(नियम ५ (२) (ङ) संग सम्बन्धित)

**क्रियाशील सदस्यताको दर्ता किताब**

.............................................................................. कार्यसमिति

..............................................................................

..............................................................................

..............................................................................

| क्र. स. | क्रियाशील सदस्यता नं. | क्रियाशील सदस्यको पूरा नाम, थर | वावु/पति/पत्नीको नाम, थर | क्रियाशील सदस्यको पूरा ठेगाना | क्रियाशील सदस्यता प्राप्त गरेको मिति | क्रियाशील सदस्यता स्वीकृत गर्ने निकाय/अधिकारी | उमेर | पेशा | लिङ्ग | मोवाईल नं. | इमेल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |

दर्ता किताब प्रमाणित गर्ने अधिकारीको

नाम :

पद : दस्तखत :

मिति :

फोटो

अनुसूची -५

(नियम ५ (३) (ख) संग सम्बन्धित)

**नेपाली कांग्रेस**

**क्रियाशील सदस्यता प्राप्तिका लागि आवेदन फारम**

**विदेशस्थित नेपाली जनसम्पर्क समितिको लागि**

क्रम संख्या :

१. म .......................................... पूर्ण निष्ठा र इमान्दारीपूर्वक राष्ट्रियता, लोकतन्त्र र समाजवादको आदर्श एवं सिद्धान्त अनुरूप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणालीको माध्यमबाट प्रत्येक नागरिकका राजनीतिक, आर्थिक, सामाजिक, भाषिक तथा सांस्कृतिक एवं धार्मिक अधिकार र वैयक्तिक स्वतन्त्रताको प्रत्याभूति गर्दै, नागरिकको सुरक्षा, संरक्षण र समान अवसर उपलब्ध गराउन, न्यायपूर्ण, समतामूलक, गतिशील र शान्तिपूर्ण लोकतान्त्रिक समाज निर्माण गरी सम्पन्न नागरिक र समुन्नत राष्ट्र निर्माण गर्दै राजनीतिक, सामाजिक तथा आर्थिक विकासको लक्ष्य पूरा गर्ने र विश्वशान्ति एवं भ्रातृत्व कायम गर्दै विश्वसामु नेपाललाई अखण्ड, सम्पन्न र स्वाभिमानी राष्ट्रका रूपमा परिचित गराउने पुनीत उद्देश्यले पार्टीको विधान र अनुशासन पालना गर्न मञ्जुर भई तोकिए बमोजिमको शुल्क यसैसाथ राखी क्रियाशील सदस्यता पाउन निम्न विवरण खोली निवेदन गर्दछु । पार्टीको विधान र नियमावली बमोजिम पार्टी सदस्यताका लागि अयोग्य हुने कुनै अवस्था नरहेको विषयमा पनि जानकारी गराउँदछु ।

मिति : ..................

......................
निवेदकको सही

२. व्यक्तिगत विवरण :

२.१ पूरा नाम, थर : ..........................................................................

२.२ बाबु/आमा/पति/पत्नीको नाम, थर : ................................................

२.३ नेपालको ठेगाना : प्रदेश :.............................जिल्ला : .......................
प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. : ......... प्रदेश सभा निर्वाचन क्षेत्र नं. ......गा.पा./न.पा.: .........................वडा नं. ......टोल : .....................नेपाली राहदानी नं.: ........... मतदाता क्रम संख्या नं. : ............. नेपाली नागरिकता नं. :............ नागरिकता जारी गर्ने जिल्ला :......................... टेलिफोन नं. ..............मोवाइल नं. ....................
इमेल : ..................

२.४ उमेर ........वर्ष, लिङ्ग ..................., जात ......................, धर्म ..............., भाषा ............................., पेशा ..................................

२.५ परिवार संख्या : बाबु, आमा/श्रीमती ........ छोरा ...... छोरी ..... अन्य ......
२.६ शैक्षिक योग्यता : ..........................................................................
२.७ हाल बसेको देशको नाम : ...................... पूरा ठेगाना :....................... .................. उक्त देशमा बसेको अवधि : ............देखि हालसम्म, सम्पर्क नं. :..................... बसाइको वैधानिक अवस्था .................................. ..............................................................

३. आर्थिक स्थितिको विवरण (घर, जमीन कुन कुन जिल्लामा छ ? (पेशा र आर्थिक आय समेत)

..........................................................................................

..........................................................................................

४. राजनीतिक विवरण :

४.१ नेपाली कांग्रेसको सदस्य बनेको मिति ..........................................
४.२ भ्रातृसंस्था वा शुभेच्छुक संस्थाको सदस्य बनेको मिति ............................
४.३ नेपाली कांग्रेसको राजनीतिक अभियानमा संलग्न रहेको कारणले भोगेको यातना, जेल र निर्वासन आदिको विवरण : ..........................................

..........................................................................................

..........................................................................................

४.४ विकास निर्माण र सामाजिक तथा रचनात्मक काममा संलग्न रहेको विवरण :

..........................................................................................

..........................................................................................

४.५ संसद् वा स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवारलाई विजय गराउन सक्रिय रहेको विवरण : ......................................................

..........................................................................................

४.६ अन्य पार्टीबाट नेपाली कांग्रेसमा प्रवेश गरेको भए :
पार्टीको नाम : ................................. साविक पद वा जिम्मेवारी :
